# स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा

## Local Disaster Risk and Climate Resilience Framework (LDCRF)

२०८२




चन्द्रागिरि नगरपालिका
नगरपालिकाको कार्यालय
बलम्बु, काठमाण्डौं, बागमती प्रदेश, नेपाल

निर्माण निर्देशिका : स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका-२०६८

Local Disaster Risk Management Plan Guideline (LDRMP-2068)

स्थानीय विपद् तथा जलवायु उत्थानशीलयोजना तर्जुमा निर्देशिका, मस्यौदा-२०७४

Local Disaster and Climate Resilience Planning Guidelines (LDCRP -2074)

स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा-२०८१

Local Disaster and Climate Resilience Framework (LDCRF)

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

Disaster Preparedness and Response Plan (DPRP)

स्थानीय अनुकूलन कार्य योजना

Local Adaptation Plan of Action (LAPA)

**दस्तावेज :** स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा २०८२ चन्द्रागिरि नगरपालिका, नगरपालिकाको कार्यालय, बलम्बु, काठमाण्डौं, बागमती प्रदेश, नेपाल

**सर्वाधिकार :** चन्द्रागिरि नगरपालिका, नगरपालिकाको कार्यालय, बलम्बु, काठमाण्डौं, बागमती प्रदेश, नेपाल

**प्राविधिक सहयोग** : नेपाल क्रियटिभ हाउस र GIS नक्सामा सहयोग JICA REKV परियोजना समूह

**तयारी तथा प्रकाशनका लागि आर्थिक तथा प्राविधिक सहयोग :** चन्द्रागिरि नगरपालिका, नगरपालिकाको कार्यालय, बलम्बु, काठमाण्डौं, बागमती प्रदेश, नेपाल **र** नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति तथा वडा स्तरीय विपद् व्यवस्थापन समितिसँगको सहकार्य साथै चन्द्रागिरि नगरपालिकाको आर्थिक सहयोगमा तयार गरिएको हो ।

## नगरप्रमुखको सन्देश

नेपाल बाढी, पहिरो, भूकम्प, आगलागी, महामारी, हावाहुरी, चट्याङ, असिना, खडेरी, हिमताल विस्फोट तथा हिम पहिरो जस्ता प्रकोपको उच्च जोखिममा रहेको छ । साथै जलवायु परिवर्तनका कारण पर्ने प्रतिकूल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको विद्यमान तथ्याङ्कले देखाएको छ । बागमती प्रदेश अन्तर्गत काठमाडौं जिल्लामा अवस्थित १५ वटा वडा रहेको चन्द्रागिरि नगरपालिका विशेष गरी भूकम्प, पहिरो, बाढी, कटान, डुबान, सडक दुर्घटना, विद्युतीय दुर्घटना, वन्यजन्तु प्रभाव, हावाहुरी, आगलागी, चट्याङ, महामारी, विषादी र असिना जस्ता प्रकोपको उच्च जोखिममा रहेको छ। विपद् व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउने उद्देश्यका साथ नगरपालिकामा नगर स्तरीय विपद् व्यवस्थापन समिति, वडा स्तरीय विपद् व्यवस्थापन समिति, वडास्तरीय स्वयंसेवक समुहहरू समेत गठन गरी विपद् जोखिम न्यूनीकरणका प्रयासहरू भइरहेका छन् ।

चन्द्रागिरि नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्य ढाँचा तर्जुमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, विपद् तथा जलवायु परिवर्तन सम्बन्धी व्यवस्थाहरूको कार्यान्वयन गर्न विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५, राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६, वातावरण संरक्षण ऐन २०७६, राष्ट्रिय अनुकूलन योजना (सन् २०२१-२०५०), विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्य योजना (सन् २०१८-२०३०), १६ औं आवधिक योजना (आ.व. २०८१/०८२- २०८५/०८६) विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा निर्देशिका २०७६, स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७४, स्थानीय अनुकूलन कार्य योजना खाका २०७६, दोस्रो राष्ट्रिय निर्धारित योगदान सन् २०२० (Second Nationllay Determined Contribution-NDC),( Nationally Determined Contribution (NDC) 3.0, 14 May 2025) लगायतका कानुनी तथा नीतिगत व्यवस्था रहेका छन् ।

स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्य ढाँचा तर्जुमा २०८१ अनुरूप सबै वडामा वडा स्तरीय सङ्कटासन्नता तथा क्षमता विश्लेषण पश्चात् तर्जुमा भएको छ । यस योजनाको कार्यान्वयन, नगरपालिकाले पहिचान गरेको जोखिम न्यूनीकरणका लागि नगरपालिकाका सम्बन्धित समिति अन्तर्गत बन्ने वार्षिक तथा आवधिक योजनामा मूल प्रवाहीकरणका माध्यमबाट अगाडि बढाउनुका साथै छिमेकी नगरपालिकाहरू, जिल्लास्थित विषयगत कार्यालयहरू, प्रदेश सरकार, सङ्घीय सरकार, विकास साझेदारहरूबाट सहयोग प्राप्त हुने अपेक्षा राखेको छु । सबै साझेदार निकायलाई विकासका परियोजनाहरू सञ्चालन गर्दा विकासका विषयगत क्षेत्रमा विपद् जोखिम व्यवस्थापनका विषयहरूलाई मूल प्रवाहीकरण गरिदिनुहुन आग्रह समेत गर्दछु ।

यस योजना तर्जुमाका लागि वडा स्तरीय भेला तथा छलफलमा तथा प्राविधिक सहयोग गर्ने संस्थाहरू, वडा भेलाबाट तथ्याङ्क अद्यावधिक गरी नगर स्तरीय विपद् पार्श्वचित्र तयारी र योजना लेखन कार्यमा सहयोग गर्ने प्राविधिक तथा विज्ञहरू र नगरपालिकाका तर्फबाट महत्वपूर्ण भूमिका निर्वाह गर्ने विपद् व्यवस्थापन फोकल पर्सन तथा सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै, क्षेत्रगत विकास योजना निर्माण प्रक्रियामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई मूल प्रवाहीकरण गरी उत्थानशील नगर विकास प्रवर्द्धनका लागि चन्द्रागिरि नगरपालिकाको नेतृत्वमा तर्जुमा भएको यो योजना निर्माणमा सक्रिय हुनुभएका वडा तथा नगर स्तरीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद समिति, बौद्धिक समुदाय, सुरक्षा निकाय, राजनैतिक दल तथा सरोकारवाला निकायहरूप्रति कृतज्ञता ज्ञापन गर्दछु । अन्त्यमा, यहाँहरू सबैको साथ र सहयोगले चन्द्रागिरि नगरपालिकालाई जलवायुमैत्री र विपद् उत्थानशील नगरपालिकाका रूपमा विकास गर्न सहयोग पुग्ने भएकाले निरन्तर सहयोगको अपेक्षा गर्दछु । धन्यवाद !

घनश्याम गिरी
नगर प्रमुख

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं. :
च.नं. :

## उप-प्रमुखको सन्देश

नेपाल विभिन्न प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपहरूको उच्च जोखिममा रहेको यथार्थ हामी सबैलाई अवगत नै छ। जलवायु परिवर्तनले थपेको चुनौतीले यो जोखिमलाई थप बढाएको छ। यसै सन्दर्भमा, बाग्मती प्रदेशको चन्द्रागिरि नगरपालिका पनि भूकम्प, पहिरो, बाढी, आगलागी, सडक दुर्घटना, महामारी जस्ता बहु प्रकोपको जोखिमबाट अछुतो छैन। यस्ता विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्नु हाम्रो साझा दायित्व हो र यसैलाई आत्मसात् गर्दै नगरपालिकामा नगर तथा वडा स्तरीय विपद् व्यवस्थापन समितिहरू क्रियाशील रहेका छन्।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, तथा प्रचलित कानुनहरूले निर्दिष्ट गरेको दायित्व बमोजिम, चन्द्रागिरि नगरपालिकाले यो स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्य ढाँचा तयार पारेको छ। प्रत्येक वडामा सङ्कटासन्नता तथा क्षमता विश्लेषण गरी सरोकारवालाहरूको बृहत् सहभागितामा यो योजना निर्माण गरिएको हो। यस योजनाको सफल कार्यान्वयनका लागि नगरपालिकाको वार्षिक तथा आवधिक योजनामा विपद्का सवाललाई मूल प्रवाहीकरण गर्दै अघि बढ्ने हाम्रो प्रतिबद्धता छ। साथै, यसका लागि छिमेकी पालिकाहरू, प्रदेश तथा सङ्घीय सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू र सम्पूर्ण विकास साझेदारहरूसँग सहकार्य र समन्वयको अपेक्षा गरेका छौं।

यस महत्वपूर्ण योजना तर्जुमाका लागि नगर प्रमुखज्यूको सक्षम नेतृत्वमा रहेर काम गर्न पाउँदा खुसी लागेको छ। योजना निर्माणका क्रममा वडा स्तरीय छलफलमा सहयोग गर्नुहुने सबै साझेदार संस्थाहरू, प्राविधिक विज्ञहरू, नगरपालिकाका कर्मचारीहरू, र विशेष गरी नगरवासी तथा सरोकारवालाहरूको सक्रिय सहभागिताप्रति हार्दिक आभार व्यक्त गर्दछु।

अन्त्यमा, हामी सबैको साझा प्रयासबाट मात्र चन्द्रागिरिलाई एक सुरक्षित र विपद् उत्थानशील नगरको रूपमा स्थापित गर्न सकिन्छ। यसका लागि सबै राजनीतिक दल, नगरस्तरीय विपद व्यवस्थापन समिति, वातावरण तथा विपद समिति एवं वडा स्तरीय विपद् व्यवस्थापन समितिहरू र नगरवासीबाट प्राप्त निरन्तर सहयोग र ऐक्यबद्धताप्रति विश्वस्त छु।

धन्यवाद !

बसन्ती श्रेष्ठ
उप-प्रमुख
चन्द्रागिरि नगरपालिका

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं. :
च.नं. :

## भनाई

नेपालको भौगोलिक अवस्थिति र जलवायु परिवर्तनको असरका कारण देश विभिन्न बहु प्रकोपको जोखिममा छ । तसर्थ काठमाडौं जिल्लामा अवस्थित चन्द्रागिरि नगरपालिका पनि भूकम्प, पहिरो, बाढी, आगलागी लगायतका बहु प्रकोपको उच्च जोखिममा रहेको छ । विपद् एक संवेदनशील विषय हो र यसलाई व्यस्थित बनाउनु स्थानीय सरकारको प्रमुख कर्तव्य हो । यसै अनुरूप नगरपालिकामा विपद् जोखिम न्यूनीकरणका लागि संस्थागत संरचनाहरू प्रवन्ध गरी कार्यहरू अगाडि बढाइएको छ ।

नेपालको संविधानले स्थानीय तहको एकल अधिकार तथा संघ, प्रदेश, स्थानीय तहको साझा अधिकारको रुपमा विपद व्यवस्थापनलाई सुचिकृत गरेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, बमोजिम विपद् व्यवस्थापनलाई स्थानीय तहको अधिकार लगायतका कानुनी प्रावधानहरूको आधारमा यो स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्य ढाँचा तर्जुमा गरिएको छ। नगर प्रमुखज्यूको अध्यक्षतामा रहेको नगर विपद् व्यवस्थापन समितिको निर्देशन र सम्पूर्ण जनप्रतिनिधिहरूको सक्रियतामा वडा स्तरबाटै विश्लेषण गरी यो योजना तयार पारिएको छ । यस योजनाको सफल कार्यान्वयनका लागि आवश्यक पर्ने प्रशासनिक तथा व्यवस्थापकीय सहजीकरण गर्न नगर कार्यपालिकाको कार्यालय पूर्ण रूपमा प्रतिबद्ध छ । योजना कार्यान्वयनका लागि आवश्यक सहयोग उपलब्ध गराउनुहुने सबै सरकारी, गैरसरकारी तथा विकास साझेदार निकायहरूसँग प्रभावकारी समन्वय गरिनेछ ।

यो योजना तर्जुमा गर्ने कार्यलाई सफल पार्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने नगर प्रमुखज्यू, उपप्रमुखज्यू लगायत सम्पूर्ण जनप्रतिनिधिहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै, यस कार्यमा अहोरात्र खट्नुहुने नगरपालिकाका विपद् व्यवस्थापन फोकल पर्सन लगायत सम्पूर्ण कर्मचारी साथीहरू, प्राविधिक सहयोग उपलब्ध गराउनुहुने विज्ञहरू तथा साझेदार संस्थाहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, नगर कार्यपालिकाबाट स्वीकृत यस योजनालाई सफलतापूर्वक कार्यान्वयन गरी चन्द्रागिरि नगरपालिकालाई विपद् उत्थानशील र सुरक्षित नगर बनाउने अभियानमा कार्यालयको तर्फबाट पूर्ण प्रतिबद्धता व्यक्त गर्दछु । यसका लागि सबैको निरन्तर साथ, सहयोग र समन्वयको अपेक्षा गर्दछु ।

धन्यवाद !

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकीय अधिकृत

२०८२ आषाढ

# विषय सूची


नगरप्रमुखको सन्देश
उप-प्रमुखको सन्देश
प्रमुख प्रशासकीय अधिकृतको सन्देश
सङ्क्षिप्त शब्दसूची
विपद् जोखिम न्यूनिकरणसम्बन्धि शब्दावली

**परिच्छेद-१: परिचय**

१.१ पृष्ठभूमि.....१–२
१.२ विद्यमान नीतिगत र कानूनी व्यवस्था.....३
१.३ कार्य ढाँचाको उद्देश्य .....४
१.४ कार्य ढाँचा तर्जुमा प्रक्रिया.....५–६

**परिच्छेद-२: विपद् र जोखिमको बुझाइ**

२.१ नगरपालिकाको विवरण.....७–८
२.१.१ भौगोलिक अवस्था.....९–१०
२.१.२ भू-आकृति अवस्था .....११
२.१.३ भौगर्भिक अवस्था .....१२
२.१.४ भू-उपयोग अवस्था.....१३-१४
२.१.५ जलवायु अवस्था.....१५
२.१.६ सामाजिक अवस्था.....१६-१७
२.१.७ जोखिम जनसंख्या.....१८
२.१.८ जातिगत जनसंख्या.....१९
२.१.९ उमेर अनुसार जनसंख्या.....२०
२.१.१० अंपाङ्गताको प्रकार अनुसार जनसंख्या.....२१
२.२.११ एकल महिला तथा विद्युवाको जनसंख्या.....२२
२.२.१२ इन्टरनेट प्रयोगको जनसंख्या.....२२
२.२.१३ बालबालिका र वृद्ध जनसंख्या .....२३
२.२.१४ साक्षर जनसंख्याकले उत्तिर्ण गरेको शैक्षिक तह.....२३
२.२.१५ आर्थिक अवस्था.....२४
२.२.१६ शैक्षिक अवस्था.....२५
२.२.१७ भवन संरचनाको विवरण.....२६-२८
२.२.१८ स्वास्थ्य संस्थाहरु.....२९

२.२ प्रकोप, सम्मुखता, सङ्कटासन्नता, क्षमता र जोखिमको विश्लेषण....................................३०
२.२.१ प्रकोप विश्लेषण र लक्षित प्रकोप निर्धारण...........................................................३१
२.२.२ प्रकोप प्रथामिकीकरण........................................................................................३१
२.२.३ ऐतिहासिक प्रकोप विवरण ...............................................................................३२–३८
२.२.४ प्रकोप पात्रो/मौसम पात्रो/बालीपात्रो...........................................................................३९
२.२.५ लक्षित प्रकोप......................................................................................................४०
२.२.६ आवृत्ति र प्रभाव प्रकोप म्याट्रिक्स.................................................................................४१
२.२.७ लक्षित प्रकोप सुचना नक्सा .....................................................................................४२
२.२.८ भूकम्प प्रकोपले बाटो, विद्यालय भवन अन्य सरकारी भवनहरु क्षतिको नक्सा................४३
२.२.९ भूकम्प प्रकोपले ढल तथा खानेपानी सञ्जालमा हुने क्षतिको नक्सा........................४४–४६
२.२.१० भूकम्प प्रकोपले विजुलीको पोलमा हुने क्षतिको नक्सा..............................................४७
२.२.११ स्रोतको विश्लेषण.......................................................................................४८–५३
२.२.१२ सुरक्षित तथा खुल्ला स्थानहरु ..................................................................................५४
२.२.१३ स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको विश्लेषण.............................................५५–५७
२.२.१४ सम्मुखता, सङ्कटासन्नता र क्षमताको विश्लेषण.....................................................५८
२.२.१५ जोखिमको विश्लेषण.................................................................................५९–६०
२.२.१६ जोखिम नक्सा°g.......................................................................................६०–६२
२.२.१७ सरोकारवाला निकाय.........................................................................................६३
२.२.१८ पुनलार्भ,पुनस्थापना र पूननिर्माण.......................................................................६४-६६
२.२.१९ सुरक्षा निकाय......................................................................................................६८
२.२.२० विषयगत क्षेत्रहरु ...........................................................................................६८-६९
२.२.२१ विपद् प्रतिकार्यको स्थानीय स्वरूप र क्रियाकलापहरू (० घण्टा देखि ३० दिन).......७०–७२
२.२.२२ विपद् पूर्वसूचना तथा चेतावनी प्रणाली...............................................................७३
२.२.२३ विपद् सामाग्रीको विवरण...........................................................................७४–७६

**परिच्छेद-३: विपद् तथा जलवायु उत्थानशील योजना**

३.१ पृष्ठभूमी.........................................................................................................७७
३.२ सोच, लक्ष्य र रणनीति.........................................................................................७८
३.३ विपद् जोखिम न्यूनीकरणका उपायहरू.....................................................................७९–९०
३.२.१ प्राथमिकताका क्षेत्र १: विपद् तथा जलवायु परिवर्तन जोखिम बुझाइ......................९१–९५
३.२.२ प्राथमिकताका क्षेत्र २: स्थानीय तहमा विपद् तथा जलवायु परिवर्तन जोखिम शासकीय पद्धतिको सुदृढीकरण.......................................................................................९६–१०१
३.२.३ प्राथमिकताका क्षेत्र ३: उत्थानशीलता वृद्धिका लागि विपद् तथा जलवायु परिवर्तन जोखिम न्यूनीकरणमा निजी तथा सार्वजनिक लगानी..................................................१०२–१०६
३.२.४ प्राथमिकताका क्षेत्र ४: प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण.१०७–

३.२.५ प्राथमिकताका क्षेत्र ५: पुनःर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणमा अफ बलियो र राम्रो...११५–१२०
३.२.६ प्राथमिकताका क्षेत्र ६: तालिम र क्षमता अभिवृद्धि....................................................१२१–१२५
३.२.७ प्राथमिकताका क्षेत्र ७: बहुप्रकोप पूर्व सूचना प्रणाली..............................................१२६–१२९
३.२.८ प्राथमिकताका क्षेत्र ८: विपद् जोखिम हस्तान्तरण र वित्तीय व्यवस्थापन...............१३०–१३४
३.२.९ विपद् तथा जलवायु जोखिम न्यूनिकरण रणनीतिहरु ........................................१३५–१३८
३.२.१० योजना कार्यान्वयन तालिका ..................................................................१३९–१४८

## परिच्छेद-४: बजेटको विनियोजन र विकास योजनामा मूलप्रवाहीकरण

४.१ स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि लगानीको न्यूनतम लक्ष्य.........१४९
४.१.१ सरोकारवाला निकायसँग समन्वय.............................................................................१४९
४.१.२ स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन लगानी बजेट.................................१४९
४.२ आवधिक र वार्षिक विकास योजनामा मूल प्रवाहीकरणको योजना......................................१४९
४.२.१ विपद् व्यवस्थापन कोष.......................................................................................१४९
४.२.२ आवधिक/वार्षिक बजेटमा मूल प्रवाहीकरण...........................................................१५०
४.२.३ बजेटको विनियोजन र विकास योजनामा मूल प्रवाहीकरण.................................१५०-१५३

## परिच्छेद-५: कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

५.१ कार्यान्वयन कार्ययोजना.............................................................................................१५४
५.२ अनुगमन र मूल्याङ्कन.................................................................................................१५५
५.३ समीक्षा र परिमार्जन...................................................................................................१५५
अनुसूचीहरू.......................................................................................................१५६–१८२
सन्दर्भ सामाग्रीहरु ........................................................................................................१८३
परिशिष्ट...........................................................................................................१८४-१८९
कृतज्ञता ज्ञापन.........................................................................................................१९०

## सङ्क्षिप्त शब्दसूची

| क्र.सं. | संक्षिप्त रुप | अंग्रेजी | नेपाली |
|---|---|---|---|
| १ | ADPC | Asian Disaster Preparedness Center | एसियन डिजास्टर प्रिपेयर्डनेस सेन्टर |
| २ | BIPAD | Building Information Platform Against Disaster | बिल्डिङ इन्फर्मेसन प्लेटफर्म अगेन्स्ट डिजास्टर |
| ३ | CBS | Central Bureau of Statistics | केन्द्रीय तथ्याङ्क विभाग |
| ४ | CC | Climate Change | जलवायु परिवर्तन |
| ५ | CCA | Climate Change Adaptation | जलवायु परिवर्तन अनुकूलन |
| ६ | CDRMP | Comprehensive Disaster Risk Management Programme | बृहत् विपद् जोखिम व्यवस्थापन कार्यक्रम |
| ७ | DDMC | District Disaster Management Committee | जिल्ला विपद् व्यवस्थापन समिति |
| ८ | DIMS | Disaster Information Management System | विपद् सूचना व्यवस्थापन प्रणाली |
| ९ | DPRP | Disaster Preparedness and Response Plan | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना |
| १० | DRRM | Disaster Risk Reduction and Management | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन |
| ११ | DRR | Disaster Risk Reduction | विपद् जोखिम न्यूनीकरण |
| १२ | DRRNSPA | Disaster Risk Reduction National Strategic Plan of Action 2018-2030 | विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना: २०१८-२०३० |
| १३ | DWRI | Department of Water Resource and Irrigation | जलस्रोत तथा सिँचाइ विभाग |
| १४ | EOCs | Emergency Operations Centres | आपत्कालीन कार्यसञ्चालन केन्द्रहरू |
| १५ | ERAKV | The Project for Assessment of Earthquake Disaster Risk for the Kathmandu Valley in Nepal | काठमाडौं उपत्यकाको भूकम्पीय विपद् जोखिम मूल्यांकन परियोजना |
| १६ | EWS | Early Warning System | पूर्वसूचना प्रणाली |
| १७ | GAM | Gender with Age Marker | लैङ्गिक तथा उमेरसम्बन्धी विवरण |
| १८ | GEDSI | Gender Equality, Disability and Social Inclusion | लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण |
| १९ | GESI | Gender Equality and Social Inclusion | लैङ्गिक समानता र सामाजिक समावेशीकरण |
| २० | GFDRR | Global Facility for Disaster Risk Reduction | विश्व विपद् न्यूनीकरण तथा पुनर्लाभ कोष |
| २१ | GLOF | Glacial Lake Outburst Flood | हिमताल विष्फोटन बाढी |
| २२ | GoN | The Government of Nepal | नेपाल सरकार |
| २३ | GRID | Green, Resilient, Inclusive Development | हरित, उत्थानशील, समावेशी विकास |
| २४ | HPC | Humanitarian Planning Cycle | मानवीय योजना चक्र |

| | | | |
|---|---|---|---|
| २६ | HPCIDBC | High Powered Commission for Integrated Development of Bagmati Civilization | अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति |
| २७ | INGO | International Non-Governmental Organization | अन्तर्राष्ट्रिय गैर-सरकारी संस्था |
| २८ | IOM | International Organization for Migration | अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन |
| २९ | JICA | Japan International Cooperation Agency | जापान अन्तर्राष्ट्रिय सहयोग नियोग |
| ३० | KUTMP | Kathmandu Urban Transport Master Plan | काठमाडौं शहरी यातायात गुरुयोजना |
| ३१ | KVDA | Kathmandu Valley Development Authority | काठमाडौं उपत्यका विकास प्राधिकरण |
| ३२ | LAPA | Local Adaptation Plans of Action | स्थानीय अनुकूलन कार्ययोजना |
| ३३ | LDCRF | Local Disaster Climate Resilience Framework | स्थानीय विपद् जलवायु उत्थानशील कार्यढाँचा |
| ३४ | LDCRP | Local Disaster and Climate Resilience Plan | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना |
| ३५ | LDMC | Local Disaster Management Committee | स्थानीय विपद् व्यवस्थापन समिति |
| ३६ | LEOC | Local Emergency Operations Centre | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| ३७ | MDSA | Monitor for Disaster Strategic Action Plans | विपद् रणनीतिक कार्ययोजनाहरूको अनुगमन |
| ३८ | MoFAGA | Ministry of Federal Affairs and General Administration | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ३९ | MoHA | Ministry of Home Affairs | गृह मन्त्रालय |
| ४० | MoUD | Ministry of Urban Development | शहरी विकास मन्त्रालय |
| ४१ | NDRF | National Disaster Response Framework | राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा |
| ४२ | NDRRMA | National Disaster Risk Reduction and Management Authority | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| ४३ | NEOC | National Emergency Operations Centre | राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| ४४ | NGO | Non-Governmental Organization | गैर-सरकारी संस्था |
| ४५ | | | |
| ४६ | NSET | National Society for Earthquake Technology | राष्ट्रिय भूकम्प प्रविधि समाज |
| ४७ | NSRUC | National Strategy for Resilient Urban Communities | उत्थानशील शहरी बस्तीका लागि राष्ट्रिय रणनीति |
| ४८ | NUDS | National Urban Development Strategy | राष्ट्रिय शहरी विकास रणनीति |
| ४९ | PEOC | Provincial Emergency Operations Centre | प्रादेशिक आपत्कालीन कार्यसञ्चालन केन्द्र |

| | | | |
|---|---|---|---|
| ५० | MMI | Modified Mercalli Intensity | जमिनमा महसुस हुने कम्पनको तीव्रता |
| ५१ | PGA | Peak Ground Acceleration | अधिकतम भूमि गति |
| ५२ | PPE | Personal Protective Equipment | व्यक्तिगत सुरक्षात्मक उपकरण |
| ५३ | REKV | The Project for Strengthening Disaster Risk Governance for Resilience in the Kathmandu Valley | काठमाडौं उपत्यकामा उत्थानशीलताका लागि विपद् जोखिम सुशासन सुदृढीकरण परियोजना |
| ५४ | RRT | Rapid Response Team | द्रुत प्रतिकार्य टोली |
| ५५ | RSLUP | Risk Sensitive Land Use Plan | जोखिम संवेदनशील भू-उपयोग योजना |
| ५६ | SDG | Sustainable Development Goal | दिगो विकास लक्ष्य |
| ५७ | SFDRR | Sendai Framework for Disaster Risk Reduction | विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई कार्यढाँचा |
| ५८ | UN Women | United Nations Entity for Gender Equality and the Empowerment of Women | संयुक्त राष्ट्रसंघीय लैङ्गिक समानता र महिला सशक्तीकरण निकाय |
| ५९ | UNDP | United Nations Development Programme | संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम |
| ६० | UNDRR | United Nations Office for Disaster Risk Reduction (formerly UNISDR) | संयुक्त राष्ट्रसंघीय विपद् जोखिम न्यूनीकरण कार्यालय |
| ६१ | UNISDR | United Nation International Strategy for Disaster Reduction | संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय विपद् न्यूनीकरण रणनीति |
| ६२ | USAID | United States Agency for International Development | अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग |
| ६३ | VCA | Vulnerability and Capacity Assessment | सङ्कटासन्नता र क्षमता विश्लेषण |

## विपद् जोखिम न्यूनिकरणसम्बन्धि शब्दावली

| क्र.सं. | अंग्रेजी | नेपाली |
|---|---|---|
| १ | Acceptable Risk | स्वीकार्य जोखिम |
| २ | Adaptation | अनुकूलन |
| ३ | Biological Hazard | जैविक विपद् |
| ४ | Building Code | भवन संहिता |
| ५ | Capacity | क्षमता |
| ६ | Capacity Development | क्षमता विकास |
| ७ | Climate Change | जलवायु परिवर्तन |
| ८ | Contingency Planning | आकस्मिक योजना |
| ९ | Coping Capacity | सामना गर्ने क्षमता |
| १० | Corrective Disaster Risk Mgt | सुधारात्मक विपद् जोखिम व्यवस्थापन |
| ११ | Critical Facilities | महत्वपूर्ण सुविधाहरू / संरचनाहरु |
| १२ | Disaster | विपद् |
| १३ | Disaster Risk | विपद् जोखिम |
| १४ | Disaster Risk Management (DRM) | विपद् जोखिम व्यवस्थापन |
| १५ | Disaster Risk Reduction (DRR) | विपद् जोखिम न्यूनीकरण |
| १६ | Disaster Risk Reduction Plan | विपद् जोखिम न्यूनीकरण योजना |
| १७ | Early Warning System | पूर्व सूचना प्रणाली |
| १८ | Ecosystem Services | पारिस्थितिकीय प्रणाली सेवा |
| १९ | Emergency Management | आपतकालीन व्यवस्थापन |
| २० | Environmental Degradation | वातावरणीय ह्रास |
| २१ | Environmental Impact Assessment | वातावरणीय प्रभाव मूल्यांकन |
| २२ | Exposure | सम्मुखता |
| २३ | Extensive Risk | व्यापक जोखिम |
| २४ | Forecast | पूर्वानुमान |
| २६ | Geological Hazard | भौगोलिक विपद् |
| २७ | Greenhouse Gases (GHG) | हरितगृह ग्यासहरू |
| २८ | Hazard | विपद् |
| २९ | Hazard Assessment | विपद् मूल्यांकन |
| ३० | Hydrometeorological Hazard | जल तथा मौसमजन्य विपद् |
| ३१ | Intensive Risk | गहन जोखिम |
| ३२ | Land-use Planning | भू-उपयोग योजना |
| ३३ | Mitigation | अल्पीकरण |
| ३४ | National Platform for DRR | विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय मञ्च |
| ३५ | Natural Hazard | प्राकृतिक विपद् |
| ३६ | Non-structural Measures | गैर-संरचनात्मक उपाय |
| ३७ | Preparedness | पूर्वतयारी |
| ३८ | Prevention | रोकथाम |

| | | |
|---|---|---|
| ३९ | Prospective Disaster Risk Mgt | सम्भावित विपद् जोखिम व्यवस्थापन |
| ४० | Public Awareness | जनचेतना |
| ४१ | Public Health | जनस्वास्थ्य |
| ४२ | Recovery | पुनर्लाभ |
| ४३ | Residual Risk | अवशिष्ट जोखिम |
| ४४ | Resilience | उत्थानशीलता / सामना गर्ने क्षमता |
| ४५ | Response | प्रतिकार्य |
| ४६ | Retrofitting | प्रवलीकरण |
| ४७ | Risk | जोखिम |
| ४८ | Risk Assessment | जोखिम मूल्यांकन |
| ४९ | Risk Management | जोखिम व्यवस्थापन |
| ५० | Risk Transfer | जोखिम हस्तान्तरण |
| ५१ | Socio-natural Hazard | सामाजिक-प्राकृतिक विपद् |
| ५२ | Stakeholder | सरोकारवाला |
| ५३ | Structural Measures | संरचनात्मक उपाय |
| ५४ | Sustainable Development | दिगो विकास |
| ५५ | Technological Hazard | प्राविधिक विपद् |
| ५६ | Vulnerability | जोखिमपूर्ण अवस्था / संकटासन्नता |
| ५७ | Vulnerability Assessment | जोखिमपूर्ण अवस्थाको मूल्यांकन |

# परिच्छेद-१

## परिचय

### १.१ पृष्ठभूमि

चन्द्रागिरि नगरपालिका भौगोलिक, वातावरणीय तथा सामाजिक-आर्थिक दृष्टिकोणले एक विशिष्ट एवं संवेदनशील क्षेत्र हो । महाभारत पर्वत श्रृंखलाको काखमा रहेको रमणीय चन्द्रागिरि डाँडादेखि काठमाडौं उपत्यकाको समथर भू-भागसम्म फैलिएको यस नगरपालिकाको भू-बनोटमा विविधता पाइन्छ । एकातिर अग्ला र भिराला पहाडहरू, वन जङ्गल, खोलानाला र खोल्साहरू छन् भने अर्कोतिर तीव्र गतिमा विस्तार भइरहेको सहरीकरण र बाक्लो मानव बस्ती रहेको छ। यो मिश्रित भू-बनोटले नगरपालिकालाई प्राकृतिक सौन्दर्य र अवसर प्रदान गरे तापनि यसैले नै बहुप्रकोपीय विपद्को दृष्टिकोणले अत्यन्तै जोखिमपूर्ण बनाएको छ। भूकम्प, पहिरो, बाढी, कटान, डुवान, सडक दुर्घटना, विद्युतीय दुर्घटना, वन्यजन्तु आतङ्क, हावाहुरी, आगलागी, चट्याङ, महामारी, विषादी र असिना जस्ता प्राकृतिक र अप्राकृतिक प्रकोपका साथै जलवायु परिवर्तनका बढ्दो प्रतिकूल असरहरूले यहाँको जनजीवन, भौतिक पूर्वाधार, आर्थिक गतिविधि र समग्र विकास प्रयासमा गम्भीर चुनौती खडा गरेको छ । तसर्थ, एक सुरक्षित र समुन्नत नगरपालिका निर्माणको लक्ष्य हासिल गर्न विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलनका प्रयासहरूलाई एकीकृत गरी संस्थागत गर्नु अपरिहार्य भएको छ ।

चन्द्रागिरि नगरपालिकाको विपद् जोखिमको प्रमुख कारक यसको कमजोर भू-धरातलीय अवस्था हो । नगरपालिकाको उत्तरी तथा पश्चिमी भू-भाग महाभारत श्रृंखलाअन्तर्गत पर्दछ । जहाँका डाँडाहरू अत्यन्तै भिराला र कमजोर चट्टानी संरचनाबाट बनेका छन् । वर्षा याममा हुने अविरल र केन्द्रित वर्षा (अतिवृष्टि) का कारण यी क्षेत्रहरूमा पहिरो तथा भू-क्षयको जोखिम अत्यन्तै उच्च छ। विगतमा साना-ठूला पहिरोका घटनाहरूले धनजनको क्षति पुऱ्याएको र त्रिभुवन राजपथ जस्तो राष्ट्रिय महत्वको सडक सञ्जालसमेत पटक-पटक अवरुद्ध भएको तीतो यथार्थ छ । यसका साथै, काठमाडौं उपत्यका नै भूकम्पीय दृष्टिकोणले विश्वको उच्च जोखिमयुक्त क्षेत्रमा पर्ने हुँदा चन्द्रागिरि नगरपालिका पनि भूकम्पको महाविपत्तिबाट अछुतो छैन । सन् २०७२ सालको विनाशकारी भूकम्पले यस क्षेत्रमा पुऱ्याएको भौतिक तथा मानवीय क्षतिले हामीलाई भविष्यको सम्भावित जोखिमप्रति थप सचेत गराएको छ । भिरालो जमिनमा रहेका बस्तीहरू भूकम्पको समयमा पहिरोको दोहोरो मारमा पर्न सक्ने सम्भावना प्रवल छ भने, उपत्यकाको समथर भू-भागमा माटोको द्रवीकरणको जोखिमले बहुतले भवनहरू र अन्य पूर्वाधारमा अकल्पनीय क्षति पुग्न सक्ने देखिन्छ । हरित गृह ग्यास उत्सर्जनमा नगण्य भूमिका भए तापनि नेपाल जलवायु परिवर्तनका प्रतिकूल असरहरूको उच्च जोखिममा छ र यसको प्रत्यक्ष प्रभाव चन्द्रागिरि नगरपालिकाले भोगिरहेको छ । पछिल्ला वर्षहरूमा वर्षाको प्रवृत्तिमा आएको अस्वाभाविक परिवर्तन, जस्तैः लामो समयसम्म खडेरी पर्ने र छोटो समयमा नै विनाशकारी वर्षा हुने ( अतिवृष्टि र अनावृष्टि), तापक्रममा वृद्धि, असिना र हावाहुरी जस्ता चरम मौसमी घटनाहरू बढ्दै गएका छन् । यसले एकातिर बाढी र पहिरोको जोखिम बढाएको छ भने अर्कोतिर पानीका मुहानहरू सुक्दै जाने, कृषि उत्पादनमा ह्रास आउने र जैविक विविधतामा नकारात्मक असर पर्ने जस्ता समस्याहरू विकराल बन्दै गएका छन् । नगरपालिकाभित्रबाट बग्ने बागमती, बल्खु खोला, महादेव खोला जस्ता खोलाहरूमा वर्षा याममा आउने आकस्मिक बाढीले तटीय क्षेत्रका अव्यवस्थित बस्तीहरूलाई सधैं जोखिममा राखेको छ ।

जलवायु परिवर्तन प्रेरित प्रकोपहरूले यहाँको कृषि, पर्यटन, जलस्रोत, जनस्वास्थ्य र जीविकोपार्जनमाथि निरन्तर सङ्कट उत्पन्न गरिरहेको छ । सङ्कटासन्नतालाई थप जटिल बनाएको छ । राजधानीसँगको निकटताका कारण यहाँ तीव्र र अनियन्त्रित सहरीकरण भइरहेको छ । कृषि योग्य जमिनहरू द्रुत गतिमा घर-घडेरीमा परिणत भइरहेका छन् । योजनाविहीन र अव्यवस्थित बसोबासको विस्तार, भवन निर्माण संहिताको फितलो कार्यान्वयन, प्राकृतिक खोला तथा जल निकास क्षेत्रको अतिक्रमण, र सार्वजनिक खुला क्षेत्रको अभावले विपद्को जोखिमलाई गुणात्मक रूपमा बढाएको

छ । साँघुरा सडक, अव्यवस्थित तार, र घना बस्तीका कारण आगलागी जस्ता गैर-प्राकृतिक प्रकोपको जोखिम उच्च छ र प्रकोपको समयमा खोज, उद्धार तथा राहत कार्य सञ्चालन गर्नसमेत कठिन हुने देखिन्छ । तीव्र सहरीकरणले फोहोर मैला व्यवस्थापन, खानेपानी आपूर्ति र सरसफाइमा समेत ठुलो चाप सिर्जना गरेको छ । जसले महामारी जस्ता स्वास्थ्य सङ्कटको जोखिम बढाउँछ । यसका साथै, सामाजिक-आर्थिक असमानता, गरिबी र चेतनाको कमीले गर्दा विपन्न तथा सीमान्तकृत ससससमुदायहरू जोखिमयुक्त स्थानमा बसोबास गर्न बाध्य छन्, जसले उनीहरूलाई विपद्को सबैभन्दा बढी मारमा पारेको छ ।

विपद् जोखिम न्यूनिकरण राष्ट्रिय रणनीतिक कार्य योजना (सन् २०१८-२०३०), राष्ट्रिय अनुकूलन योजना (सन् २०२१-२०५०) र १६ औं आवधिक योजनाले विपद् तथा जलवायु उत्थानशीलतालाई राष्ट्रिय प्राथमिकतामा राखेका छन् । यी राष्ट्रिय नीति तथा कानुनी व्यवस्थाको मार्गदर्शनमा स्थानीय स्तरमा योजना तर्जुमा तथा कार्यान्वयन गर्न विभिन्न निर्देशिका तथा खाकाहरू, जस्तैः स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७४, विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा निर्देशिका, २०७६, र स्थानीय अनुकूलन कार्य योजना खाका, २०७६ प्रचलनमा रहेका छन् । जस्तैः स्थानीय विपद् जोखिम व्यवस्थापन योजना (LDRMP), विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना (DPRP) र स्थानीय अनुकूलन कार्य योजना (LAPA), तर्जुमा गर्ने अभ्यास रह्यो । यद्यपि, विपद् जोखिम र जलवायु परिवर्तनका असरहरू एक अर्कासँग अन्तर सम्बन्धित र अविभाज्य हुँदाहुँदै पनि यिनीहरूलाई छुट्टाछुट्टै योजनामार्फत सम्बोधन गर्ने प्रयासले स्रोत, समय र जनशक्तिको अनावश्यक खर्च बढाएको, कार्यान्वयनमा दोहोरोपना र अन्यौलता सिर्जना गरेको तथा अपेक्षित प्रतिफल हासिल गर्न नसकेको अनुभव गरिएको छ । विपद् र जलवायुका मुद्दाहरूलाई अलग-अलग राखेर हेर्दा जोखिमको समग्र र एकीकृत विश्लेषण हुन नसक्ने तथा न्यूनीकरणका प्रयासहरू समेत खण्डित र प्रभावहीन हुने देखिन्छ । एकीकृत रूपमा, प्रभावकारी र दक्षतापूर्वक स्थानीय स्तरमा कार्यान्वयन गर्न एक बृहत् र एकीकृत रणनीतिक दस्तावेजको आवश्यकता महसुस गरिएको छ । यही आवश्यकतालाई सम्बोधन गर्न, खण्डित योजना निर्माणको अभ्यासलाई अन्त्य गर्दै, उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग सुनिश्चित गर्न र विपद् तथा जलवायु उत्थानशील समाज निर्माणको साझा लक्ष्य हासिल गर्न "चन्द्रागिरि नगरपालिका स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा, २०८२" योजना तर्जुमा गरिएको छ । यो कार्यढाँचा योजना विपद् पूर्वको तयारी, विपद् प्रतिकार्य, पुनर्लाभ र पुनर्निर्माणका साथै जलवायु परिवर्तनका असरहरूसँग जुध्न सक्ने क्षमता अभिवृद्धि गर्ने एक मार्गदर्शक दस्तावेज हुनेछ । यसले नगरपालिकाको विकास योजना तथा बजेट प्रणालीमा विपद् तथा जलवायु उत्थानशीलतालाई मूल प्रवाहीकरण गर्दै जोखिममा आधारित योजना तर्जुमा पद्धतिलाई संस्थागत गर्नेछ ।

अन्त्यमा, यो कार्यढाँचा योजना चन्द्रागिरि नगरपालिकाका सम्पूर्ण नागरिकको जीवन, सम्पत्ति, जीविकोपार्जन र विकासका पूर्वाधारहरूको संरक्षण गर्दै एक सुरक्षित, सबल र विपद् उत्थानशील नगर निर्माण गर्ने दिशामा एक महत्तपूर्ण कोसे ढुङ्गा सावित हुने अपेक्षा गरिएको छ ।

## १.२ विद्यमान नीतिगत र कानुनी व्यवस्था

विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनका प्रयासहरूलाई प्रभावकारी, व्यवस्थित र दिगो बनाउन बलियो कानुनी तथा नीतिगत आधारशिला अनिवार्य हुन्छ । नेपालको संविधानले स्थानीय तहलाई विपद् व्यवस्थापन सम्बन्धी अधिकार प्रदान गरेको छ । यसै गरी, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ ले स्थानीय तहलाई विपद् व्यवस्थापनका सबै चरणहरूमा सक्रिय भूमिका निर्वाह गर्न कानुनी रूपमा निर्देशित गरेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, कार्यकारी समितिको मिति २०८१/०१/२१ को निर्णयबाट स्वीकृत "विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा योजना तर्जुमा दिग्दर्शन, २०८१" ले साबिकका विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना र जलवायु अनुकूलन योजनाहरूलाई एकीकृत गरी एकमुष्ट रूपमा "स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा" योजना निर्माण गर्न स्पष्ट मार्ग प्रशस्त गरेको छ ।

यसै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी धरातलमा टेकेर चन्द्रागिरि नगरपालिकाले विपद् तथा जलवायु उत्थानशीलताको क्षेत्रमा देहाय बमोजिमका कानुनी, नीतिगत तथा संस्थागत व्यवस्थाहरू गरी कार्यान्वयन गर्दै आएको छ । जसले यो कार्य ढाँचा निर्माणको मुख्य आधारको रूपमा काम गरेका छन् ।

**(क) स्थानीय ऐन तथा कार्यविधि निर्माण:** नगरपालिकाले विपद् व्यवस्थापनलाई स्थानीयकरण गर्न "चन्द्रागिरि नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५" जारी गरी कार्यान्वयनमा ल्याएको छ । यस ऐनले नगरपालिकाभित्र विपद् व्यवस्थापनका लागि आवश्यक संरचना, कोष, योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी समग्र पक्षलाई व्यवस्थित गरेको छ ।

**(ख) विपद् व्यवस्थापन समितिहरूको गठन तथा क्रियाशीलता:** उल्लिखित ऐनको प्रावधान बमोजिम नगर प्रमुखको संयोजकत्वमा नगर विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् समिति र सबै वडाका वडाध्यक्षहरूको संयोजकत्वमा वडा विपद् व्यवस्थापन समितिहरू गठन गरी क्रियाशील बनाइएको छ । यी समितिहरूले विपद् पूर्व तयारी, प्रतिकार्य, पुनर्लाभ तथा पुनर्निर्माणका कार्यहरूमा समन्वयकारी र कार्यकारी भूमिका निर्वाह गर्दै आएका छन् ।

**(ग) स्थानीय विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन:** विपद्का घटनाहरूपछि तत्काल खोज, उद्धार, राहत तथा प्रतिकार्यका लागि आवश्यक वित्तीय स्रोत सुनिश्चित गर्न नगरपालिकाले "स्थानीय विपद् व्यवस्थापन कोष" स्थापना गरी सञ्चालन कार्यविधि बमोजिम व्यवस्थित रूपमा सञ्चालन गर्दै आएको छ ।

**(घ) एकीकृत तथा विषयगत योजनाहरू:** यो कार्यढाँचा निर्माण हुनुअघि नगरपालिकाले विभिन्न विषयगत योजनाहरू तर्जुमा गरी कार्यान्वयन गरेको थियो । साबिकका "स्थानीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना" र "स्थानीय जलवायु अनुकूलन कार्य योजना" का सान्दर्भिक सिकाइ र अभ्यासहरूलाई यस कार्यढाँचा योजनामा एकीकृत गरिएको छ । साथै, नगरपालिकाको भौगोलिक तथा सहरीकरणको विशेषतालाई ध्यानमा राखी "नगर स्तरीय बाढी तथा पहिरो जोखिम नक्साङ्कन तथा न्यूनीकरण कार्य योजना" र "औद्योगिक तथा सहरी आगलागी जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना" जस्ता विषयगत योजनाहरूका अनुभवलाई समेत आत्मसात् गरिएको छ ।

**(ङ) नगर आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना र सञ्चालन:** विपद्को समयमा सूचना सङ्कलन, विश्लेषण, समन्वय र प्रतिकार्य परिचालनलाई प्रभावकारी बनाउन "नगर आपत्कालीन कार्य सञ्चालन केन्द्र (Municipal Emergency Operation Centre -MEOC) स्थापना गरिएको छ । यसको सञ्चालनका लागि "नगर आपत्कालीन कार्य सञ्चालन केन्द्र सञ्चालन कार्यविधि, २०७९" स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

माथि उल्लिखित कानुनी, नीतिगत तथा संस्थागत व्यवस्थाहरू नै चन्द्रागिरि नगरपालिकाको "स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा, २०८२" योजनाको मुख्य आधार हुन् । यो कार्यढाँचा योजनाले विगतका सबै

प्रयासहरूलाई एकीकृत गर्दै राष्ट्रिय दिग्दर्शनले निर्दिष्ट गरेबमोजिम विपद् तथा जलवायु परिवर्तनका जोखिमहरूलाई सम्बोधन गर्न एक बृहत् र समन्वयात्मक रणनीतिको रूपमा कार्य गर्नेछ ।

## १.३ कार्यढाँचाको उद्देश्य

चन्द्रागिरि नगरपालिकाको विशिष्ट भौगोलिक, सामाजिक तथा आर्थिक अवस्थालाई ध्यानमा राखी विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तनका असरहरूसँग जुध्न सक्षम, उत्थानशील र दिगो ससमुदाय निर्माण गर्न देहाय बमोजिमका उद्देश्यहरू निर्धारण गरिएको छ ।

क. विपद् जोखिम न्यूनीकरण, पूर्व सूचना प्रणाली तथा पुनर्निर्माणका लागि सेण्डाई कार्य ढाँचा (सन् २०१५-२०३०), दिगो विकास लक्ष्य (सन् २०१५-२०३०) र पेरिस सम्झौता (सन् २०१५) लाई चन्द्रागिरि नगरपालिकामा स्थानीय करण गर्नु ।

ख. स्थानीय विकास योजनामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तनको मुद्दालाई मूल प्रवाहीकरण गर्नका लागि चन्द्रागिरि नगरपालिकाको एक एकीकृत र समन्वयात्मक दस्तावेज तयार गर्नु ।

ग. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना, स्थानीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, र स्थानीय जलवायु अनुकूलन कार्य योजनालाई थप दायित्व सिर्जना नहुने गरी चन्द्रागिरि नगरपालिकाको यो स्थानीय विपद् जोखिम तथा जलवायु उत्थानशील कार्यढाँचामा समाहित गर्दै नीतिगत एकीकरण र कार्यगत सामञ्जस्ययता कायम राख्नु ।

घ. स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा दिग्दर्शन, २०८२ को कार्यान्वयनका लागि समावेशीयताको सिद्धान्तलाई आत्मसात् गर्दै विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनका लागि सञ्चालन गरिने योजना तथा कार्यक्रमहरूमा स्थानीय ससमुदाय र लक्षित वर्गको सहभागिता सुनिश्चित गर्नु ।

ङ. विपद् तथा जलवायु उत्थानशीलता अभिवृद्धिका लागि नागरिक सहभागिता बढाउँदै उनीहरूको क्षमता विकास गरी उत्थानशील जनशक्ति, हरित अर्थतन्त्र र दिगो विकासको आधार तयार गर्नु ।

## १.४ कार्यढाँचा तर्जुमा प्रक्रिया

### क. राष्ट्रिय कानुनी तथा नीतिगत आधारः

स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्य ढाँचा तर्जुमा गर्दा नेपालको संविधानका साथै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन (प्रथम संशोधन) २०७५, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्य योजना (सन् २०१८-२०३०) र स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा दिग्दर्शन, २०८१ को प्रावधानलाई पुनरावलोकन गरिएको छ । यसै गरी, राष्ट्रिय जलवायु नीति २०७६, वन ऐन २०७६, वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७, वन नियमावली २०७९, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको योजना दिग्दर्शन २०७८ र १६औं आवधिक योजनाको प्रावधानलाई यो कार्य ढाँचा तर्जुमा गर्दा आवश्यक पर्ने दायरा अनुरुप विश्लेषण गरिएको छ ।

### ख. प्रादेशिक कानुनी तथा नीतिगत आधारः

बागमती प्रदेश सरकारले जारी गरेका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, वातावरण संरक्षण, वन, एकीकृत बस्ती विकास तथा आवधिक योजनासम्बन्धी प्रादेशिक ऐन, नियम, नीति, कार्यविधि तथा योजनाहरूका प्रावधानलाई कार्य ढाँचाको तर्जुमा गर्दा आवश्यक पर्ने दायरा अनुरूप पुनरावलोकन गरिएको छ ।

### ग. स्थानीय कानुनी तथा नीतिगत आधारः

चन्द्रागिरि नगरपालिकाले जारी गरेका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, नगरको आवधिक योजना, नगर प्रोफाइल, भू-उपयोग योजना, तथा अन्य विषयगत गुरुयोजनाहरूका विद्यमान प्रावधानलाई मुख्य आधार मानी यो कार्य ढाँचाको तर्जुमा गरिएको छ । साथै, चन्द्रागिरि नगरपालिकाले जारी गरेका विषयगत ऐन, नियम, निर्देशिका, मापदण्ड, योजना, कार्यक्रम र उपलब्ध बजेटको स्थिति समेतलाई यो कार्य ढाँचा तर्जुमाको आधार मानिएको छ ।

### घ. सहभागितामूलक निर्माण प्रक्रियाः

स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचाको निर्माण प्रक्रियामा चन्द्रागिरि नगरपालिकाको नेतृत्व र समन्वयमा यस नगरपालिकास्थित सङ्घ र प्रदेश सरकारका विषयगत निकाय, सुरक्षा निकाय, सरकारी कार्यालयका साथै यस नगरपालिकाको मानवीय क्षेत्रमा क्रियाशील सङ्घसंस्था र ससससमुदायहरूको सहभागिता रहेको छ ।

### ङ. परामर्श तथा पृष्ठपोषण संकलनः

स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचाको विषयवस्तु र कार्य प्रक्रियाको निक्यौल गर्न नगर कार्यपालिकाका पदाधिकारी, नगरपालिकाका कर्मचारी, नगरपालिकास्थित सङ्घ, प्रदेश र स्थानीय स्तरका सरकारी निकाय, सुरक्षा निकाय, मानवीय क्षेत्रमा क्रियाशील तथा सामुदायिक सङ्घसंस्था, ससससमुदाय र नागरिक समाजका अगुवाहरूसँग पटक-पटकको बैठक, छलफल, विवरण सङ्कलन र अन्तर संवाद गरी पृष्ठपोषण लिइएको थियो । यी सबै क्षेत्रबाट प्राप्त सुझाव र चन्द्रागिरि नगरपालिकाको प्राथमिकतालाई मध्य नजर गरी स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्य ढाँचा, २०८१ तयार गरिएको हो ।

### च. अनुमोदन तथा कार्यान्वयनः

स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचाको मस्यौदामा स्थानीय विपद् व्यवस्थापन समितिमा छलफल गरी प्राप्त सुझावअनुसार परिमार्जन गरियो । उक्त मस्यौदामा नगर कार्यपालिकाको बैठकमा छलफल गरी थप आवश्यक परिमार्जनसहित स्वीकृत गरिएको छ । उक्त कार्यढाँचा चन्द्रागिरि नगरपालिकाको नगर सभाबाट अनुमोदन गरे पश्चात् कार्यान्वयनमा ल्याइएको हो ।

चन्द्रागिरि नगरपालिका :




*चित्र नं. १, स्रोतः स्थानीय तहको योजना निर्देशिका, राष्ट्रिय योजना आयोग*

# परिच्छेद-२

## विपद् र जोखिमको बुझाइ

### २.१ चन्द्रागिरि नगरपालिकाको विवरण

नेपालको बागमती प्रदेश अन्तर्गत काठमाडौं जिल्लामा अवस्थित चन्द्रागिरि नगरपालिका, राजधानी उपत्यकाभित्रको सबैभन्दा ठुलो नगरपालिकाको रूपमा परिचित छ। यसको स्थापना मिति २०७१ मङ्सिर १६ गते नेपाल सरकारको निर्णयअनुसार भएको हो। साबिकका थानकोट, दह चोक, नैकाप नयाँभञ्ज्याङ, वाडभञ्ज्याङ, बलम्बु, महादेवस्थान, तीन थाना, सतुंगल, मातातीर्थ, मच्छेगाउँ र नैकाप पुरानोभञ्ज्याङ गरी ११ वटा गाउँ विकास समितिहरूलाई गाभेर २५ वटा वडासहितको नगरपालिका घोषणा गरिएको थियो। पछि, नेपालको संविधानबमोजिम राज्य पुनः संरचना आयोगको सिफारिसमा मिति २०७३ फागुन २७ गतेदेखि लागू भएको स्थानीय तहको व्यवस्थाअनुसार यस नगरपालिकालाई १५ वटा वडाहरूमा पुनः संरचना गरियो। ऐतिहासिक, सांस्कृतिक, पर्यटकीय र रणनीतिक महत्त्व बोकेको यो नगरपालिका काठमाडौं उपत्यकाको सभ्यता र विकासको एक अभिन्न अङ्गको रूपमा रहेको छ।

भौगोलिक रूपमा यो नगरपालिका पूर्वमा काठमाडौं महानगरपालिका र कीर्तिपुर नगरपालिका, पश्चिममा धादिङको धुनिबेंशी नगरपालिका, उत्तरमा नागार्जुन नगरपालिका र दक्षिणमा मकवानपुरको थाहा नगरपालिका तथा इन्द्र सरोवर गाउँपालिकासँग जोडिएको छ। ४३.९ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यो क्षेत्र २७०,३८'१०" देखि २७०,४३'३८" उत्तरी अक्षांश र ८५०,०६'१२" देखि ८५०,१६'३०" पूर्वी देशान्तरसम्म फैलिएको छ। समुद्र सतहबाट २५५२ मिटरसम्मको उचाइमा रहेको यस क्षेत्रको हावापानी समशीतोष्ण प्रकारको छ, जहाँ गर्मीमा तापक्रम २४ देखि ३२ डिग्री सेल्सियस र हिउँदमा ० देखि -२ डिग्री सेल्सियससम्म पुग्ने गर्दछ। वार्षिक सरदर १२०० मिलिमिटर वर्षा हुने यस क्षेत्रमा मनसुनको समयमा अधिकांश वर्षा हुन्छ।

जनसाङ्ख्यिक हिसाबले चन्द्रागिरि एक विविधतापूर्ण र जीवन्त समाज हो। राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँ कुल ३५,९९४ परिवारमा १,३६,८६० जनसख्याको बसोबास छ, जसमा ६८,५५७ महिला र ६८,३०३ पुरुष रहेका छन्। यहाँको साक्षरता दर ९६.४७ प्रतिशतजस्तो उच्च हुनुले शैक्षिक चेतनाको स्तरलाई दर्साउँछ। जातीय संरचनामा पनि यहाँ विविधता पाइन्छ। जहाँ क्षेत्री (२३.३%), नेवार (२२.३%), ब्राह्मण (१९.८%), र तामाङ (१२.२%) लगायतका विभिन्न जातजातिका मानिसहरूको सौहार्दपूर्ण बसोबास रहेको छ। बढ्दो सहरीकरणसँगै यहाँको जनसख्याको चाप पनि बढ्दो क्रममा छ।

सांस्कृतिक र पर्यटकीय दृष्टिकोणले चन्द्रागिरि नगरपालिका अत्यन्त धनी छ। ऐतिहासिक भालेश्वर महादेव मन्दिर, जहाँबाट काठमाडौं उपत्यका र हिमाली श्रृखंलाको मनोरम दृश्य देख्न सकिन्छ। यसको प्रमुख आकर्षण हो। यसका साथै, त्रिभुवन पार्क, काजी कालु पाँडेको समाधि स्थल, मत्स्यनारायण मन्दिर, माता तीर्थ कुण्ड र विष्णुदेवी मन्दिरजस्ता स्थलहरूले यसको धार्मिक र ऐतिहासिक महत्वलाई उजागर गर्दछन्। स्वास्थ्य सेवाको पहुँचका हिसाबले यहाँ सशस्त्र प्रहरी बल (ए.पी.एफ) अस्पताल, ६ वटा निजी अस्पताल, एक नगर अस्पताल, ११ वटा स्वास्थ्य चौकी र ६ वटा सहरी स्वास्थ्य केन्द्र सञ्चालनमा छन्। शैक्षिक पूर्वाधारतर्फ २४ वटा सामुदायिक विद्यालय, २ वटा सामुदायिक क्याम्पस र ८१ वटा संस्थागत विद्यालयहरूले गुणस्तरीय शिक्षा प्रदान गरिरहेका छन्। नगरपालिकाभित्रबाट बग्ने बल्खु, ठुलो खोला, कालो खोला, खहरे जस्ता खोलाहरूले यहाँको सिँचाइ र जल व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्छन्।

नेपाल समग्रमा भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता बहुप्रकोपीय जोखिममा रहेको सन्दर्भमा चन्द्रागिरि नगरपालिका पनि यी प्रकोपहरूबाट अछुतो छैन । भूकम्पको उच्च जोखिममा रहनुका साथै यहाँ भूकम्प, पहिरो, बाढी, कटान, डुबान, सडक दुर्घटना, विद्युतीय दुर्घटना, वन्यजन्तु आतङ्क, हावाहुरी, आगलागी, चट्याङ, महामारी, विषादी र असिना जस्ता प्रकोपहरूको सम्भावना पनि उत्तिकै छ । विशेष गरी बर्खा याममा ठुलो खोला, कालो खोला, खहरे र बल्खु खोला वरपरका खहरे, मारवाडी टोल, राजकुलो, बिसनदेवी र बल्खु क्षेत्रका बस्तीहरू डुबान र कटानको जोखिममा पर्ने गर्दछन् । सहरी क्षेत्रमा विद्युतीय दुर्घटना र औद्योगिक आगलागीजस्ता मानव सिर्जित विपद्को जोखिम पनि विद्यमान छ । इँटा भट्टाजस्ता उद्योगबाट निस्कने प्रदूषणले स्थानीय बासिन्दा, विशेष गरी बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता र दीर्घ रोगीहरूको स्वास्थ्यमा नकारात्मक असर पार्ने गरेको छ ।

**चन्द्रागिरि नगरपालिका :**




*चित्र नं. २, स्रोतः IUDP परियोजना*

## २.१.१ भौगोलिक अवस्था

चन्द्रागिरि नगरपालिका ४३.९ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । जसको सिमाना पूर्वमा काठमाडौं महानगरपालिका र कीर्तिपुर, पश्चिममा धादिङको धुनिबेंशी, उत्तरमा नागार्जुन तथा दक्षिणमा मकवानपुरको थाहा नगरपालिका र इन्द्र सरोवर गाउँपालिकासँग जोडिएको छ । २७०,३८'१०" देखि २७०,४३'३८" उत्तरी अक्षांश र ८५०,०६'१२" देखि ८५०,१६'३०" पूर्वी देशान्तरसम्म फैलिएको यो क्षेत्र समुद्र सतहबाट २५५२ मिटरसम्मको उचाइमा रहेको छ । यहाँको हावापानी समशीतोष्ण प्रकारको छ । जहाँ गर्मीमा तापक्रम ३२ डिग्री सेल्सियससम्म र जाडोमा शून्यभन्दा तल झर्ने गर्दछ भने वार्षिक सरदर १२०० मिलिमिटर वर्षा हुन्छ । बल्खु, ठुलो खोला र कालो खोला जस्ता नदीहरूले यस क्षेत्रको जलप्रवाह प्रणालीलाई आकार दिएका छन् ।

**चन्द्रागिरि नगरपालिका :**




*चित्र नं. ३, स्रोतः JICA REKV परियोजना*

## भू-संरचना

चन्द्रागिरि नगरपालिकाको भू-आकृतिक नक्सा (Geomorphological Map) हो । यसले नगरपालिका भित्रको जमिनको सतह, बनावट र त्यसको उत्पत्ति कसरी भयो भन्ने बारेमा विस्तृत जानकारी दिन्छ । नक्सामा नगरपालिकाको सिमाना, १५ वटा वडाहरूका, प्रमुख नदीहरू, र रणनीतिक सडक सञ्जाल पनि स्पष्ट रूपमा देखाइएको छ । नक्सामा विभिन्न रङहरूले फरक-फरक प्रकारका भू-सतहहरूलाई जनाउँछन् । चन्द्रागिरि नगरपालिकाको भू-आकृतिक स्वरूप भू-क्षय, निक्षेपण, पहिरो तथा भूस्खलन, र नदीजन्य जस्ता प्राकृतिक सतह प्रक्रियाहरूद्वारा बनेको छ। भू-आकृतिमा रहेको यो विविधताले भू-उपयोग, जोखिमको सम्भावना, र विकास योजनामा प्रभाव पार्दछ ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. १**

| भू-आकृतिक एकाइ | सङ्केत | मुख्य विशेषताहरू | सम्बन्धित विपद् जोखिम |
|---|---|---|---|
| Valley Plain (tributary-formed) | vp | सहायक खोलाबाट थुप्रिएको माटोले बनेको समथर, मलिलो क्षेत्र | बाढी, डुबान |
| Alluvial Fan | fa | भिरालोको फेदमा पंखा आकारमा थुप्रिएको भू-भाग | गेग्रान बहाव, आकस्मिक बाढी |
| Talus | ta | गुरुत्वाकर्षणले भिरालोको फेदमा थुप्रिएको खुकुलो ढुङ्गा-माटोको थुप्रो | पहिरो, चट्टान खस्नु |
| Eroded Slope / Cliff | es | लामो समयको भू-क्षयका कारण बनेको ठाडो र अस्थिर भू-भाग | पहिरो, सतह भत्किनु |
| Lower Terrace | tr2 | मध्यम उचाइमा रहेको पुरानो नदीले बनाएको समथर सतह | चिरा पर्नु, भूकम्पीय कम्पनको वृद्धि |
| Patan Terrace (T1) | Pa | मध्यम भिरालो भएको पुरानो स्थिर टार | सामान्य पानी जम्ने र जमिनको चाल |
| Basement / Mountain Slope | Bs | कडा चट्टानले बनेको उच्च, ठाडो भू-भाग | असुरक्षित र ठाडो क्षेत्रमा पहिरो, भू-क्षय |




*चित्र नं. ४, स्रोतः JICA REKV परियोजना*

## २.१.२ भू-आकृति अवस्था

भौगोलिक दृष्टिकोणबाट हेर्दा यस नगरपालिकाको न्यूनतम उचाइ ११६१.११ मिटर र अधिकतम उचाइ २५४९.९८ मिटर रहेको छ । यस नगरपालिकाको लगभग १०% भूभाग समतल छ । दक्षिणी भू-आकृति सामान्यतया ठाडो धरातल र नगरको केन्द्र तथा उत्तरी भागमा पुग्दा प्रायः समतल छ । यस नगरपालिका/गाउँपालिकाको भौगर्भिक नक्सा देखाउँछ। यस स्थानीय तहको अधिकांश भूभाग कालोमाटीले ढाकेको छ। कालीमाटीको संरचना गाढा खैरोदेखि कालो जैविक माटो र अलिअलि नरम माटो मिलेर बनेको छ । यस चन्द्रागिरि नगरपालिकाको दक्षिण दिशामा चन्द्रागिरि पर्वत छ। नगरपालिकाको मध्य तथा उत्तरी भागमा समथर जमिन फैलिएको छ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. २**

| क.स | भू-आकृति | भिरालोपना | क्षेत्रफल | प्रतिशत |
|---|---|---|---|---|
| १ | समथर | ० - २ | ४.३९ | १०% |
| २ | तल्लो पहाडी | २ - १५ | १५.३७ | ३५% |
| ३ | पहाडी | १५ - ४५ | १९.७६ | ४५% |
| ४ | हिमाली (अति भिरालो) | ४५ भन्दा बढी | ४.३९ | १०% |
| ५ | **जम्मा** | - | **४३.९२** | **१००%** |




*चित्र नं. ५, स्रोतः IUDP परियोजना*

## २.१.३ भौगर्भिक अवस्था

चन्द्रागिरि नगरपालिका विविध भूगर्भीय संरचनाहरूले बनेको क्षेत्र हो । जसले यहाँको भू-आकृति, माटोको प्रकृति, जल-निकास प्रणाली र विपद् जोखिममा महत्वपूर्ण प्रभाव पार्दछ । नगरपालिकाभित्र विभिन्न कालखण्डमा निर्मित deposits, तालको अवशेषहरू र पुराना नदी कटान तथा बहावले बनाएको भू-आकृति पाइन्छ । विशेषगरी निम्न प्रकारका भूगर्भीय संरचनाहरू यस क्षेत्रमा पाइन्छन ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. ३**

| भूगर्भीय सतह | मुख्य विशेषता | सम्भावित विपद् जोखिम |
|---|---|---|
| Alluvial deposits - al | खोलाको बगाउने निक्षेप, बालुवा र माटो मिश्रित | बाढी, नदी कटान |
| Colluvial Deposits (co) | ढलानबाट बगेका जमिन, अस्थिर अवसाद | भू-स्खलन, जमिन चिप्लिने खतरा |
| Terrace Deposits (T1-T7) | पुराना नदी कटान र भराव, स्थायित्वमा भिन्नता | जमिन धसिने, भूकम्पमा कमजोर |
| Kalimati Formation (klm) | कालो माटो, तलाउ निक्षेप, कार्बनिक पदार्थयुक्त | भूकम्पमा तरलिकरण, जमिन धसिने |
| Lokundol Formation (lkl) | पुरानो तलाउ जमिन, माटो र सिल्ट | भूकम्पीय कम्पन वृद्धि दिने, तरलिकरण सम्भावना |
| Basement 3 (Bs 3) | मजबुत चट्टान, स्थायी भूआधार | न्यून विपद् जोखिम, तर भिरालो क्षेत्रमा भू-स्खलन हुनसक्छ |

**चन्द्रागिरि नगरपालिका :**




*चित्र नं. ६, स्रोतः JICA REKV परियोजना*

## २.१.४ भू-उपयोग अवस्था

प्रस्तुत तथ्याङ्कअनुसार, चन्द्रागिरि नगरपालिकाको कुल क्षेत्रफल ३२३८.४ हेक्टर रहेको छ । यस नगरपालिकाको भू-उपयोगको अवस्थालाई विश्लेषण गर्दा यहाँको अधिकांश भू-भाग वन र कृषि क्षेत्रले ओगटेको देखिन्छ ।  कुल भू-भागको सबैभन्दा ठूलो हिस्सा, अर्थात् ५२ प्रतिशत (१६७५.० हेक्टर), वन क्षेत्रले ढाकेको छ । जसले यस क्षेत्रको प्राकृतिक र वातावरणीय महत्वलाई दर्शाउँछ । त्यसपछि दोस्रो प्रमुख भू-उपयोग कृषि हो । जसले कुल क्षेत्रफलको ४४ प्रतिशत (१४२२.० हेक्टर) ओगटेको छ । यी दुई क्षेत्रले नै नगरपालिकाको ९६ प्रतिशत जमिन ओगटेका छन् ।

अन्य भू-उपयोगहरू तुलनात्मक रूपमा निकै कम क्षेत्रफलमा फैलिएका छन् । जलभण्डार (हाइड्रोग्राफी) क्षेत्रले ६०.१ हेक्टर (२%), व्यापारिक क्षेत्रले ३६.१ हेक्टर (१%), र औद्योगिक क्षेत्रले २८.१ हेक्टर (१%) भू-भाग ओगटेका छन् । बाँकी भू-उपयोगहरू नगण्य मात्रामा छन् । जसमा 'अन्य' शीर्षकमा ८.६ हेक्टर, सार्वजनिक प्रयोगमा ५.१ हेक्टर, र सांस्कृतिक प्रयोजनका लागि सबैभन्दा कम ३.३ हेक्टर जमिन रहेको छ । जसको प्रतिशत शून्य (०%) देखाइएको छ । समग्रमा, चन्द्रागिरि नगरपालिका मुख्यतया वन र कृषिमा आधारित क्षेत्र हो । जहाँ व्यापारिक, औद्योगिक तथा अन्य सहरी पूर्वाधारको विकास एकदमै सीमित रहेको देखिन्छ । समग्रमा, चन्द्रागिरिको भू-उपयोगको वर्तमान अवस्थाले एकातिर प्रचुर प्राकृतिक स्रोत (वन) र अर्कोतिर परम्परागत कृषि प्रणालीमाथि बढ्दो सहरी दबाबको यथार्थलाई प्रस्तुत गर्दछ ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. ४**

| भू-उपयोग | क्षेत्रफल (हेक्टर) | क्षेत्रफल % |
|---|---|---|
| कृषि | १४२२.० | ४४% |
| व्यापारिक | ३६.१ | १% |
| सांस्कृतिक | ३.३ | ०% |
| वन | १६७५.० | ५२% |
| जलाधार | ६०.१ | २% |
| औद्योगिक | २८.१ | १% |
| सार्वजनिक उपयोग | ५.१ | ०% |
| अन्य | ८.६ | ०% |
| **कुल जम्मा** | **३२३८.४** | **१००%** |

स्रोतः *National Land Use Project(NLUP) तथ्या°*




*चार्ट नं. १, स्रोतः National Land Use Project(NLUP) तथ्या°*

चन्द्रागिरि नगरपालिका :




*चित्र नं. ७ स्रोत: National Land Use Project (NLUP) परियोजना*

## २.१.५ जलवायु अवस्था

चन्द्रागिरि नगरपालिका, काठमाडौं उपत्यका समशीतोष्ण जलवायु भएको क्षेत्र हो । यसको विशिष्ट भौगोलिक बनावटले गर्दा यहाँको हावापानीमा विविधता पाइन्छ । नगरपालिकाको दक्षिणी भागमा अवस्थित चन्द्रागिरि डाँडाको उचाइका कारण माथिल्लो भेगमा चिसो र सफा हावापानी छ भने तल्लो सहरी क्षेत्रमा काठमाडौं उपत्यकाको जस्तो मौसमी छ । जलवायुको यही प्रकृति र उपत्यकाको कचौरा आकारको भू-धरातलले गर्दा, विशेषगरी हिउँदमा यहाँ गम्भीर वायुप्रदूषणको समस्या देखिन्छ। काठमाण्डौ उपत्यकामा तापक्रम वृद्धि र वर्षाको स्वरूपमा आएको परिवर्तनको प्रभाववाट चन्द्रागिरि नगरपालिका पनि अछुतो रहन सक्दैन । प्रस्तुत विश्लेषणले सन् १९६९ देखि २०२२ सम्मको यसपोर्ट स्टेशन-आधारित अवलोकित जलवायु तथ्याङ्क जल तथा मौसम विज्ञान विभागबाट सङ्कलन गरिएको थियो । चन्द्रागिरि नगरपालिकामा पर्न सक्ने असरहरूको विस्तृत अध्ययन गर्दछ ।

**चन्द्रागिरि नगरपालिका :**




*चित्र नं. ८, स्रोत: जल तथा मौसम विज्ञान विभाग*

## २.१.६ सामाजिक अवस्था

### जनसंख्या

चन्द्रागिरि नगरपालिकाले तीव्र जनसंख्या वृद्धि अनुभव गरेको छ। जसको मुख्य कारण बसाईसराई रहेको देखिन्छ। वि.सं. २०७८ को राष्ट्रिय जनगणना अनुसार, यस नगरपालिकाको कुल जनसंख्या १,३६,८६० पुगेको छ। जहाँ ३५,९९४ परिवार बसोबास गर्दछन्। यो जनसंख्यामा महिलाको हिस्सा ५०.१% (६८,५४७) र पुरुषको हिस्सा ४९.९% (६८,३०३) रहँदा लैंगिक अनुपात ९९.६३ कायम भएको छ, र नगरपालिकाको जनघनत्व ३,११६ प्रति वर्ग किलोमिटर रहेको छ। यो तथ्यांक एक दशक अघि, अर्थात् वि.सं. २०६८ को भन्दा निकै बढी हो, जतिबेला यहाँ जम्मा ८५,१९८ जनसंख्या र २०,५३२ घरपरिवार मात्र थिए। यसरी दुई जनगणनाको तुलना गर्दा जनसंख्यामा भएको उल्लेख्य वृद्धिले चन्द्रागिरि नगरपालिकामा बसाई सरेर आउनेहरूका लागि एक प्रमुख गन्तव्य बनेको स्पष्ट हुन्छ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. ५**

| वडा | पुरुष | महिला | जम्मा वडाको जनसंख्या |
|---|---|---|---|
| १ | ३६४२ | ३६७८ | ७३२० |
| २ | २६७० | २६२५ | ५२९५ |
| ३ | ४८४३ | ४९८४ | ९८२७ |
| ४ | ३०४५ | ३२४९ | ६२९४ |
| ५ | ५६९१ | ५७७६ | ११४६७ |
| ६ | ४६४९ | ४८०९ | ९४५८ |
| ७ | ४२११ | ४३७१ | ८५८२ |
| ८ | ४३४५ | ४३७१ | ८७१६ |
| ९ | ३०११ | ३०५० | ६०६१ |
| १० | ५३८८ | ५२५२ | १०६४० |
| ११ | ४१२९ | ३९७१ | ८१०० |
| १२ | ६४८१ | ६४९६ | १२९७७ |
| १३ | ३९०७ | ३८२८ | ७७३५ |
| १४ | ५८५२ | ५८०९ | ११६६१ |
| १५ | ६४३१ | ६३४८ | १२७७९ |
| जम्मा | ६८३०३ (४९.९) | ६८५४७ (५०.१) | १३६८५० |

*स्रोत :राष्ट्रिय जनगणना -२०६८*

**चन्द्रागिरि नगरपालिका :**




*चित्र नं. ९, स्रोतः JICA REKV परियोजना*

## २.१.७ जोखिम जनसंख्या

यस चन्द्रागिरि नगरपालिकामा जोखिममा पर्न सक्ने जनसंख्या (Vulnerable Population) को तथ्याङ्कलाई नक्सा मार्फत प्रस्तुत गर्नु हो । यसमा तीन समूहलाई समेटिएको छ । अपाङ्गता भएका व्यक्ति (कालो), बालबालिका (रातो), र वृद्धवृद्धा (नीलो) नक्सामा हेर्दा के देखिन्छ भने लगभग सबै वडाहरूमा बालबालिका र वृद्धवृद्धाको संख्या उल्लेख्य छ । विशेषगरी वडा नं. २, १२, १३, १४ र १५ जस्ता क्षेत्रहरूमा यो जनसंख्या बढी केन्द्रित देखिन्छ । यो तथ्याङ्कले विपद् व्यवस्थापन, स्वास्थ्य सेवा, र सामाजिक सुरक्षा जस्ता योजनाहरू बनाउँदा कुन वडालाई प्राथमिकता दिनुपर्छ भन्ने कुरा निर्धारण गर्न स्थानीय सरकारलाई मद्दत पुऱ्याउँछ । समग्रमा, नगरपालिकाको योजनाबद्ध विकास र विपद् जोखिम न्यूनीकरणका लागि एक महत्वपूर्ण आधार हो ।

**चन्द्रागिरि नगरपालिका :**




*चित्र नं. १०, स्रोतः JICA REKV परियोजना*

## २.१.८ जातिगत जनसंख्या

चन्द्रागिरि नगरपालिका एक बहुजातीय बसोबास भएको क्षेत्र हो । जहाँ मुख्यतया पहाडी ब्राह्मण/क्षेत्री र पहाडी जनजातिको बाहुल्यता रहेको छ। नगरपालिकाको कुल जनसंख्यामा सबैभन्दा ठूलो हिस्सा ब्राह्मण/क्षेत्री ससमुदायको छ, जसको संख्या ३२,६८४ अर्थात् कुल जनसंख्याको ४७.७% रहेको छ। त्यसपछि दोस्रो स्थानमा पहाडी जनजाति ससमुदायको उपस्थिति छ । जसको संख्या २७,४९३ अर्थात् ४०.१२४% छ । यी दुई ससमुदायको संयुक्त जनसंख्याले नै नगरपालिकाको कुल जनसंख्याको लगभग ८८ प्रतिशत हिस्सा ओगटेको छ । जसले यहाँ यिनै ससमुदायको मुख्य बसोबास रहेको स्पष्ट पार्छ । अन्य ससमुदायहरूमध्ये, पहाडी दलितको जनसंख्या २,५०२ ( ३.६५१%) रहेको छ । एक महत्वपूर्ण तथ्याङ्कको रूपमा, ३,८११ जना अर्थात् ५.५६२% जनसंख्याले आफ्नो पहिचान खुलाएका छैनन् । यसैगरी, 'अन्य' समूहमा १,२०६ (१.७६%) जनसंख्या रहेको छ । मधेसी, तराईका जनजाति, मुस्लिम र तराईका दलित जस्ता ससमुदायहरूको उपस्थिति भने अत्यन्तै न्यून (सबैको कुल जोड्दा करिब १.२%) रहेको देखिन्छ ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. ६**

| जात जति | वडा | | | | | | | | | | | | | | | वडागत जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | | |
| मधेसी | १७ | ० | ११ | ० | २९ | २० | ३० | १० | ० | २९ | ५३ | २७ | ३८ | २१ | ९३ | ३७८ | ०.५५२% |
| जनजाति (पहाड) | ८४० | ७५८ | २५५८ | २७०२ | २५७४ | १८९१ | १४३७ | १७८६ | २२६२ | २५१५ | ११०५ | २९९९ | ७३० | १८३५ | १५०१ | २७४९३ | ४०.१२४% |
| दलित (पहाड) | ३३० | ३०७ | १७२ | १८ | १४७ | २०७ | १८६ | ३५२ | १८५ | ५७ | ६० | ९९ | ३१ | १९६ | १५५ | २५०२ | ३.६५१% |
| ब्राम्हण / क्षेत्री | २५५५ | १६७४ | १६४३ | २४६ | १६७१ | २४२६ | २६९० | ३४३६ | १५६१ | १३५३ | ८४२ | ३१२५ | ३७६२ | २५५५ | ३१४५ | ३२६८४ | ४७.७% |
| दलित (तराई) | ४ | ३ | १३ | ० | १ | १० | ० | ० | ० | ० | ० | ० | ५ | ० | १६ | ५२ | ०.०७६% |
| मुस्लिम | १९ | ० | ११ | ० | १० | १६ | ६ | ० | १७ | ० | ० | ८ | ३७ | ८ | १० | १४२ | ०.२०७% |
| जनजाति (तराई) | ६ | ८ | ० | ४ | १० | ३१ | २३ | ३६ | १० | ० | ४० | १२ | ७ | ३१ | ३४ | २५२ | ०.३६८% |
| अन्य | ५८७ | ६२ | ६४ | १० | ७० | ८० | ४० | ४८ | ५२ | ८ | १० | १९ | १२३ | १४ | १९ | १२०६ | १.७६% |
| पहिचान नखोलिएको | १५४ | ६५ | ३० | ८२ | २५३ | १९२ | ३१० | ३९ | ५६४ | ९७ | ५३ | ५५० | १४७ | ४२३ | ८५२ | ३८११ | ५.५६२% |

*स्रोतः राष्ट्रिय जनगणना-२०७८*

## २.१.९ उमेर अनुसार जनसंख्या

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार चन्द्रागिरि नगरपालिकाको कुल जनसंख्या १,३६,६४२ रहेको छ। यसमध्ये पुरुष ६८,०८२ र महिला ६८,५६० जना छन् । जसले महिलाको संख्या पुरुषको भन्दा केही बढी भएको देखाउँछ । उमेर समूहअनुसार जनसंख्याको विश्लेषण गर्दा, यस नगरपालिकामा युवा तथा कामकाजी उमेर समूहको बाहुल्यता रहेको स्पष्ट हुन्छ । तथ्याङ्कअनुसार सबैभन्दा बढी जनसंख्या २५-२९ वर्ष उमेर समूहमा (१४,१२४ जना) रहेको छ भने त्यसपछि क्रमशः ३०-३४ वर्ष (१४,११८ जना) र १५-१९ वर्ष (१३,९६३ जना) उमेर समूहमा जनसंख्या केन्द्रीकृत छ । यसले चन्द्रागिरि नगरपालिकामा युवा तथा सक्रिय श्रमशक्ति उल्लेख्य संख्यामा रहेको संकेत गर्दछ । अर्कातर्फ, बालबालिकाको जनसंख्या (०-१४ वर्ष) पनि राम्रो छ, तर युवा समूहको तुलनामा केही कम देखिन्छ । उमेर बढ्दै जाँदा जनसंख्या क्रमशः घट्दै गएको पाइन्छ । ज्येष्ठ नागरिकतर्फ हेर्दा, ९५ वर्षभन्दा माथिका जम्मा ७७ जना नागरिकहरू छन्, जुन सबैभन्दा कम जनसंख्या भएको उमेर समूह हो । समग्रमा, यो तथ्याङ्कले चन्द्रागिरि नगरपालिकालाई एक युवा तथा गतिशील जनसंख्या भएको सहरोन्मुख क्षेत्रको रूपमा चित्रण गर्दछ ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. ७**

| उमेर | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ९५ माथि | ३३ | ४४ | ७७ |
| ९०-९४ | ९३ | ८८ | १८१ |
| ८५-८९ | २३९ | २०७ | ४४६ |
| ८०-८४ | ३८२ | ३७५ | ७५७ |
| ७५-७९ | ५३२ | ५६३ | १,०९५ |
| ७०-७४ | ९८५ | ९६९ | १,९५४ |
| ६५-६९ | १,२५५ | १,३०४ | २,५५९ |
| ६०-६४ | १,८४५ | १,८४९ | ३,६९४ |
| ५५-५९ | २,८८४ | २,८२९ | ५,७१३ |
| ५०-५४ | ३,८८९ | ३,३३५ | ७,२२४ |
| ४५-४९ | ४,८५९ | ३,९७० | ८,८२९ |
| ४०-४४ | ५,३५० | ५,४४४ | १०,७९४ |
| ३५-३९ | ५,६४४ | ५,९७९ | ११,६२३ |
| ३०-३४ | ७,०५३ | ७,०६५ | १४,११८ |
| २५-२९ | ७,२६० | ६,८६४ | १४,१२४ |
| २०-२४ | ६,५२० | ७,३५६ | १३,८७६ |
| १५-१९ | ६,३०० | ७,६६३ | १३,९६३ |
| १०-१४ | ५,६९३ | ५,८४८ | ११,५४१ |
| ५-९ | ५,६६६ | ५,५८९ | ११,२५५ |
| ०-४ | ५,५७३ | ५,१७४ | १०,७४७ |
| जम्मा | **६८,०८२** | **६८,५६०** | **१,३६,६४२** |

*स्रोतः राष्ट्रिय जनगणना-२०७८*

## २.१.१० अपाङ्गताको प्रकार अनुसार जनसंख्या

चन्द्रागिरि नगरपालिकाको तथ्याङ्कअनुसार, अपाङ्गता भएका व्यक्तिहरूको जनसंख्यामा प्रकारअनुसार उल्लेखनीय विविधता देखिन्छ । कुल १२७० जना अपाङ्गता भएका व्यक्तिहरूमध्ये सबैभन्दा बढी संख्या शारीरिक अपाङ्गता भएकाहरूको रहेको छ । उनीहरूको संख्या ५८३ (४५.९%) छ, जुन कुल अपाङ्गता जनसंख्याको झन्डै आधा हिस्सा हो । यसपछि 'अन्य' शीर्षकमा वर्गीकृत अपाङ्गता भएका व्यक्तिहरूको संख्या १३१ (१०.३%) रहेको छ ।

त्यसैगरी, स्वर र बोलाईसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरू १०३ जना (८.१%), मानसिक वा मनोसामाजिक अपाङ्गता भएका ९३ जना (७.३%), र सुस्तश्रवण भएका ७८ जना (६.१%) रहेका छन् । जसले नगरपालिकामा यी प्रकारका अपाङ्गताको पनि बलियो उपस्थिति देखाउँछ । दृष्टिसम्बन्धी अपाङ्गतामा न्यून दृष्टियुक्त ६५ जना र पूर्ण दृष्टिविहिन २१ जना छन् भने श्रवणसम्बन्धी अपाङ्गतामा बहिरापन भएका ५६ जना रहेका छन् । तथ्याङ्कमा सबैभन्दा कम संख्यामा अटिजम् (१ जना) र श्रवण दृष्टिविहिन (३ जना) जस्ता अपाङ्गता भएका व्यक्तिहरू पहिचान भएका छन् । समग्रमा, यो तथ्याङ्कले चन्द्रागिरि नगरपालिकामा शारीरिक अपाङ्गताको बाहुल्यता भए तापनि अन्य विभिन्न प्रकारका संवेदी, बौद्धिक, मानसिक र बहुअपाङ्गताको समेत उपस्थिति रहेको स्पष्ट पार्दछ । जसले लक्षित कार्यक्रमहरू तर्जुमा गर्न महत्त्वपूर्ण आधार प्रदान गर्दछ ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. ८**

| पेशा | वडा | | | | | | | | | | | | | | | वडागत जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | | |
| शारीरिक अपाङ्गता | २० | ५१ | २२ | २९ | ५४ | ६१ | ६८ | ३६ | ३४ | ६ | १० | ६१ | ९५ | १२ | २४ | ५८३ | ४५.९०६% |
| न्यून दृष्टियुक्त | ५ | ० | ० | १ | ६ | १४ | १० | ० | ० | ० | ५ | ३ | १४ | ७ | ० | ६५ | ५.११८% |
| पूर्ण दृष्टिविहिन | ० | ० | ० | ० | ० | ५ | ० | ० | ३ | ० | ३ | ० | ५ | ५ | ० | २१ | १.६५४% |
| बहिरापन | १० | ६ | ० | ० | २ | ० | ० | ० | ० | ११ | ७ | १७ | ३ | ० | ० | ५६ | ४.४०९% |
| सुस्तसश्रवण | १० | ० | ० | १६ | ११ | २ | ० | ० | २२ | ० | २ | १ | २ | १२ | ० | ७८ | ६.१४२% |
| श्रवण दृष्टिविहिन | ० | ० | ० | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ०.२३६% |
| स्वर र बोलाई | ४ | ४ | ० | ११ | १३ | ७ | १४ | ५ | १४ | २ | ० | १२ | ८ | ९ | ० | १०३ | ८.११% |
| मानसिक वा मनोसामाजिक | ६ | १५ | ३ | ६ | २ | १ | १७ | ० | ० | ० | ८ | १२ | १७ | २ | ४ | ९३ | ७.३२३% |
| बौद्धिक अपाङ्गता | २ | ० | ० | ७ | ० | ५ | २३ | ४ | ० | ० | ० | ९ | ६ | १ | १ | ५८ | ४.५६७% |
| अनुवंशीय अपाङ्गता | ० | ० | ० | ० | ० | ० | १० | ० | ० | ० | ३ | ८ | ० | ४ | ० | २५ | १.९६९% |
| अटिजम् | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | १ | ०.०७९% |
| बहुअपाङ्गता | १ | १० | ० | १० | १ | ६ | १३ | ० | ७ | ० | १ | २ | ० | २ | ० | ५३ | ४.१७३% |
| अन्य | ० | ५ | ० | ४ | २९ | २० | ९ | ० | ९ | ० | ५ | ४ | २२ | १० | १४ | १३१ | १०.३१५% |

*स्रोत: राष्ट्रिय जनगणना-२०७८*

## २.१.११ एकल महिला तथा विधुवाको जनसंख्या

चन्द्रागिरि नगरपालिकाका वडा नं १ देखि १५ सम्म एकल महिला र विधुवाहरूको प्रतिशतमा आधारित तथ्याङ्क देखिन्छ । समग्रमा हेर्दा, लगभग सबै वडाहरूमा एकल महिला (सुन्तला रङको बार) को प्रतिशत विधुवा (हरियो-निलो रङको बार) को भन्दा बढी देखिन्छ । तथ्याङ्क अनुसार, सबैभन्दा बढी एकल महिलाको प्रतिशत वडा नं ४ मा ९.९% रहेको छ । त्यसैगरी, सबैभन्दा बढी विधुवा महिलाको प्रतिशत वडा नं १, ४, ९ र १३ मा समान ७.३% रहेको पाइन्छ । अर्कोतर्फ, सबैभन्दा कम एकल तथा विधुवा महिलाको उपस्थिति वडा नं ११ मा देखिन्छ । जहाँ एकल महिला ४.२% र विधुवा महिला २.९% मात्र छन् । जसले नगरपालिकाभित्रको सामाजिक र जनसांख्यिक विविधतालाई स्पष्ट पार्दछ ।

**चन्द्रागिरि नगरपालिका :**




*चार्ट नं. २, स्रोत :राष्ट्रिय जनगणना-२०७८*

## २.१.१२ इन्टरनेट प्रयोगको जनसंख्या

चन्द्रागिरि नगरपालिकाका १५ वटा वडाहरूमा इन्टरनेट प्रयोग गर्ने परिवारको प्रतिशत विवरण देखाउँछ । यस तथ्याङ्क अनुसार, इन्टरनेट प्रयोगकर्ताको संख्या वडाहरूमा फरक-फरक रहेको पाइन्छ । सबैभन्दा बढी इन्टरनेट प्रयोग गर्ने परिवार वडा नं. १४ मा रहेका छन् । जहाँ यो संख्या ८५.३% छ । यसपछि वडा नं. १३ (८४.२%) र वडा नं. ९ ( ८३.४%) मा पनि इन्टरनेटको पहुँच उच्च देखिन्छ । अर्कोतर्फ, सबैभन्दा कम इन्टरनेट प्रयोग गर्ने परिवार वडा नं. २ मा केवल ६४.२% रहेका छन् । अधिकांश वडाहरूमा इन्टरनेट प्रयोगकर्ताको प्रतिशत ७०% देखि ८०% को बीचमा रहेको छ । जस्तै, वडा नं. ३ मा ८०.७%, वडा नं. ७ मा ८२.१%, र वडा नं. ११ मा ७८.९% परिवारले इन्टरनेट प्रयोग गर्छन् ।

**चन्द्रागिरि नगरपालिका :**




*चार्ट नं. ३, स्रोत :राष्ट्रिय जनगणना-२०७८*

## २.१.१३ बालबालिका र वृद्ध जनसंख्याको अवस्था

चन्द्रागिरि नगरपालिकाका विभिन्न वडाहरूमा बालबालिका र वृद्धवृद्धाको जनसंख्याको प्रतिशत वितरणलाई देखाउँछ । चार्ट अनुसार, बालबालिकाको जनसंख्या प्रतिशतमा वडाहरूबीच ठूलो भिन्नता देखिन्छ । सबैभन्दा बढी बालबालिकाको जनसंख्या प्रतिशत वडा नं. ४ मा ३०.७% रहेको छ । जुन सबैभन्दा उच्च हो । त्यसपछि वडा नं. १४ मा २९.८% र वडा नं. १० मा २७.९% रहेको छ । अर्कोतर्फ, सबैभन्दा कम बालबालिकाको जनसंख्या वडा नं. ५ मा १७% मात्रै छ । वडा नं. ११ (१८.२%) र वडा नं. ३ (१८.९%) मा पनि बालबालिकाको प्रतिशत तुलनात्मक रूपमा कम देखिन्छ । वृद्धवृद्धाको जनसंख्या प्रतिशतको हकमा, भिन्नता बालबालिकाको जस्तो धेरै छैन । यसमा पनि वडा नं. ४ नै सबैभन्दा अगाडि छ । जहाँ वृद्धवृद्धाको जनसंख्या ६.४% रहेको छ । त्यसैगरी, वडा नं. १४ मा ६.२% र वडा नं. १० मा ६.१% वृद्धवृद्धा रहेका छन् । सबैभन्दा कम वृद्धवृद्धाको जनसंख्या प्रतिशत वडा नं. ५ र वडा नं. ११ मा समान ४% रहेको छ । समग्रमा, वडा नं. ४ मा बालबालिका र वृद्धवृद्धा दुवै आश्रित जनसंख्याको प्रतिशत सबैभन्दा बढी छ भने वडा नं. ५ मा दुवै समूहको जनसंख्या प्रतिशत सबैभन्दा कम रहेको देखिन्छ । यसले वडाहरूको जनसांख्यिक बनोटमा विविधता रहेको स्पष्ट पार्छ ।

**चन्□ागिरि नगरपालिका :**



*चार्ट नं. ४ स्रोत :राष्ट्रिय जनगणना -२०७८*

## २.१.१४ साक्षर जनसंख्याले उत्तीर्ण गरेको शैक्षिक तह

तथ्याङ्कअनुसार, सबैभन्दा ठूलो जनसंख्याले प्रविणता तह (२९.६%) र प्राथमिक तह (२९.५%) उत्तीर्ण गरेको छ । जुन दुवै तहमा लगभग बराबर हिस्सा हो । यसपछि, निम्न माध्यमिक तह उत्तीर्ण गर्नेहरूको संख्या १५.२% र एसएलसी उत्तीर्ण गर्नेहरूको संख्या १४.९% रहेको छ । त्यसैगरी, स्नातक तह पूरा गर्ने जनसंख्या १०.७% र उच्च माध्यमिक तह (१०+२) पूरा गर्नेहरू ९.९% छन् । स्नाकोत्तर वा सोभन्दा माथिल्लो तहको शिक्षा हासिल गर्नेहरूको संख्या ५.१% छ भने पूर्व बालविकास तहमा ३.४% जनसंख्या रहेको छ । साक्षर भएर पनि कुनै औपचारिक तह पूरा नगर्नेहरू १.७%, शैक्षिक तह उल्लेख नभएकाहरू ०.३% र अन्य तहमा ०.२% रहेका छन् । जुन तुलनात्मक रूपमा निकै सानो हिस्सा हो ।

**चन्द्रागिरि नगरपालिका :**




*चार्ट नं. ५, स्रोत :राष्ट्रिय जनगणना -२०७८*

## २.१.१५ आर्थिक अवस्था

चन्द्रागिरि नगरपालिकाको अर्थव्यवस्था मिश्रित र गतिशील प्रकृतिको छ । जसको मुख्य आधार व्यापार, कृषि र पर्यटन हो । यस नगरपालिकाको सबैभन्दा ठूलो आर्थिक सबलता हो । यही रणनीतिक अवस्थितिका कारण यहाँ राजमार्ग केन्द्रित होटल, लज, रेस्टुरेन्ट तथा अन्य व्यापार-व्यवसायहरू फस्टाएका छन् । परम्परागत आर्थिक क्रियाकलापका साथै वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषणले यहाँको आयआर्जनमा महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

कृषि यहाँको अर्को प्रमुख आर्थिक क्षेत्र भए तापनि स्थानीय उत्पादनले नगरवासीको माग पूर्ण रूपमा धान्न सक्दैन । यहाँका किसानहरू परम्परागत बालीहरू (धान, मकै, गहुँ) देखि लिएर व्यावसायिक तरकारी खेती (गोलभेंडा, काउली, बन्दा) र व्याज खेतीमा संलग्न छन् । पशुपालनमा पनि परम्परागत (गाई, भैंसी, बाखा) र व्यावसायिक (खरायो, अष्ट्रिच, कालिज, माछा) दुवै अभ्यासहरू पाइन्छन् ।

नगरपालिकामा ठूला उद्योगहरूको अभाव भए पनि मझौला तथा साना घरेलु उद्योगहरूले स्थानीय स्तरमा रोजगारी सिर्जना गरेका छन् । निजी विद्यालय, सहकारी, फर्निचर, ग्रिल उद्योग र मिलहरू जस्ता निजी क्षेत्रका प्रतिष्ठानहरू रोजगारीका मुख्य स्रोत हुन् । साथै, तीव्र गतिमा भइरहेको वस्ती विकास र निर्माण कार्यले गर्दा दैनिक ज्यालादारीमा आधारित रोजगारीका अवसरहरू पनि बढेका छन् ।

**चन्द्रागिरि नगरपालिका :**




*चार्ट नं. ६ स्रोत : राष्ट्रिय जनगणना-२०७८*

## २.१.१६ शैक्षिक अवस्था

चन्द्रागिरि नगरपालिकाले सामुदायिक, संस्थागत (निजी), र धार्मिक (गुम्बा, आश्रम) लगायतका विविध प्रकृतिका शैक्षिक संस्थाहरूको सञ्जालमार्फत एक बृहत् शैक्षिक परिदृश्य निर्माण गरेको छ। प्राविधिक धार (कम्प्युटर र सिभिल इन्जिनियरिङ्ग), महिला विशेष विद्यालय, र सामुदायिक सिकाई केन्द्र जस्ता विशिष्टीकृत कार्यक्रमहरूले शैक्षिक पहुँचलाई फराकिलो बनाएको छ। सङ्घीय, प्रदेश र स्थानीय सरकारबीचको समन्वयात्मक प्रयासमा नगरपालिकाको शिक्षा शाखाले विद्यालयहरूको व्यवस्थापन, अनुगमन र नियमनमा सक्रिय भूमिका खेल्दै आएको छ। जसले शैक्षिक गुणस्तर र सुशासनलाई प्रवर्द्धन गर्ने आधार तयार पारेको देखिन्छ।

वि.सं. २०७६ मा "साक्षर नगरपालिका" घोषित हुनु र समग्र शैक्षिक अवस्थालाई "सन्तोषजनक" मानिनुजस्ता सकारात्मक सूचकका बाबजुद केही गम्भीर चुनौतीहरू पनि विद्यमान छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार कुल साक्षरता दर ६७.३% भए पनि पुरुष (८१.२%) र महिला (६१.२%) बीचको साक्षरतामा रहेको २० प्रतिशतको फराकिलो खाडलले लैङ्गिक असमानतालाई स्पष्ट पार्छ। अझ चिन्ताजनक विषय, घरधुरी सर्वेक्षणले विशेषगरी वडा नं. १२ मा ४१५ र वडा नं. ११ मा १४० जना बालबालिका अझै विद्यालयको पहुँचभन्दा बाहिर रहेको तथ्याङ्क प्रस्तुत गर्दछ। यो अवस्थाले साक्षरता घोषणाको व्यवहारिक कार्यान्वयन र सबै बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउने अभियानमा थप रणनीतिक लगानीको तत्काल आवश्यकता औंल्याउँछ। साथै, नगरपालिकाको आफ्नै शैक्षिक कोष व्यवस्थित हुन नसक्नुले पनि भविष्यका शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयनमा बाधा पुग्नसक्ने देखिन्छ। तसर्थ, भौतिक संरचना र संस्थागत विविधतामा अब्बल देखिँदै गर्दा, चन्द्रागिरि नगरपालिकाले लैङ्गिक समानता, पहुँच बाहिर रहेका बालबालिकाको समावेशीकरण र दिगो वित्तीय स्रोत व्यवस्थापन जस्ता पक्षमा केन्द्रित हुनु अनिवार्य छ।

**चन्द्रागिरि नगरपालिका :**




*चार्ट नं.७, स्रोत : राष्ट्रिय जनगणना-२०७८*

## २.१.१७ भवनको संरचनाको विवरण

चन्द्रागिरि नगरपालिकामा अधिकांश भवनहरू आधुनिक र पक्की प्रकृतिका रहेका छन् । कुल भवनहरूमध्ये लगभग ७० प्रतिशत (९,०१४ घर) आर.सी.सी. फ्रेम स्ट्रक्चरमा आधारित र आर.सी.सी. ढलानको छाना भएका छन् । जसले यस नगरपालिकामा आधुनिक निर्माण प्रविधिको प्रभुत्व देखाउँछ । यसपछि दोस्रो प्रमुख संरचनाको रूपमा सिमेन्टको जोडाइमा ढुङ्गा वा इँटाको गारो र आर.सी.सी. ढलानको छाना भएका भवनहरू रहेका छन् । जसको हिस्सा करिब १५ प्रतिशत (१,९६१ घर) छ । आर.सी.सी. फ्रेम स्ट्रक्चरमा जस्तापाताको छाना भएका घरहरू (५.५४%) तथा अन्य प्रकारका संरचनाहरूको उपस्थिति पनि देखिन्छ । यसको विपरित, माटोको जोडाइमा बनेका, जस्तापाता वा स्लेटको छाना भएका परम्परागत शैलीका घरहरू र कच्ची घरहरूको संख्या तुलनात्मक रूपमा न्यून रहेको छ । जसले नगरपालिकामा आधुनिक र सुरक्षित निर्माण विधिहरूको बढ्दो प्रयोगलाई स्पष्ट रूपमा संकेत गर्दछ ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. ९**

*स्रोत : राष्ट्रिय तथ्याङ्क विभाग-२०७८*

| प्रकार | वडा | | | | | | | | | | | | | | | वडागत जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | | |
| स्टिल फ्रेम स्ट्रक्चर | १६ | २ | ९१ | ३ | ० | ३ | २ | ४ | २० | ० | ५ | ९ | २ | ९ | ६ | १७२ | १.३३४% |
| आर.सी.सी फ्रेम स्ट्रक्चर र आर.सी.सी ढलानको छाना | ७६० | २७३ | १४६ | ३८५ | ६०६ | ७२९ | ७८० | ९०८ | २३९ | १४ | ४८१ | १३१४ | ३६९ | १०६५ | ९४५ | ९०१४ | ६९.९३% |
| आर.सी.सी फ्रेम स्ट्रक्चर र आर.सी.सी जस्ताको छाना | १४६ | ६८ | २ | ९ | १९ | २६ | ४८ | ७२ | १६ | ० | ३ | ९७ | १८ | ९७ | ९३ | ७१४ | ५.५३९% |
| सिमेण्टको जोडाइमा ढुङ्गा / इटाको गाह्रो र आर.सी.सी ढलानको छाना | ३ | ११६ | ० | ७० | १६१ | ८ | ११३ | ३२ | ६०८ | ८७ | ३८ | ७९ | ५३८ | १० | ९८ | १९६१ | १५.२१३% |
| माटोको जोडाइमा ढुङ्गा / इटाको गाह्रो र | ६ | २२ | ० | ११ | १९ | ५ | ७ | ५ | १४ | १ | १ | ११ | १८ | ८ | २६ | १५४ | १.१९५% |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आर.सी.सी ढलानको छाना | | | | | | | | | | | | | | | | | |
| सिमेण्टको जोडाइमा ढुङ्गा / इटा / ब्लकको गाह्रो र जस्ता / स्लेटको छाना | ९ | ५९ | ० | २३ | २२ | १९ | २९ | ३२ | ५८ | २ | २ | २६ | २४ | ७ | १९ | ३३१ | २.५६८% |
| माटोको जोडाइमा ढुङ्गा / इटा / ब्लकको गाह्रो र जस्ता / स्लेटको छाना | ३० | ४६ | ० | ३२ | ६ | ३० | ९ | १६ | १४ | ० | ० | २१ | १६ | ७ | २५ | २५२ | १.९५५% |
| सेड वा कच्चीघर | १० | ३१ | ० | ८ | २ | ७ | १५ | ३ | ११ | ० | ३ | ४ | १५ | ९ | २ | १२० | ०.९३१% |
| अन्य | ० | ७ | ० | १ | ३ | ७ | २ | ४ | ० | १ | ० | ५ | ५ | ४ | ० | ३९ | ०.३०३% |
| थाहा नभएको | ० | ४ | ७८ | ६ | १ | ४ | २ | ८ | ३ | ० | ० | १० | ० | ३ | १४ | १३३ | १.०३२% |

द्रष्टव्यः MBBS: माटोको बाँधिएको इँटा/ढुङ्गा, CBBS: सिमेन्ट जोडाइ इट्टा/ढुङ्गा, RCCP: पिलर सहितको RCC, WP: काठको पिलर oth: नखुलिएका

## चन्द्रागिरि नगरपालिका :




*चित्र नं. ११, स्रोतः JICA REKV परियोजना*

## २.१.१८ स्वास्थ्य संस्थाहरु

यस नगरपालिकामा सरकारी तथा निजी क्षेत्रका विभिन्न स्वास्थ्य संस्थाहरूले सेवा प्रदान गरिरहेका छन् । यहाँ बागेश्वरी, समाज, सशस्त्र प्रहरी बलद्वारा सञ्चालित अस्पतालका साथै मनमोहन मेमोरियल अस्पतालको शाखा पनि सञ्चालनमा छ। सरकारी स्वास्थ्य सेवा अन्तर्गत एक पन्ध्र-शय्याको थानकोट प्राथमिक अस्पताल, एक शहरी स्वास्थ्य केन्द्र तथा एघारवटा स्वास्थ्य चौकीहरूले नियमित सेवा दिइरहेका छन् । यसका अतिरिक्त, अन्य निजी पोलिक्लिनिकहरूले पनि बहिरङ्ग (OPD) र आकस्मिक सेवाहरू निरन्तर उपलब्ध गराउँदै आएका छन् ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. १०**

| क्र.स. | सेवा स्थल | संख्या |
|---|---|---|
| १ | नगर अस्पताल | १ |
| २ | स्वास्थ्य चौकी | ११ |
| ३ | आयुर्वेद औषधालय | १ |
| ४ | खोप क्लिनिक | १९ |
| ५ | क्षयरोग माइक्रोस्कोपी केन्द्र | ९ |
| ६ | क्षयरोग उपचार केन्द्र | १८ |
| ७ | पालिका कोल्डरुम | १ |
| ८ | भ्याक्सिन सप्लाई सेन्टर | १ |
| ९ | भ्याक्सिन सप्लाई सब-सेन्टर | १९ |
| १० | महिला स्वास्थ्य स्वयंसेविका | १४९ |
| ११ | निजी अस्पताल | ५ |
| १२ | सामुदायिक अस्पताल | १ |
| १३ | स्वास्थ्य सम्बन्धी सेवा प्रदान गर्ने गैह्र सरकारी संस्था | २ |
| १४ | पोली क्लिनिक र क्लिनिक तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरु | १३ |

*स्रोत: चन्द्रागिरि नगरपालिकाको स्वास्थ्य आकस्मिकता योजना-२०८१*

## २.२ प्रकोप, सम्मुखता, सङ्कटासन्नता, क्षमता र जोखिमको विश्लेषण

### प्रकोप जोखिम विश्लेषण

चन्द्रागिरि नगरपालिकाको प्रकोप जोखिम विश्लेषण एक बहुआयामिक प्रक्रिया हो । जसले यस क्षेत्रको भौगोलिक विविधता, तीव्र सहरीकरण र प्राकृतिक सम्पदालाई एकसाथ सम्बोधन गर्दछ । यो विश्लेषण गर्न सर्वप्रथम यहाँ सम्भावित प्रकोप (Hazard) हरूको पहिचान गर्नु आवश्यक छ । काठमाडौं उपत्यकाको संवेदनशील भूगर्भीय क्षेत्रमा अवस्थित भएकाले चन्द्रागिरि भूकम्पको उच्च जोखिममा छ । यसका साथै, यसको अधिकांश भू-भाग डाँडाकाँडा र भिरालो जमिनले बनेको हुनाले बर्खायाममा पहिरो जानु एक नियमित र गम्भीर समस्या हो । विशेषगरी जथाभावी सडक खन्दा र भू-उपयोग परिवर्तन हुँदा यो जोखिम झनै बढेको छ । बागमती, बल्खु जस्ता नदी र खोलाहरूमा आउने बाढी तथा आकस्मिक बाढीले तल्लो तटीय क्षेत्र र घनाबस्तीहरूलाई प्रभावित पार्छ । त्यस्तै, चन्द्रागिरिको वन क्षेत्रमा सुक्खायाममा लाग्ने डढेलो पनि अर्को प्रमुख प्रकोप हुन । जसले जैविक विविधता र मानव बस्ती दुवैलाई खतरामा पार्दछ ।

प्रकोपको सम्मुखता (Exposure) को विश्लेषण गर्दा, कुन-कुन मानवीय तथा भौतिक संरचनाहरू खतराको मार्गमा छन् भन्ने हेरिन्छ । तीव्र सहरीकरणले गर्दा थानकोट, नैकाप, सतुङ्गल, बलम्बु जस्ता घनाबस्तीहरू, त्रिभूवन राजपथ जस्तो राष्ट्रिय महत्वको सडक सञ्जाल, चन्द्रागिरि केबलकार, विभिन्न शैक्षिक तथा स्वास्थ्य संस्थाहरू, र हजारौं निजी तथा सार्वजनिक भवनहरू प्रकोपको प्रत्यक्ष सम्मुख छन् । यहाँको बढ्दो जनघनत्व र पूर्वाधारको विस्तारले सम्मुखताको स्तरलाई अझ बढाएको छ ।

सङ्कटासन्नता (Vulnerability) ले प्रकोपको सामना गर्न सक्ने वा नसक्ने अवस्थालाई जनाउँछ । यहाँको सङ्कटासन्नता भौतिक, सामाजिक र आर्थिक पक्षहरूमा देखिन्छ । भौतिक रूपमा, सरकारी मापदण्डविपरीत बनेका कमजोर घरहरू, साँघुरा गल्लीहरू र भिरालो जमिनमा बनेका असुरक्षित संरचनाहरूले भूकम्प र पहिरोको जोखिमलाई भयावह बनाएको छ । सामाजिक रूपमा, प्रकोपबारे जनचेतनाको कमी, पूर्वतयारीको अभाव र विपन्न तथा सीमान्तकृत ससससमुदायको प्रकोप सामना गर्ने कमजोर क्षमताले मानवीय क्षति बढाउन सक्छ । आर्थिक रूपमा, कृषि, व्यापार र पर्यटनमा आश्रित जीवनयापन प्रकोपका कारण सजिलै प्रभावित हुन सक्छ । जसले पुनर्लाभ प्रक्रियालाई जटिल बनाउँछ ।

यी चुनौतीका बाबजुद नगरपालिकासँग निश्चित क्षमता (Capacity) पनि छन् । नगरपालिकामा रहेको विपद् व्यवस्थापन समिति, वडास्तरीय संयन्त्रहरू, सुरक्षा निकाय (नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको उपस्थिति, रेडक्रस, विभिन्न गैरसरकारी संस्था र स्थानीय क्लब तथा आमा समूहहरूको सक्रियता महत्वपूर्ण क्षमता हुन् । यी निकायहरूले जनचेतना अभिवृद्धि, खोज तथा उद्धार र राहत वितरणमा महत्वपूर्ण भूमिका खेल्न सक्छन् । स्थानीय ज्ञान र ससससमुदायको आपसी सहयोगको भावना पनि एक अदृश्य तर शक्तिशाली क्षमता हो ।

अन्ततः, जोखिम (Risk) को समग्र विश्लेषण गर्दा, माथि उल्लिखित प्रकोप, सम्मुखता र सङ्कटासन्नतालाई क्षमताले भाग गरेर निकालिन्छ (जोखिम = (प्रकोप x सम्मुखता x सङ्कटासन्नता) ÷ क्षमता) । चन्द्रागिरिमा भूकम्पको उच्च प्रकोप र कमजोर भौतिक संरचना (उच्च सङ्कटासन्नता) का कारण भूकम्पीय जोखिम अत्यन्तै बढी छ । त्यसैगरी, अव्यवस्थित विकासले पहिरो र बाढीको जोखिमलाई निरन्तर बढाइरहेको छ । यस प्रकारको विस्तृत विश्लेषणले नै नगरपालिकालाई जोखिम न्यूनीकरणका लागि प्रभावकारी योजना बनाउन, पूर्वतयारी तथा प्रतिकार्य प्रणालीलाई सुदृढ गर्न र अन्ततः एक प्रकोप-प्रतिरोधी ससससमुदाय निर्माण गर्न ठोस आधार प्रदान गर्दछ ।

### २.२.१.प्रकोप विश्लेषण र लक्षित प्रकोप निर्धारण

### २.२.२ प्रकोप प्राथमिकीकरण

चन्द्रागिरि नगरपालिका भौगोलिक रूपमा भूकम्पीय जोखिमको क्षेत्रमा पर्दछ । भूकम्प लामो समयको अन्तरालमा घट्ने प्रकोप भए तापनि यसको प्रभाव र असरको क्षेत्र ठूलो हुने गर्छ । वि.सं. २०७२ सालको महाभूकम्पले चन्द्रागिरि नगरपालिकामा पारेको गहिरो असर र त्यसबाट सिर्जित क्षतिको विवरणका आधारमा यहाँका मुख्य प्रकोपमध्ये भूकम्पलाई पहिलो प्राथमिकतामा राखिएको छ ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. ११**

| सहभागी संख्या वडा अनुसार | भूकम्प | पहिरो | बाढी | कटान | डुवान | सडक दुर्घटना | विद्युतीय दुर्घटना | वन्यजन्तु आतंक | हावाहुरी | आगलगी | चट्याङ | महामारी | विषादी | असिना |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | *** | *** | ** | ** | ** | ** | ** | ** | ** | ** | ** | * | ** | * |
| २ | *** | *** | *** | ** | * | *** | ** | *** | ** | ** | ** | ** | ** | * |
| ३ | *** | ** | * | ** | ** | ** | ** | ** | ** | ** | ** | * | ** | * |
| ४ | *** | ** | * | * | * | *** | ** | * | * | ** | ** | ** | * | * |
| ५ | *** | *** | *** | *** | *** | *** | ** | ** | ** | ** | ** | * | ** | * |
| ६ | *** | *** | * | *** | * | *** | ** | ** | ** | ** | ** | * | ** | * |
| ७ | *** | *** | *** | ** | ** | * | ** | * | ** | ** | ** | ** | ** | * |
| ८ | *** | *** | *** | * | * | * | *** | ** | *** | ** | ** | ** | ** | * |
| ९ | *** | *** | * | ** | *** | * | ** | *** | ** | ** | ** | ** | ** | * |
| १० | *** | *** | *** | *** | *** | *** | ** | * | *** | ** | ** | ** | ** | * |
| ११ | *** | *** | *** | *** | *** | ** | ** | * | ** | ** | ** | ** | * | * |
| १२ | *** | *** | *** | *** | *** | ** | ** | * | ** | ** | * | ** | ** | * |
| १३ | *** | *** | *** | *** | *** | ** | ** | * | ** | ** | ** | ** | ** | * |
| १४ | *** | *** | *** | ** | *** | ** | ** | * | ** | ** | ** | ** | * | * |
| १५ | *** | ** | *** | *** | *** | *** | ** | * | ** | ** | ** | * | ** | * |
| **स्तरीकरण** | ४५ | ४२ | ३६ | ३५ | ३४ | ३३ | ३१ | २४ | ३२ | ३० | २९ | २५ | २८ | १५ |

यस चन्द्रागिरि नगरपालिकाको प्रकोपको प्राथमिकीकरण गरी विश्लेषण गर्दा पहिलो भूकम्प, दोस्रो पहिरो, तेस्रो बाढी, चौथो कटान, पाँचौ डुवान, छैटौं सडक दुर्घटना, सातौं हावाहुरी, आठौं विद्युतीय दुर्घटना, नवौं आगलागी, दशौं चट्याङ, एघारौं विषादी, बाह्रौ महामारी, तेह्रौ वन्यजन्त आतंक, र चौधौंमा असिना रहेका छन ।

## २.२.३ ऐतिहासिक प्रकोप विवरण

यस चन्द्रागिरि नगरपालिका विगतमा कुन प्रकोपबाट कस्तो विपत्ति परेको थियो भन्ने जानकारी लिन विपद्को ऐतिहासिक प्रकोप तथ्याङ्क विवरण तयार गरिएको छ । यस विधिको प्रयोग गर्दा विशेष गरी ज्येष्ठ नागरिक तथा स्थानीय ससससमुदायसँग छलफल गरिएको छ । यसबाट प्रकोपको दोहोरिने प्रवृत्ति, त्यसले पुऱ्याउने भौतिक, सामाजिक, आर्थिक, मानवीय वा प्राकृतिक क्षति तथा प्रभावको बारेमा जानकारी एकीकृत गर्न सकिन्छ । उपलब्ध गराएको विवरणमध्ये मानवीय र भौतिक क्षति धेरै भएका विवरणलाई वडागत रूपमा तपसिलबमोजिम उल्लेख गरिएको छ ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. १२**

| वडा | विपद् | वर्ष र महिना | स्थान | विषयगत क्षेत्र र उप क्षेत्र | | | | | प्रभावित परिवार | सूचनाको प्रमाणीकरणविधि |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आर्थिक क्षति | सामाजिक क्षति | भौतिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति | | |
| १ | पहिरो | २०८१ | सुवेदीगाउँ | | | ४ वटा घर पूर्ण क्षति | | | | समुदायसँग छलफल |
| २ | पहिरो | २०५८ | झयाप्ले खोला | | | | ९ जना मृत्यू | | | समुदायसँग छलफल |
| | | २०७५ | मसिने | | | | १ जना मृत्यू र २ जना घाइते | | | समुदायसँग छलफल |
| | | २०७५ | औसलीचौर | | | | १ जना मृत्यु र ३ जना घाइते | | | मुदायसँग छलफल |
| | | २०८० | मसिने | | | | ३ जना मृत्यु | | | मुदायसँग छलफल |
| | | २०८१ | मसिने | | | | २ जना मृत्यु र २ जना घाइते | | | मुदायसँग छलफल |
| | | २०८१ असोज १२ | झयाप्ले खोला | | | | ३५ जना मृत्यु | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ असोज १२ | मसिने | | | | २ जना मृत्यु र २ जना घाइते | | | समुदायसँग छलफल |
| ४ | पहिरो | २०५०/२०५१ | थानकोट | | | | ४ जानाको मृत्यू | | | समुदायसँग छलफल |
| ५ | पहिरो | वर्षेनी | किसिपिडी | | | | | | २०० घरधुरी | समुदायसँग छलफल |
| ७ | पहिरो | २०८१ | घुमाउने | | | खेतियोग्य जमिन र वालीनाली | | | | समुदायसँग छलफल |
| | | २०८१ | वानस्थली | | | खेतियोग्य जमिन र त्रिवेणी मार्ग (बाटो) | | | | समुदायसँग छलफल |
| ८ | पहिरो | २०५८/०५९ | बाफ्राचौर | | | | १६ जनाको मृत्यू | | | समुदायसँग छलफल |
| | | २०८१ असोज १२ | ढाक्सी, कुवापानी, गैरीगाँउ | | | २ घरधुरी पूर्ण क्षति | | | | समुदायसँग छलफल |
| १२ | पहिरो | २०५१ असोज १२ गते | चुनदेवी,रोक्क गाउँ, मुखिया, घिमिरेगाउँ,आदित्वश्वर मन्दिर र कालापानी | खेतियोग्य जमिन | | मन्दिरमा सामान्य क्षति | | खेतियोग्य जमिन कटान | | समुदायसँग छलफल |
| १३ | पहिरो | २०५१, असार १२ | कंकाली | | | खेतियोग्य जमिन | | | | समुदायसँग छलफल |
| १४ | पहिरो | वर्षेनी | वाल कुमारी मन्दिर परिसर | | | | | | | समुदायसँग छलफल |
| १५ | पहिरो | २०७६ | साउनेपानी | | | १ घर पूर्ण क्षति | | | | समुदायसँग छलफल |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | डुवान | वर्षेनी | कालापानी, सृजर्नाचोक,त्रिवेणी, कालोखोला, खहरे खोला | | | खेतियोग्य जमिन | | | | समुदायसँग छलफल |
| १ | आगलागी | २०८१ | चापाबोट वन उपभोक्ता समिति कौरनी देखि मान डाडाँ (साविक ४ र ७ गहते) | | | | | वोटविरुवाहरु | | समुदायसँग छलफल |
| २ | आगलागी | २०८१ | पातल ठोस्ने सामुदायिक वन र चिसापानी | | | | | ७० प्रतिशत आगलागी | | मुदायसँग छलफल |
| | | २०८१ | मसिने सामुदायिक वन | | | | | वोटविरुवा, चराचुरुङी तथा जनावरहरु | | मुदायसँग छलफल |
| ३ | आगलागी | इनाखेल | २०८० | | | विद्युतीय तारको क्षति | | | | समुदायसँग छलफल |
| ७ | आगलागी | २०८० | महाङकाल सामुदायिक वन, घुमाउने | | | | | वोटविरुवा तथा जनावरहरु | | समुदायसँग छलफल |
| ८ | आगलागी | २०८१ | समताटोल | | | १ कपडा पसल, लुगा सिउने मेसिन क्षति | | | | समुदायसँग छलफल |
| | | २०६८ | ख्याङलाङ | | | च्याउ फार्म र ४ वटा टडेल | | | | समुदायसँग छलफल |
| ९ | आगलागी | २०८१ बैशाख | शान्तिवन | | | | | वोटविरुवा र चरचुरुङ्गी | | समुदायसँग छलफल |
| १० | आगलागी | २०८१ | देउचा र टिसनडोल | | | कवाडी संकलन गर्ने ठाउँ पूर्ण क्षति | | | | समुदायसँग छलफल |
| ११ | आगलागी | २०८२ जेष्ठ १ | सतुङ्गल चोक | करिब (६ करोड ८१ | | राधेराधे मार्ट पूर्ण क्षति | | | | समुदायसँग छलफल |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | लाख बराबरको क्षति ) | | | | | | |
| | | २०८० | विष्णुदेवि शिक्षा सदन तल | करिब (१ करोड बराबरको क्षति ) | | जुत्ता फयाक्ट्री | | | | समुदायसँग छलफल |
| | | २०७१ | सतुङ्गल ( सिजी ग्रुप डिजिटल पार्क) | करिब (७ करोड बराबरको क्षति ) | | सिजी ग्रुप डिजिटल पार्क) | | | | समुदायसँग छलफल |
| | | २०७७ वैशाख | सतुङ्गल | करिब (१० लाख बराबरको क्षति ) | | कपडा पेल्ने फयाक्ट्री | | | | समुदायसँग छलफल |
| १२ | आगलागी | २०८१ | रानीवन साससमुदायीक वन | | | | | वोटविरुवामा क्षति तथा चराचुरुङ्गी तथा जनावरहरु | | सससमुदायसँग छलफल |
| | | २०८१ | बलम्बु | अवौको क्षति | | सशस्त्र प्रहरी वलको स्टोर | | | | समुदायसँग छलफल |
| १३ | आगलागी | २०८२ | लामाचौर (वाँसघारी) र कंकाली | | | | | वोटविरुवा र चराचुरुङ्गी | | समुदायसँग छलफल |
| १ | चट्याङ | २०५४ | साविक ३ –दहचोक | | | | १ जनाको मृत्यू | | | समुदायसँग छलफल |
| ६ | चट्याङ | २०८० | कुसिरोचौर | | | | १ जनाको मृत्यू | | | समुदायसँग छलफल |
| ७ | चट्याङ | २०६५ | चापको बोट | | | | १ जनाको मृत्यू | | | समुदायसँग छलफल |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | चट्याङ | २०७५ | हरियालीटोल | | | २ वटा घर पूर्ण क्षति र विद्युतीय पोल | | | | समुदायसँग छलफल |
| १ | सडक दुर्घटना | २०७९ | | | | | १ जनाको मृत्यू | | | समुदायसँग छलफल |
| ५ | सडक दुर्घटना | दैनिक | गुर्जुधारा र देउचा टनिङ | | | | | | | समुदायसँग छलफल |
| ६ | सडक दुर्घटना | २०८१ | त्रिभूवन राजपथ (हिमाल पेट्रल पम्प नजिक) | | | | १ जनाको मृत्यू | | | समुदायसँग छलफल |
| ७ | सडक दुर्घटना | २०८९ | गणेशमान मार्ग | | | | १ जनाको मृत्यू | | | समुदायसँग छलफल |
| १० | सडक दुर्घटना | दैनिक | त्रिभूवन राजमार्ग | | | | | | | समुदायसँग छलफल |
| ११ | सडक दुर्घटना | २०६४ | सिप्रदी अगाडी | | | | १ जना मृत्यू | | | समुदायसँग छलफल |
| | | २०८१ | सिप्रदी अगाडी | | | | १ जना मृत्यू | | | समुदायसँग छलफल |
| | | २०८० | सतुङ्गल चोक | | | | | | | |
| | | २०७२ | कागेश्वरी अस्पताल अगाडी | | | | १ जना मृत्यू | | | समुदायसँग छलफल |
| १२ | सडक दुर्घटना | दैनिक | बलम्बु क्षेत्र र ध्याम्पेटोल देखि वाडभञ्जयाङ क्षेत्र | | | | | | | समुदायसँग छलफल |
| १३ | सडक दुर्घटना | २०७९ | झोलेटोल | | | | १ जना मृत्यू | | | समुदायसँग छलफल |
| १४ | सडक दुर्घटना | २०७५ | नैकाप चोक | | | | २ जना मृत्यू | | | समुदायसँग छलफल |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | विद्युतीय दुर्घटना | २०७४ | सतुङ्गल (नेपाल ग्लास उद्योगको अगाडी) | | | | १ जना मृत्यू र १ जना घाइते | | | समुदायसँग छलफल |
| १२ | विद्युतीय दुर्घटना | २०८१ | हरियालीटोल, घारीगाउँ र सिमर्चा | | | | ३ जना घाईते | | | समुदायसँग छलफल |
| १३ | विद्युतीय दुर्घटना | २०८२ | वडा कार्यालय अगाडी एनटिसीको टावर नजिक | | | टिभी, वासिङ मेसिन, फ्रिज र वाईफाई राउटर आदि | | | | समुदायसँग छलफल |
| १ | हावाहुरी | वर्षेनी | | | | | | | | समुदायसँग छलफल |
| ६ | हावाहुरी | २०७९ | मातातिर्थ कुण्ड | | | | १ जनाको मृत्यू | रुखले च्यापेर | | समुदायसँग छलफल |
| १३ | हावाहुरी | वर्षेनी | सबै वडा | | | | | अन्नवाली, फलफूलको फूल र फल झर्ने | | समुदायसँग छलफल |
| १४ | हावाहुरी | वर्षेनी | फूटवल ग्राउड र बालकुमारी क्षेत्र | | | | | बालीनाली र फलफूलका फूल र फल झर्ने | | समुदायसँग छलफल |
| १ | खडेरी | २०६८ | सबै वडा | | | | | वालीनाली, विऊ विजनमा असर | | समुदायसँग छलफल |
| २ | जनावर आतंक | २०७९ | मसिने | | | | १ जना घाइते | वालीनाली, गाइहरु, वाखाहरु | २०० घरधुरी | मुदायसँग छलफल |
| ९ | बाढी | २०८१ असार ११ र १२ गते | मिलन वस्ती | | | खेतियोग्य जमिन र १ | | | | समुदायसँग छलफल |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | वटा पुल पूर्ण क्षति | | | | |
| ११ | बाढी | २०८१ | विष्णुदेवी हाउजिङ्ग बालकुमारी क्षेत्र | | | | | | १०० घरधुरी | समुदायसँग छलफल |
| १२ | बाढी | वर्षेनी | इन्द्रावती खोला वल्खुखोला र बलम्बु क्षेत्र | ३०० रोपनी | | | | खेतियोग्य जमिन कटान, मन्दिर र विद्यालय भवन साथै घरधुरी | | समुदायसँग छलफल |
| १५ | बाढी | २०८१ असोज ११ | विष्णुदेवी ख्योल | | | खेतियोग्य जमिन | | | | समुदायसँग छलफल |
| ४ | गाडी दुर्घटना | २०८० पौष २७ | सेतो पहरा | | | | ४ जानाको मृत्यू | | | समुदायसँग छलफल |
| ६ | कटान | वर्षेनी | मातातिर्थ कुण्ड | | | खेतियोग्य जमिन | | | ५५ घरधुरी | समुदायसँग छलफल |
| १० | पहिरो कारण बगाएको | २०६८ | देउचा खोला | | | ६ रोपनी खेतियोग्य जमिन बगाएको | | | | समुदायसँग छलफल |
| ११ | आसिना | २०६१ | वडा सबै | | | हिउँदे खेती नष्ट | | | | समुदायसँग छलफल |

## २.२.४ प्रकोप पात्रो/मौसम पात्रो/बाली पात्रो

यस चन्द्रागिरि नगरपालिकामा कुन समयमा कुन प्रकोप हुन्छ भनेर पत्ता लगाई त्यसको समयरेखा तयार गरिएको छ । जलवायु परिर्वतनका दृष्टिले पछिल्ला वर्ष प्रकोपको समय र महिनाहरु के-कस्तो फरक तथा परिर्वतन देखियो भन्नका लागि पनि ससमुदाय तथा विपद् व्यवस्थापन समितिसँग छलफल गरी तालिकामा जोखिम महिनाहरुलाई रङ लगाएर संकेत गरिएको छ ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. १३**

| प्रकोप | समय | वैशाख | जेष्ठ | असार | श्रावण | भाद्र | असोज | कार्तिक | मङ्सिर | पुष | माघ | फाल्गुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वर्षा महिना | पहिले | | | ■ | ■ | ■ | ■ | | | | | | |
| | अहिले | | | ■ | ■ | ■ | ■ | | | | | | |
| गर्मी महिना | पहिले | ■ | ■ | ■ | | | | | | | | | ■ |
| | अहिले | ■ | ■ | ■ | | | | | | | | | ■ |
| जाडो महिना | पहिले | | | | | | | | ■ | ■ | ■ | ■ | |
| | अहिले | | | | | | | | ■ | ■ | ■ | ■ | |
| बाढी | पहिले | | | ■ | ■ | | | | | | | | |
| | अहिले | | | ■ | ■ | | | | | | | | |
| पहिरो | पहिले | | | ■ | ■ | ■ | | | | | | | |
| | अहिले | | | ■ | ■ | ■ | | | | | | | |
| आगलागी | पहिले | ■ | | | | | | | | | | | ■ |
| | अहिले | ■ | | | | | | | | | | | ■ |
| खडेरी | पहिले | ■ | | | | | | | | | | | ■ |
| | अहिले | ■ | | | | | | | | | | | ■ |
| प्रदुषण | पहिले | | | | | | | | | | | | |
| | अहिले | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ |
| भोकमरी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| साइँसराइ | पहिले | | | | | | | | | | | | |
| | अहिले | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ |
| विरुवाको व्यवहार फलफल्ने | पहिले | | ■ | ■ | | | | | | | | | ■ |
| | अहिले | | ■ | ■ | | | | | | | | | ■ |
| पानीको मल | पहिले | | | ■ | ■ | ■ | | | | | | | |
| | अहिले | | | ■ | ■ | ■ | | | | | | | |
| धान रोप्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | ■ | ■ | | | | | | | | | | |
| धान भित्र्याउने | पहिले | ■ | ■ | | | | | ■ | ■ | | | | |
| | अहिले | | | | | | | ■ | ■ | | | | |

## २.२.५ लक्षित प्रकोप

चन्द्रागिरि नगरपालिकामा विभिन्न प्राकृतिक तथा मानव सिर्जित प्रकोपहरूको जोखिम रहेको छ । जसमध्ये केहीलाई उच्च प्राथमिकतामा राखिएको छ । विशेषगरी, बारम्बार जाने र गम्भीर प्रभाव पार्ने पहिरो; कहिलेकाहीँ मात्र भए पनि विनाशकारी क्षति पुऱ्याउने आगलागी; र निरन्तर रूपमा गम्भीर असर गर्ने सडक दुर्घटनालाई 'उच्च' प्रकोप तहमा वर्गीकरण गरिएको छ । यस्तै, बारम्बार आउने बाढीलाई 'मध्यम-उच्च' तहको जोखिम मानिएको छ । यसका अतिरिक्त, भूकम्प र महामारी जस्ता दुर्लभ तर विनाशकारी प्रकोपहरूका साथै कटान, डुवान, चट्याङ र वन्यजन्तु आतंक जस्ता मध्यम तहका अन्य जोखिमहरूले पनि नगरपालिकाको समग्र विपद् जोखिमको चित्रलाई जटिल बनाएका छन् ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. १४**

| क्र.सं. | प्रकोपको प्रकार | आवृत्ति | प्रभाव | प्रकोप तह |
|---|---|---|---|---|
| १ | भूकम्प | दुर्लभ | विनाशकारी | मध्यम |
| २ | बाढी | बारम्बार | गम्भीर | मध्यम उच्च |
| ३ | पहिरो | बारम्बार | गम्भीर | उच्च |
| ४ | आगलागी | कहिलेकाहीँ | विनाशकारी | उच्च |
| ५ | कटान | बारम्बार | मध्यम | मध्यम |
| ६ | डुवान | बारम्बार | मध्यम | मध्यम |
| ७ | सडक दुर्घटना | बारम्बार | गम्भीर | उच्च |
| ८ | विद्युतीय दुर्घटना | कहिलेकाहीँ | गम्भीर | मध्यम |
| ९ | वन्यजन्तु आतंक | कहिलेकाहीँ | मध्यम | मध्यम |
| १० | हावाहुरी | कहिलेकाहीँ | मध्यम | मध्यम |
| ११ | चट्याङ | कहिलेकाहीँ | गम्भीर | मध्यम |
| १२ | महामारी | दुर्लभ | विनाशकारी | मध्यम |
| १३ | विषादी | कहिलेकाहीँ | मध्यम | न्यून |
| १४ | असिना | कहिलेकाहीँ | गम्भीर | मध्यम |

## २.२.६ आवृत्ति र प्रभाव प्रकोप म्याट्रिक्स

चित्रमा देखाइएको आवृत्ति र प्रभाव विचार गर्ने प्रकोप म्याट्रिक्स परिमाणात्मक विधि (Quantitative Method) अन्तर्गत प्रस्तुत गरिएको छ । यो म्याट्रिक्स विपद् जोखिम विश्लेषणलाई सरल, व्यवस्थित र तथ्यमा आधारित बनाउन अत्यन्तै जरुरी देखिन्छ । यसको मुख्य उद्देश्य कुनै पनि विपद्को सम्भावित जोखिमलाई दुईवटा महत्वपूर्ण आधारमा मापन गर्नु हो । पहिलो, त्यो विपद् कति पटक वा कुन सम्भावनाका साथ घट्न सक्छ (आवृत्ति), र दोस्रो, यदि विपद् भैहालेमा त्यसले कति जनधनको क्षति पुऱ्याउन सक्छ (प्रभाव) । यो म्याट्रिक्सले विभिन्न प्रकोपहरूको आवृत्ति (जस्तैः धेरै बारम्बार, दुर्लभ) र प्रभाव (जस्तैः नगण्य, विनाशकारी) लाई एकै ठाउँमा राखेर तुलना गरिन्छ । जसले गर्दा कुन प्रकोप बढी खतरनाक र प्राथमिकतामा राख्नुपर्ने हो भनी स्पष्ट रूपमा पहिचान गर्न सकिन्छ । यसरी प्राथमिकता निर्धारण भएपछि स्थानीय तह, विज्ञ तथा सरोकारवालाहरूले सीमित स्रोत र साधनलाई सबैभन्दा बढी जोखिमयुक्त प्रकोपको न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्य योजनामा प्रभावकारी रूपमा केन्द्रित गर्न सक्छन् । तसर्थ, यो विधिले विपद् व्यवस्थापन कार्यलाई वैज्ञानिक र तथ्यपरक बनाउँदै जोखिम न्यूनीकरणका लागि सही निर्णय लिन महत्वपूर्ण भूमिका खेल्दछ ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. १५**

प्रभाव

आवृत्ति

| | नगण्य | सामान्य | मध्यम | कम गम्भीर | गम्भीर | विनाशकारी |
|---|---|---|---|---|---|---|
| धेरै बारम्बार | मध्यम न्यून | मध्यम | मध्यम उच्च | उच्च | उच्च | चरम |
| बारम्बार | न्यून | मध्यम न्यून | मध्यम | मध्यम उच्च | मध्यम उच्च | उच्च |
| सम्भावना | न्यून | मध्यम न्यून | मध्यम | मध्यम उच्च | मध्यम उच्च | उच्च |
| कम सम्भावना | न्यून | मध्यम न्यून | मध्यम न्यून | मध्यम | मध्यम उच्च | मध्यम उच्च |
| अति कम सम्भावना | न्यून | न्यून | मध्यम न्यून | मध्यम | मध्यम | मध्यम |
| दुर्लभ | नगण्य | न्यून | न्यून | मध्यम न्यून | मध्यम न्यून | मध्यम |

## २.२.७ भूकम्प प्रकोप सूचना नक्सा

चन्द्रागिरि नगरपालिकामा भूकम्पका कारण भूकम्पको कम्पनको प्रभाव र तीव्रता देखाउन परिमार्जित मेर्काली तीव्रता (MMI) र भू-सतहको उच्चतम गति (PGA) वितरण नक्साहरू प्रयोग गरिन्छ। यस (MMI) नक्सामा नगरपालिकाको पश्चिमी र पहाडी क्षेत्रमा कम्पनको तीव्रता बढी (सुन्तला र रातो रङ) देखाइएको छ। जुन त्यहाँको भौगोलिक बनोट र भूकम्पीय तरंगको प्रवर्धन (amplification) को असर हुन सक्छ। यसले कुन क्षेत्रमा भूकम्पीय कम्पनको प्रत्यक्ष असर बढी पर्छ भन्ने जानकारी दिन्छ। (PGA) नक्साले जमिन हल्लिने प्राविधिक गति र बललाई मापन गर्छ। जुन इन्जिनियरिङ डिजाइनका लागि महत्वपूर्ण हुन्छ। नक्सामा देखाइए अनुसार, (PGA) को मान पनि पश्चिमी र उत्तरी क्षेत्रहरूमा बढी छ। जसले ती क्षेत्रमा जमिनको कम्पन सबैभन्दा शक्तिशाली हुने संकेत गर्दछ। जसको मुख्य कारण त्यहाँको भौगोलिक बनोट र भूकम्पीय तरंगको प्रवर्धन हो। यसले ती क्षेत्रहरू भूकम्पीय कम्पनको प्रत्यक्ष असरमा सबैभन्दा जोखिमपूर्ण रहेको सङ्केत गर्छ।

**चन्द्रागिरि नगरपालिका :**







*चित्र नं. १२, स्रोत: JICA REKV परियोजना,* (बायाँ: PGA, दायाँ: MMI)

## २.२.८ भूकम्प प्रकोपले बाटो, विद्यालय भवन अन्य सरकारी भवनहरु क्षति नक्सा

चन्द्रागिरि नगरपालिकाले भूकम्प कारण जस्ता विपद्को तयारीका लागि एकीकृत नक्साहरू प्रयोग गरेको छ । एउटा नक्साले भवन भत्किँदा सडक अवरुद्ध हुने उच्च सम्भाव्यतालाई देखाउँछ । विशेषगरी पूर्वी घना बस्ती क्षेत्रमा यो जोखिम ९०-१००% सम्म रहेको छ । यही जोखिमलाई ध्यानमा राख्दै, अर्को नक्साले तिनै जोखिमयुक्त क्षेत्रमा रहेका विद्यालय, स्वास्थ्य संस्था र सरकारी भवन जस्ता महत्वपूर्ण संरचनाहरूलाई 'उच्च प्राथमिकताका रूपमा पहिचान गरेको छ । यी दुई नक्साले आपत्कालीन अवस्थामा वैकल्पिक मार्ग खोल्न र जोखिममा रहेका अत्यावश्यक सेवाहरूलाई सुरक्षित गर्न स्रोतहरू कहाँ केन्द्रित गर्ने भन्ने स्पष्ट मार्गनिर्देशन प्रदान गर्दछ ।

**चन्द्रागिरि नगरपालिका :**







*चित्र नं. १३ स्रोत: JICA REKV परियोजना, (बायाँ: बाटो र भवन , दायाँ: विद्यालय र अन्य सरकारी भवन)*

## २.२.९ भूकम्प प्रकोपले ढल तथा खानेपानी सञ्जालमा हुन क्षतिको नक्सा

चन्द्रागिरि नगरपालिकाको भूकम्पका कारण ढल तथा खानेपानी सञ्जालको क्षति वितरण नक्साले विपद्को समयमा दुवै प्रणालीमा हुने क्षति मुख्यतया नगरपालिकाको पूर्वी भेगमा केन्द्रित हुने देखाउँछ । ढल सञ्जालमा जमिनको द्रवीकरण जस्ता कारणले पाइपलाइन भाँचिने (क्षतिको लम्बाइमा आधारित) र खानेपानी सञ्जालमा प्रति किलोमिटर क्षति हुने (क्षतिको संख्यामा आधारित) अनुमान गरिएको छ । यी नक्साहरूले विपद् पश्चात् सरसफाइ र खानेपानी अभावजस्ता जनस्वास्थ्य समस्याहरूको पूर्वानुमान गर्न तथा मर्मत-सम्भारका लागि प्राथमिकता निर्धारण गर्न महत्वपूर्ण आधार प्रदान गर्दछन् ।

**चन्द्रागिरि नगरपालिका :**







*चित्र नं. १४, स्रोत: JICA REKV परियोजना, बायाँ: ढल सञ्जाल, दायाँ: खानेपानी सञ्जाल*

चन्द्रागिरी नगरपालिका भित्र शैक्षिक संस्था भवन,स्वास्थ्य संस्था भवन र सरकारी कार्यालय भवनमा भूकम्पबाट हुन सक्ने क्षतिको सम्भावना (Damage Probability) को आधारमा तिनीहरूलाई निम्न दुई श्रेणीमा वर्गीकरण गरेर सूचीमा समावेश गरिएको छ ।

**चन्द्रागिरी नगरपालिका : तालिका नं. १६**

| क्र.सं. | नाम | ठेगाना | संरचनाको प्रकार | तला | आयोजनाको प्रकार |
|---|---|---|---|---|---|
| **शैक्षिक संस्था भवन** | | | | | |
| १ | भैरवनाथ माध्यमिक विद्यालय | काठमाडौं चन्द्रागिरी-१० | CMM | २ | उच्च प्राथमिकताको आयोजना |
| २ | चण्डी भैरव माध्यमिक विद्यालय | काठमाडौं चन्द्रागिरी-२ | NA | १ | उच्च प्राथमिकताको आयोजना |
| ३ | श्री चण्डिका देवी माध्यमिक विद्यालय | काठमाडौं चन्द्रागिरी-२ | CMM | १ | उच्च प्राथमिकताको आयोजना |
| **सरकारी कार्यालय भवन** | | | | | |
| १ | वडा १५ कार्यालय | काठमाडौं-चन्द्रागिरी-१५ | NERC | ३ | उच्च प्राथमिकताको आयोजना |

## २.२.१० भूकम्प प्रकोपले बिजुलीको पोलमा हुने क्षतिको नक्सा

चन्द्रागिरि नगरपालिकामा भूकम्पका कारण बिजुलीका पोलहरूमा हुन सक्ने क्षतिको वितरण देखाउँछ । यसमा प्रति ग्रिड (निश्चित क्षेत्र) मा क्षति हुने पोलहरूको संख्यालाई विभिन्न रङहरूले देखाइएको छ। हल्का पहेँलो रङले कम क्षति (०-२ पोल) र गाढा रातो रङले बढी क्षति (१० भन्दा बढी पोल) हुने सम्भावनालाई जनाउँछ। क्षति मुख्यतया नगरपालिकाको पूर्वी र घना बस्ती भएका क्षेत्रहरूमा केन्द्रित छ। जहाँ भवनहरू भत्किँदा त्यसको असरले पोलहरूमा क्षति पुग्ने सम्भावना बढी हुन्छ। यो नक्साले विपद्पछि विद्युत आपूर्ति पुनर्स्थापना गर्न कहाँ बढी स्रोत र जनशक्ति आवश्यक पर्छ भनेर योजना बनाउन मद्दत गर्दछ।

**चन्द्रागिरि नगरपालिका :**




*चित्र नं. १५, स्रोतः JICA REKV परियोजना, बिजुलीका पोलमा क्षति*

## २.२.११ स्रोतको विश्लेषण

चन्द्रागिरि नगरपालिकाको योजना निर्माण गर्नका लागि आवश्यक पर्ने स्रोतहरूको पहिचान र विश्लेषण गर्न सूचना सङ्कलन एक महत्वपूर्ण पहिलो चरण हो । यस अन्तर्गत, नगरपालिकाको आर्थिक, भौतिक, मानवीय, प्राकृतिक तथा सांस्कृतिक स्रोतहरूको यथार्थपरक जानकारी प्राप्त गर्न प्राथमिक र द्वितीयक गरी दुवै प्रकारका स्रोतहरूबाट तथ्याङ्क तथा सूचनाहरू सङ्कलन गरिन्छ । प्राथमिक स्रोतअन्तर्गत, नगरपालिकाका स्थानीय विपद् व्यवस्थापन समिति सहित जनप्रतिनिधिहरू, कर्मचारीहरू, विषयगत विज्ञहरू, स्थानीय बुद्धिजीवीहरू, उद्योगी-व्यवसायीहरू, र ससमुदायका अगुवाहरूसँग छलफल गरि सूचना लिइन्छ । साथै, स्थलगत अवलोकन मार्फत भौतिक पूर्वाधार, प्राकृतिक सम्पदा (वन, नदी, खानी) र पर्यटकीय सम्भावनाहरूको प्रत्यक्ष जानकारी हासिल गरिन्छ ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. १७**

| विवरण | चन्द्रागिरि नगरपालिका | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| (क) भौतिक स्रोत | वडा नं.१ | वडा नं.२ | वडा नं.३ | वडा नं.४ | वडा नं.५ | वडा नं.६ | वडा नं.७ | वडा नं.८ | वडा नं.९ | वडा नं.१० | वडा नं.११ | वडा नं.१२ | वडा नं.१३ | वडा नं.१४ | वडा नं.१५ |
| भूकम्प प्रतिरोधी विद्यालय भवनहरू | १ वटा | ४ वटा | १ वटा | १ वटा | १ वटा | १ वटा | १ वटा | २ वटा | २ वटा | १ वटा | १ वटा | १ वटा | ३ वटा | १ वटा | १ वटा |
| पुलहरू | | १६ वटा | ४ वटा | | | २ वटा | | | ३ वटा | ६ वटा | ३ वटा | ६ वटा | | १ वटा | १५ वटा |
| खुला ठाउँहरू | | ७ वटा | ५ वटा | १० वटा | १० वटा | ८ वटा | | ८ वटा | १० वटा | ९ वटा | २ वटा | १५ वटा | ५ वटा | २ वटा | १५ वटा |
| हेलिकप्टर अवतरण गर्न सक्ने स्थान | | | | १ वटा | | | | | | | | १ वटा | | | |
| पूर्व चेतावनी प्रणाली | २ वटा | | | | | | | | | | | | | | |
| लाइफ ज्याकेट | | | | | | | | | | | | | | | |
| डुङ्गाहरू | | | | | | | | | | | | | | | |
| रबरको डुङ्गा | | | | | | | | | | | | | | | |
| डोरीहरू | | | | २ रोल | | | | २ रोल | | | | २ रोल | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आगो नियन्त्रण उपकरण सेट | | | | | | | | | | | | | | | |
| Fire Ball | | | | | | | | | | | | | | | |
| खोज र उद्दार कार्यका लागि सामग्री (बेल्चा, पिक, डोरी आदि) | १ सेट | | | १ सेट | १ सेट | १ सेट | | १ सेट | १ सेट | १ सेट | १ सेट | १ सेट | १ सेट | १ सेट | १ सेट |
| क्षतिग्रस्त पूर्वाधारहरू हटाउन र काट्ने उपकरण | | | | | | | | | | | | | | | |
| त्रिपाल | | | | | | | | | | | | | | | |
| कम्बल | | | | | | | | | | | | | | | |
| Hygiene Kit | | | | | | | | | | | | | | | |
| Baby Kit | | | | | | | | | | | | | | | |
| Dignity Kit | | | | | | | | | | | | | | | |
| आश्रय निर्माण सामग्री | | | | | | | | | | | | | | | |
| अपाङ्गता भएका व्यक्तिहरूको लागि उपकरण | | | | | | | | | | | | | | | |
| सुरक्षा हेलमेट | | | ५ वटा | १८ वटा | १६ वटा | १६ वटा | | | | | | ४ वटा | १८ वटा | | |
| स्ट्रेचर | | १ वटा | | | | | | | | | | | | ५ वटा | |
| एम्बुलेन्स | | | | १ वटा | | | | | | | | | १ वटा | | |
| दमकल | | | | | | | | | | | | | | | |
| आपत्कालीन टर्च लाइट | | | | | १ वटा | | | | | | | | | | |
| गमबुट | | | | | | २ जोर | | | | | | | | | |
| औषधियुक्त झुल | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ह्यान्ड माइक | | | | | | | | | | | | | | | |
| Kitchen and Household Kit | | | | | | | | | | | | | | | |
| पानी शुद्धीकरण रसायन | | | | ५ वटा | | | | | | ५ वटा | | | ५ वटा | ५ वटा | |
| पानी फिल्टर गर्ने मेसिन | | | | | | | | | | | | | | | |
| डोजर | | | | | | | | | | | | | | | |
| PPE सेट | | | | | | | | | | | | | | | |
| मास्क | | | | | | | | | | | | | | | |
| सेनिटाइजर | | | | | | | | | | | | | | | |
| थर्मल गन | | | | | | | | | | | | | | | |
| सर्जिकल पन्जा | | | | | | | | | | | | | | | |
| साबुन | | | | | | | | | | | | | | | |
| पियुष | | | | | | | | | | | | | | | |
| पानी परीक्षण किट | | | | | | | | | | | | | | | |
| अस्थायी शौचालय उपकरण | | | | | | | | | | | | | | | |
| आपत्कालीन पानी ट्याङ्की | | | | | | | | | | | | | | | |
| पानी आयात ट्याङ्कर | | | | | | | | | | | | | | | |
| आपत्कालीन पाइपहरू | | | | | | | | | | | | | | | |
| वन्यजन्तु जनावरहरूलाई हटाउनका लागि उपकरण | | | | | | | | | | | | | | | |
| किटनाशकहरू | | | | | | | | | | | | | | | |
| Gabions | | | | | | | | | | | | | | | |
| CGI Sheets | | | | | | | | | | | | | | | |
| लुगा | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Anti Venom | | | | | | | | | | | | | | | |
| मानव संसाधन | | | | | | | | | | | | | | | |
| भूकम्प प्रतिरोधी घर बनाउन सक्ने दक्ष व्यक्ति | | १० जना | ५० जना | | १०० जना | १५ जना | | | ५० जना | | | | | | ५ जना |
| एक प्रशिक्षित पौडी खेलाडी | | | | | ५० जना | | | | ६ जना | | | | | | |
| प्राथमिक उपचार गर्न सक्ने व्यक्ति | | | | | | | | | | | | | | | |
| ग्रामीण महिला स्वास्थ्यकर्मी | १५ जना | १३ जना | १० जना | १३ जना | ६ जना | ५ जना | | १३ जना | १२ जना | १० जना | ५ जना | १२ जना | १३ जना | १० जना | १३ जना |
| मनोसामाजिक परामर्शदाता | | ३ जना | ४ जना | | | | | | | | | | | | |
| RRT | | | | | | | | | | | | | | | |
| Fire Extinguisher | | ८ वटा | ३ वटा | २५ वटा | | | | २ वटा | ४ वटा | | ७ वटा | ४ वटा | | | १८ वटा |
| Gabion Wire Mesh बुन्न सक्षम व्यक्ति | | | | | | | | | | | | | | | |
| अस्थायी आवास निर्माण गर्ने प्रशिक्षित जनशक्ति | | | | | | | | | | १५ जना | | | | | |
| शव व्यवस्थापन गर्न जनशक्ति | | | | | | | | | | | | | | | |
| विपद् व्यवस्थापन सम्बन्धी तालिम दिन सक्ने जनशक्ति | | | | ७ जना | १६ जना | | | | | ७ जना | ७ जना | ५० जना | | | २ जना |
| प्रशिक्षित पशु चिकित्सक | | १ जना | | ३ जना | | | | | | १ जना | | | | | १ जना |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| (ख) सामाजिक स्रोत | | | | | | | | | | | | | | | |
| सुरक्षित आश्रय केन्द्र | | | | | | | | | | | | | | | |
| मठ मन्दिर जहाँ आश्रय लिन सकिन्छ | | १० वटा | ८ वटा | १२ वटा | ३० वटा | २० वटा | ५ वटा | २० वटा | १५ वटा | ५ वटा | १५ वटा | २० वटा | १४ वटा | ४ वटा | १५ वटा |
| सामुदायिक भवन | ४ वटा | ८ वटा | ३ वटा | ४ वटा | ४ वटा | ६ वटा | १ वटा | ९ वटा | ८ वटा | ३ वटा | ५ वटा | २० वटा | ८ वटा | ३ वटा | १५ वटा |
| (ग) आर्थिक स्रोत | | | | | | | | | | | | | | | |
| ठूलो व्यापार व्यवसाय ( खाद्य) | | ७ वटा | ३ वटा | ७ वटा | ५ वटा | ५ वटा | १० वटा | ७ वटा | ७ वटा | ७ वटा | ९ वटा | ४ वटा | ७ वटा | ५ वटा | ६ वटा |
| ठूला व्यवसायहरू (गैर-खाद्य) | | ८ वटा | ११ वटा | १५ वटा | १० वटा | १० वटा | १५ वटा | १५ वटा | ५ वटा | ९ वटा | ३० वटा | १० वटा | ५ वटा | ७ वटा | १५ वटा |
| वडा विपद् व्यवस्थापन कोष | | | | | | | | | | | | | | | |
| सामुदायिक विपद् व्यवस्थापन कोष | | | | | | | | | | | | | | | |
| महिला बचत समूह | | | १४ वटा | १२ वटा | ७ वटा | १ वटा | २७ वटा | १२ वटा | १ वटा | ५ वटा | १९ वटा | ६ वटा | १ वटा | १२ वटा | |
| समूह कोष रु | | | | | | | | | | | | | | | |
| सहकारी | ३ वटा | २ वटा | ११ वटा | ७ वटा | ६ वटा | १ वटा | ५ वटा | ४ वटा | १३ वटा | ६ वटा | ८ वटा | ९ वटा | २ वटा | ५ वटा | ११ वटा |
| बैंक तथा वित्तीय संस्थाहरू | | | ४ वटा | २ वटा | २ वटा | २ वटा | २ वटा | २ वटा | १ वटा | १ वटा | ३ वटा | ४ वटा | १ वटा | २ वटा | ३ वटा |
| (घ) प्राकृतिक स्रोत | | | | | | | | | | | | | | | |
| खेतीयोग्य जमिन | | १० हजार रोपनी | ५ प्रतिशत | १० प्रतिशत | १०० रोपनी | | १००० रोपनी | | | २५ प्रतिशत | १०० रोपनी | | २० प्रतिशत | २० प्रतिशत | ४०० रोपनी |
| बाँस भएको बस्ती | | | | १० वटा | | | | | | | | | ३ वटा | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सार्वजनिक कुवाहरू | ७ वटा | १५ वटा | ४ वटा | ३ वटा | १ वटा | ३ वटा | ९ वटा | | १ वटा | ३ वटा | १ वटा | १०० वटा | ६ वटा | ९ वटा | १० वटा |
| व्यक्तिगत कुवा वा इनार | | ५० प्रतिशत | | ५० प्रतिशत | | | | | | ५० प्रतिशत | | ९ वटा | | | |
| ग्याबिन पर्खालको लागि आवश्यक ढुङ्गाको स्रोत<br>ताल र पोखरी (निजी र सार्वजनिक) | | | | १ वटा | २ वटा | १ वटा | १ वटा | | | | | १ वटा | | १ वटा | |
| | | | | | | | | | | | | | | १ वटा | |
| माछापालन व्यवसाय | | ५०० हेक्टर | | १ वटा | १ वटा | १ वटा | | | | | | १ वटा | | २ वटा | |
| सामुदायिक वन (हेक्टर वा रोपनी) | | | | | | ४७ हेक्टर | | | | १ वटा | | ६ वटा | ३ वटा | | २०० रोपनी |
| राष्ट्रिय निकुञ्ज/संरक्षण क्षेत्र | | | | १० वटा | | १ वटा | | | | ६ वटा | | १५ वटा | | | |
| नहरहरू | | ७०० रोपनी | | १ वटा | | २ वटा | | | | ९ वटा | | १ वटा | ५ वटा | | |
| प्रयोग नभएको सरकारी जग्गा | | | १० रोपनी | | १० रोपनी | | | | | | | | | | २० रोपनी |

## २.२.१२ सुरक्षित तथा खुल्ला स्थानहरु

चन्द्रागिरि नगरपालिकामा विपद्को समयमा सुरक्षित तथा खुला स्थानहरूको विशेष महत्त्व हुन्छ । यस्ता स्थानहरूलाई आपत्कालीन अवस्थामा प्रभावित व्यक्ति तथा ससससमुदायका लागि अस्थायी आश्रयस्थलको रूपमा प्रयोग गर्न सकिन्छ। यही आवश्यकतालाई मध्यनजर गर्दै चन्द्रागिरि नगरपालिकाभित्र विपद्को समयमा प्रयोग गर्न सकिने केही स्थानहरूलाई अस्थायी आवासका लागि पहिचान गरेको छ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. १८**

| वडा नं | स्थान | किसिम | क्षेत्रफल |
|---|---|---|---|
| १ | मनमोहन अस्पताल अगाडीको प्राङ्गण | खुल्ला स्थान | |
| २ | बाँणभञ्ज्याङ्ग | खुल्लाचौर | ५० रोपनी |
| ३ | टोटिटोल चौतारा, गणेश मन्दिर | खुल्लाचौर | |
| ४ | थानकोट, त्रिभूवन पार्क | खुल्लाचौर, सासससमुदायीक भवन १ वटा | १५० रोपनी |
| ५ | आकाशेटोल, यातायात कार्यालय अगाडीको चौर, गल्फ खेल्ने ठाउँ | खुल्ला स्थान | |
| ६ | महादेवस्थान | मातातिर्थ कुण्ड परिसर | २०० रोपनी |
| ७ | वनदेवी मन्दिर | त्रिवेणीधाम परिसर | |
| ८ | वडा कार्यालय अगाडिको पार्क | | |
| ९ | मच्छेगांउ | मच्छेनारायण मन्दिर परिसर, टौखेल बुद्धपार्क | |
| १० | निर्माणधिन फुटवल ग्राउण्ड, पानी टयाङ्की क्षेत्र, पाखा चौर, सिम्चा चौर, देवाली चौर, विन्दवासिनी मन्दिर क्षेत्र, वेसिगाउँ चौर लाछि | खुल्लाचौर | |
| ११ | जरुचा पार्क | खुल्ला स्थान | |
| १२ | बलम्बु मा. वि. परिसर ३५ कोठा, जिससको जग्गा, गलेपार्क | हाल भेहिकल एकेडेमी गुर्जुधारा | |
| १३ | लामोचौर, थापाचौर, मदनभण्डारी थापागाउँ, गणेश पुस्तकालय | | |
| १४ | नयाँ नैकाप फडबल ग्राउण्ड, बालकुमारी क्षेत्र | फुटवल ग्राउण्ड | |
| १५ | विष्णुदेवी मन्दिर परिसर, | विष्णुदेवी मन्दिर परिसर, | |

*स्रोत : विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७*

## २.२.१३ स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको विश्लेषण

यस अनुसूचीमा उल्लेख भएका सङ्कटासन्नता तथा क्षमता विश्लेषणका औजारको प्रयोगबाट ससससमुदायमा विपद्को सामना गर्न अपनाउने गरिएका विधिहरूको सूची तयार गरी निम्नबमोजिमको खाकामा स्थानीय ज्ञान, सीप र विधिको सूचीकरण गर्नु पर्नेछ । यसले विपद्को समना गर्न भविष्यमा अपनाउनु पर्ने विधिको पहिचान गर्नेछ जसबाट स्थानीय ज्ञान र सीपको प्रबर्द्धन गर्न सहयोग पुग्नेछ ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. १९**

| क्र.स. | विपद्को प्रकार | पछिल्लो समय घटेको विपद् | पूर्वतयारी तथा न्यूनीकरणका कार्य | | विपद् प्रतिकार्य | |
|---|---|---|---|---|---|---|
| | | | एकल | समूहमा | एकल | समूहमा |
| १. | भूकम्प | वि.सं. २०७२ को भूकम्प र त्यसपछिका पराकम्पनहरू | घरमा आपत्कालीन झोला तयार राख्ने, फर्निचरहरू सुरक्षित गर्ने, सुरक्षित स्थान पहिचान गर्ने । | ससससमुदायमा सचेतना, भूकम्प प्रतिरोधी भवन निर्माणमा जोड, खुला स्थानको पहिचान र संरक्षण गर्ने । | आफ्नो र परिवारको उद्धार, प्राथमिक उपचार, सुरक्षित स्थानमा जाने । | खोज तथा उद्धार, राहत वितरण, अस्थायी आश्रयस्थल निर्माण र व्यवस्थापन गर्ने । |
| २. | पहिरो | बर्खायाममा डाँडाकापा र भिरालो जमिनमा जाने पहिरो | घर वरिपरि वृक्षरोपण गर्ने, भित्तामा प्लास्टर गर्ने, पानीको निकास व्यवस्थित गर्ने । | ग्याबियन जाली भर्ने, बायो-इन्जिनियरिङ, सडकको नाली सफा गर्ने, सचेतना कार्यक्रम गर्ने । | सुरक्षित स्थानमा सर्ने, छिमेकी र सम्बन्धित निकायमा खबर गर्ने । | खोज र उद्धार, बाटो खुलाउने, विस्थापितलाई सहयोग र राहत प्रदान गर्ने । |
| ३. | बाढी | बाणगंगा, महादेवखोला जस्ता स्थानीय खोलामा आउने बाढी | महत्वपूर्ण कागजात र सामान सुरक्षित र अग्लो स्थानमा राख्ने, घर छाड्नुपर्ने अवस्थाको लागि तयारी गर्ने । | नदीतटीय क्षेत्रमा तटबन्ध निर्माण, खोला-नाला सफा राख्ने, पूर्वसूचना प्रणालीको विकास गर्ने । | अग्लो स्थानमा जाने, विद्युतको मेन स्विच बन्द गर्ने, परिवारलाई सुरक्षित राख्ने । | उद्धार कार्य (डोरी, डुङ्गा प्रयोग), अस्थायी शिविर सञ्चालन, राहत वितरण गर्ने । |
| ४. | कटान | खोला किनारका खेतीयोग्य जमिन र बस्ती कटान हुनु | खोला किनारमा बाँस, घाँस जस्ता बोटबिरुवा रोप्ने । | तटबन्ध निर्माण, वृक्षरोपण अभियान, जोखिम क्षेत्रमा बसोबास नगर्न सचेतना कार्यक्रम संचालन गर्ने । | आफ्नो सम्पत्ति (पशु चौपाया, सरसामान) सुरक्षित स्थानमा सार्ने । | सामूहिक श्रमदानमा अस्थायी तटबन्ध बनाउने, पीडितलाई सहयोग गर्ने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | डुवान | भारी वर्षाले थानकोट, सतुंगल जस्ता समथर भूभागमा हुने डुवान | घरको भुइँतला अग्लो बनाउने, घरको नाली सफा राख्ने । | सार्वजनिक ढल र नालीको नियमित सफाइ, अव्यवस्थित प्लटिङलाई निरुत्साहित गर्ने । | सामानहरू माथिल्लो तलामा सार्ने, घर वरिपरि बालुवाको बोरा राख्ने । | पानी बाहिर फाल्न मद्दत गर्ने, डुवानमा परेकालाई सुरक्षित स्थानमा सार्ने । |
| ६. | सडक दुर्घटना | त्रिभुवन राजपथ ( नागढुङ्गा खण्ड) मा हुने दुर्घटना, सडक जाम | सुरक्षित तरिकाले सवारी चलाउने, ट्राफिक नियम पालना गर्ने, गाडीको नियमित जाँच गर्ने । | सडक सुरक्षाबारे सचेतना, खतरनाक मोडमा संकेत चिन्ह राख्न पहल, सडक मर्मतको माग गर्ने । | घाइतेलाई प्राथमिक उपचार दिने, प्रहरी र एम्बुलेन्सलाई खबर गर्ने । | उद्धारमा सहयोग, ट्राफिक व्यवस्थापन, घाइतेलाई अस्पताल पुऱ्याउन मद्दत गर्ने । |
| ७. | विद्युतीय दुर्घटना | करेन्ट लागेर वा सर्ट सर्किट भएर हुने आगलागी र दुर्घटना | घरमा राम्रो वायरिङ गर्ने, नाङ्गो तार नछुने, गुणस्तरीय उपकरण प्रयोग गर्ने । | जोखिमपूर्ण तार र पोलबारे विद्युत प्राधिकरणलाई जानकारी, विद्युतीय सुरक्षा सचेतना कार्यक्रम गर्ने । | मेन स्विच बन्द गर्ने, काठको लट्ठीले तार पन्छाउने, तुरुन्त स्वास्थ्य संस्था लैजाने । | घटनास्थल सुरक्षित राख्ने, पीडितलाई अस्पताल लैजान सहयोग गर्ने । |
| ८. | वन्यजन्तु आतंक | चितुवा जस्ता जनावर बस्तीमा पसेर मानिस र पशुमाथि आक्रमण | गोठ सुरक्षित बनाउने, बिहान/बेलुका एक्लै हिँडडुल नगर्ने । | सामुदायिक वन उपभोक्ता समूह मार्फत सचेतना, वन कार्यालयसँग समन्वय गर्ने । | होहल्ला गरेर जनावर भगाउने प्रयास गर्ने, घरभित्रै बस्ने । | वन कार्यालय/प्रहरीलाई खबर गर्ने, समूहमा मिलेर जनावरलाई सुरक्षित रूपमा धपाउने । |
| ९. | हावाहुरी | चैत/वैशाखमा चल्ने हावाहुरीले घरको छाना उडाउनु, रुख ढल्नु | घरको छाना बलियो बनाउने, घर नजिकका सुकेका हाँगा काट्ने । | सामुदायिक भवन सुरक्षित बनाउने, सार्वजनिक स्थानका जोखिमपूर्ण रुख हटाउन पहल गर्ने । | घरभित्र झ्यालबाट टाढा बस्ने, सुरक्षित स्थानमा ओत लाग्ने । | बाटोमा ढलेका रुख पन्छाउने, घरमा क्षति पुगेकालाई सहयोग गर्ने । |
| १०. | आगलागी | घर, पसल र वरपरका जङ्गलमा हुने आगलागी | घरमा अग्नि-निवारक यन्त्र राख्ने, ग्यास लिक र बिजुली सर्ट हुन नदिने । | वनमा डढेलो नियन्त्रणका लागि अग्नि-रेखा निर्माण, जनचेतना, पानीको स्रोत सुनिश्चित गर्ने । | आगो निभाउने प्रयास गर्ने, दमकल र प्रहरीलाई खबर गर्ने, घर खाली गर्ने । | आगो निभाउन सहयोग गर्ने, पीडितको उद्धार र राहतको व्यवस्था गर्ने । |
| ११. | चट्याङ | वर्षायाममा चट्याङ पर्दा हुने मानवीय र पशुधनको क्षति | घरमा अर्थिङ ,जडान गर्ने, चट्याङ पर्दा अग्लो रुख वा खुला ठाउँमा नबस्ने । | चट्याङबाट बच्ने उपायबारे सचेतना फैलाउने । | घरभित्र बस्ने, विद्युतीय उपकरण बन्द गर्ने, घाइतेलाई प्राथमिक उपचार दिने । | घाइतेलाई तत्काल अस्पताल लैजान सहयोग गर्ने, पीडित परिवारलाई सान्त्वना दिने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२. | महामारी | कोभिड-१९, डेंगु, झाडापखाला जस्ता रोगको प्रकोप | व्यक्तिगत सरसफाइ, खोप, मास्कको प्रयोग, स्वस्थ जीवनशैली निर्माण गर्ने । | ससमुदायमा सरसफाइ अभियान, सचेतना, स्वास्थ्य स्वयंसेविकामार्फत सूचना प्रवाह गर्ने । | बिरामी हुँदा स्वास्थ्य संस्था जाने, आइसोलेसनमा बस्ने, स्वास्थ्य मापदण्ड पालना गर्ने । | बिरामीलाई अस्पताल लैजान सहयोग, सचेतना फैलाउने, राहत वितरण गर्ने । |
| १३. | विषादी | कृषिमा विषादीको गलत प्रयोगले हुने असर, फुड पोइजनिङ | विषादी सुरक्षित तरिकाले भण्डारण र प्रयोग गर्ने, तरकारी राम्ररी पखालेर खाने । | जैविक खेती गर्न प्रोत्साहन, विषादीको सुरक्षित प्रयोगबारे तालिम संचालन गर्ने । | तत्काल स्वास्थ्य संस्था लैजाने, कुन विषादी हो सो को जानकारी दिने । | पीडितलाई अस्पताल लैजान यातायातको व्यवस्था गर्ने, अरुलाई सचेत गराउने । |
| १४. | असिना | बेमौसमी असिनाले तरकारी, अन्नबाली र घरमा गर्ने क्षति | बालीनालीलाई सुरक्षित राख्न टनेल वा जालको प्रयोग गर्ने । | बाली बिमाका लागि पहल गर्ने, मौसम पूर्वानुमानबारे जानकारी आदानप्रदान गर्ने । | आफ्नो बालीनाली र सम्पत्तिको सुरक्षा गर्ने । | सामूहिक रूपमा क्षतिको विवरण संकलन गर्ने, राहतका लागि स्थानीय तहमा अनुरोध गर्ने ।, |

## २.२.१४ सम्मुखता, सङ्कटासन्नता र क्षमताको विश्लेषण

चन्द्रागिरि नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको प्रभावकारिताका लागि यसको सम्मुखता, सङ्कटासन्नता र क्षमताको सुक्ष्म विश्लेषण गर्नु अपरिहार्य छ। सर्वप्रथम, सम्मुखता (Exposure) को दृष्टिकोणबाट हेर्दा, चन्द्रागिरि बहुप्रकोपीय जोखिमको केन्द्रमा अवस्थित छ। यसको भू-धरातलीय स्वरूप अत्यन्तै भिरालो र पहाडी भएकाले भूकम्प र वर्षायाममा हुने पहिरोको उच्च जोखिम छ। यो नगरपालिका काठमाडौं उपत्यकाकै उच्च भूकम्पीय जोखिम क्षेत्रमा पर्दछ। त्रिभुवन राजपथजस्तो व्यस्त राजमार्ग यही नगरपालिका भएर गुज्रने हुँदा सडक दुर्घटना र राजमार्ग अवरुद्ध हुने जोखिम पनि उत्तिकै छ। तीव्र र अनियोजित सहरीकरणले गर्दा खोला किनार र जोखिमपूर्ण भिरालो जमिनमा समेत बस्ती विस्तार भइरहेको छ। जसले बाढी र पहिरोको सम्मुखतालाई थप बढाएको छ। यसका साथै, जलवायु परिवर्तनका कारण हुने अनियमित वर्षा, अतिवृष्टि, खडेरी र यहाँका घना जङ्गलमा लाग्ने डढेलो पनि प्रमुख जोखिमका स्रोत हुन्।

यही उच्च सम्मुखताले नगरपालिकाको सङ्कटासन्नता (Vulnerability) लाई अझ गम्भीर बनाएको छ। यहाँको सघन बस्ती, विशेषगरी राजमार्ग छेउछाउका र भिरालो जमिनमा बनेका घरहरू, भौतिक पूर्वाधार (सडक, खानेपानी, बिजुली, सञ्चार) र मानवीय जीवन अत्यन्तै सङ्कटासन्न अवस्थामा छन्। भूकम्पीय दृष्टिकोणले कमजोर र पुराना संरचनाहरू, साँघुरा गल्लीहरू, र विपद्का बेला उद्धार तथा राहतका लागि खुला ठाउँको अभावले जोखिमलाई भयावह बनाउन सक्छ। कृषिमा आधारित जीविकोपार्जन पहिरो र खडेरीका कारण जोखिममा छ भने पर्यटन व्यवसाय (जस्तैः चन्द्रागिरि केबलकार) पनि प्राकृतिक प्रकोपबाट प्रभावित हुन सक्छ। आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत ससससमुदायहरू सूचना, स्रोत र सुरक्षित आवासको पहुँचबाट टाढा हुँदा उनीहरूको सङ्कटासन्नता झनै बढी छ।

अन्त्यमा, विपद् सामना गर्ने क्षमता (Capacity) को पाटो हेर्दा मिश्रित चित्र देखिन्छ। संस्थागत रूपमा, नगरपालिकामा विपद् व्यवस्थापन समिति र ऐन-कानुनहरू छन्, तर तिनको प्रभावकारी कार्यान्वयन अझै चुनौती नै छ। राजधानीसँगको निकटताले गर्दा सुरक्षा निकाय (नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना), स्वास्थ्य संस्था र अन्य सरकारी तथा गैर-सरकारी संस्थाहरूको पहुँच तुलनात्मक रूपमा सहज छ, जुन विपद् प्रतिकार्यका लागि एक सकारात्मक पक्ष हो। यद्यपि, स्थानीय स्तरमा आवश्यक पर्ने पूर्वतयारी, जस्तै- तालिम प्राप्त स्वयंसेवकहरूको अभाव, खोज तथा उद्धार सामग्रीको कमी, र ससससमुदायस्तरमा जनचेतनाको न्यूनता जस्ता समस्याहरू विद्यमान छन्। विपद् व्यवस्थापनका लागि छुट्याइने बजेट अपर्याप्त हुनु र विकास निर्माणका योजनाहरूमा विपद् जोखिम न्यूनीकरणलाई मूल प्रवाहीकरण गर्न नसक्नु क्षमता विकासका मुख्य बाधक हुन्। निष्कर्षमा, चन्द्रागिरिको सम्मुखता र सङ्कटासन्नता उच्च छ, तर त्यसलाई सामना गर्ने क्षमता अझै सीमित र अपर्याप्त छ। तसर्थ, कागजी योजनालाई कार्यान्वयनमा ल्याउने, वित्तीय स्रोत बढाउने, ससससमुदायस्तरमा जनचेतना र सीप विकास गर्ने, तथा विकास निर्माणका कार्यलाई विपद्-मैत्री बनाउने जस्ता एकीकृत प्रयासबाट मात्रै चन्द्रागिरिलाई एक सुरक्षित र उत्थानशील नगरका रूपमा विकास गर्न सकिन्छ।

## २.२.१५ जोखिमको विश्लेषण

भौगोलिक विविधता र तीव्र सहरीकरणको सङ्गम बनेको चन्द्रागिरि नगरपालिकाको समग्र विपद् जोखिम परिदृश्यको विश्लेषण गर्दा यहाँको सङ्कटासन्नता र विद्यमान क्षमताबिच ठुलो खाडल रहेको प्रस्ट हुन्छ । जसले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा बृहत् र एकीकृत प्रयासहरूको तत्काल आवश्यकतालाई जोडदार रूपमा औंल्याउँछ । यस नगरपालिकाको प्रकोप स्तरीकरणमा, भूकम्पीय जोखिमलाई सससमुदायले सबैभन्दा प्रमुख र विनाशकारी प्रकोपको रूपमा पहिचान गरेको छ । जुन यस क्षेत्रको भौगर्भिक अवस्थिति र २०७२ सालको विनाशकारी भूकम्पको अनुभवबाट पुष्टि हुन्छ । तथापि, यहाँको जोखिमको सञ्जाल भूकम्पमा मात्र सीमित छैन । ठाडो भिरालो भू-धरातल, अव्यवस्थित बसोबास र जलवायु परिवर्तनको बढ्दो असरका कारण पहिरो एक अर्को गम्भीर चुनौतीको रूपमा खडा भएको छ । विशेष गरी वर्षा याममा थानकोट, मातातीर्थ, महादेवस्थान र दहचोक जस्ता पहाडी इलाकाहरूमा यसको जोखिम अत्यधिक छ । यसका अतिरिक्त, बस्ती विकासका क्रममा खोलानाला अतिक्रमण र अव्यवस्थित सडक निर्माणले निम्त्याएको खहरे बाढीले तल्लो तटीय क्षेत्र र घना बस्तीहरूलाई निरन्तर खतरामा पारेको छ । तीव्र गतिमा चल्ने हावाहुरीले घरका छानाहरू उडाउनुका साथै कृषि उपजमा ठुलो क्षति पुऱ्याउने गरेको छ भने चट्याङ, आगलागी (विशेष गरी घना बस्ती र वन क्षेत्रमा), असिना, खडेरी र जङ्गली जनावर आतङ्कजस्ता बहु आयामिक विपद्हरूले नगरपालिकाको समग्र विकास र नागरिकको जीविकोपार्जनमा नकारात्मक असर पारिरहेका छन् । यी जोखिमहरूको विस्तृत विश्लेषण गर्दा, अव्यवस्थित सहरीकरण, कमजोर भू-उपयोग नीति, भवन संहिताको फितलो कार्यान्वयन र पूर्वाधार निर्माणमा दूर दृष्टिको कमी जस्ता मानवीय कारणहरूले प्राकृतिक प्रकोपको असरलाई गुणात्मक रूपमा बढवा दिएको देखिन्छ । जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव स्वरूप यहाँ पानीका मुहानहरू सुक्दै जाने, हिउँदमा लामो समयसम्म खडेरी पर्ने, वर्षा हुँदा अतिवृष्टि भई बाढी र पहिरोको जोखिम बढाउने, बेमौसमी वर्षा, असिनाले र विषादीले कृषि प्रणालीलाई तहसनहस पार्ने तथा तरकारी र फलफूलमा नयाँ प्रकारका किराहरूको प्रकोप बढ्ने जस्ता जलवायुजन्य समस्याहरूले स्थानीय सससमुदायको कृषिमा आधारित अर्थतन्त्र र खाद्य सुरक्षालाई धरापमा पारेको छ । यी समग्र जोखिमहरूको न्यूनीकरणका लागि सर्वप्रथम जोखिमपूर्ण स्थानहरूको नक्साङ्कन गरी त्यसले पु¥याउन सक्ने सम्भावित क्षति (भौतिक, मानवीय, आर्थिक) को आकलन गर्नु र सोहीअनुसार सससमुदायलाई सचेत गराउँदै समाधानका उपायहरूमा उनीहरूलाई नै सहभागी गराउनु अपरिहार्य छ ।

यस नगरपालिकाभित्र रहेका सरकारी, गैर-सरकारी, निजी सङ्घ-संस्थाहरू, महिला समूह, युवा तथा बाल क्लबहरू, विद्यालयहरू, वैकहरु, सहकारीहरू र अन्य नागरिक समाजका सङ्गठनहरू विपद् व्यवस्थापनका लागि महत्वपूर्ण सम्पत्ति हुन्, तर विपद् पूर्वको तयारी, विपद्को समयमा प्रभावकारी प्रतिकार्य र विपद् पश्चातको पुनर्लाभका चरणहरूमा यी निकायहरूसँग कसरी र कुन तहमा समन्वय र सहकार्य गर्ने भन्नेबारे स्पष्ट कार्य योजना र सससमुदाय स्तरमा ज्ञानको अभाव खट्किएको छ । तसर्थ, नगरपालिकामा रहेका राजनैतिक दलका प्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविका, तालिमप्राप्त डकर्मी र सिकर्मी, शिक्षक, र ऊर्जा वान युवा शक्तिलाई लक्षित गरी विशेष विपद् व्यवस्थापनसम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धि तालिमहरू सञ्चालन गरिनु अत्यन्त जरुरी छ । नगरपालिका तथा वडा स्तरमा गठन भएका विपद् व्यवस्थापन समितिहरूलाई केवल औपचारिकतामा सीमित नराखी, तिनीहरूलाई निरन्तर तालिम, स्रोतसाधन र अधिकार सम्पन्न बनाई क्रियाशील बनाउनुपर्दछ । यी समितिहरूका मातहतमा पूर्व-सूचना तथा सञ्चार, खोज तथा उद्धार, प्राथमिक उपचार, आपत्कालीन आश्रय स्थल व्यवस्थापन, र खानेपानी तथा सरसफाइ जस्ता विशिष्ट कार्यदलहरू गठन गरी, उनीहरूलाई आवश्यक उपकरण (जस्तैः स्ट्रेचर, फर्स्ट एड किट, डोरी, टर्च लाइट) र आधुनिक प्रविधिको प्रयोगसम्बन्धी तालिम प्रदान गरी क्षमता वान बनाउनु पर्दछ । साथै, विपद्को तत्काल प्रतिकार्यका लागि नगरपालिकास्तरमा एक आपत्कालीन कोषको स्थापना गरी त्यसको परिचालन विधि पारदर्शी बनाउनुपर्छ, ताकि स्रोतको अभावमा कुनै पनि नागरिकले अकालमा ज्यान गुमाउनु नपरोस् । कुनै पनि विपद्को पहिलो सामनाकर्ता र उद्धारकर्ता स्थानीय सससमुदाय नै हुने भएकोले, 'सससमुदायमा आधारित विपद्

व्यवस्थापन' को अवधारणालाई मूल मन्त्र मानी, हरेक टोल र बस्तीमा स्वयंसेवकहरू तयार पार्ने, आपत्कालीन अभ्यासहरू सञ्चालन गर्ने र विद्यालयहरूमा विपद् सुरक्षा पाठ्यक्रम लागू गरी भावी पुस्तालाई समेत तयार पार्नुपर्दछ । अन्ततः, यी सबै प्रयासहरूलाई एकीकृत गर्दै, मानवीय, आर्थिक, भौतिक र प्राविधिक स्रोत-साधनहरूको समुचित विकास र परिचालनमार्फत चन्द्रागिरि नगरपालिकालाई केवल विपद्को सामना गर्ने मात्र नभई, विपद् पश्चात् पहिले भन्दा सबल रूपमा उभिन सक्ने एक 'विपद् उत्थानशील र सुरक्षित नगरपालिका' को रूपमा स्थापित गर्ने रणनीतिक लक्ष्यका साथ अगाडि बढ्नु हो ।

## २.२.१६ जोखिम नक्साङ्कन

### बाढी, नदीकटान र डुबान जोखिम नक्सा

चन्द्रागिरि नगरपालिकाभित्रका पानीजन्य प्रकोपहरूको जोखिमलाई देखाउँछ। यसमा बाढीको जोखिम (Flood Risk), नदी कटान (Bank Cutting), र डुबान (Inundation) जस्ता विपद्हरूलाई विशेष आइकनहरू प्रयोग गरी गरिएको छ । नक्सा अनुसार, यी प्रकोपहरू मुख्यतया खोलानाला र नदी किनारका क्षेत्रहरूमा केन्द्रित छन् । विशेषगरी, नगरपालिकाको मध्य तथा पूर्वी भागमा रहेका समथर भू-भाग र घना बस्ती भएका वडाहरू (जस्तै वडा नं. १०, ११, १२, १४, र १५) मा बाढी, कटान, र डुबानको जोखिम बढी देखिन्छ। नक्सामा देखाइएको गुलाबी रङ्गको बिल्टअप एरिया (बस्ती क्षेत्र) र नीलो रङ्गका नदी तथा खोलाहरूले यो जोखिम बस्ती र पानीका स्रोतबीचको निकटतासँग सम्बन्धित रहेको स्पष्ट पार्छ। यो नक्साले पानीजन्य प्रकोपबाट कुन-कुन क्षेत्रहरू बढी प्रभावित हुन सक्छन् भन्ने कुराको स्पष्ट चित्र प्रस्तुत गर्दछ।

**चन्द्रागिरि नगरपालिका :**




*चित्र नं. १६, स्रोत: JICA REKV परियोजनाको सहयोगमा सहभागितामूलक नक्साङ्कन*

## पहिरो जोखिम नक्सा

चन्द्रागिरि नगरपालिकाको पहिरो जोखिमको विश्लेषण गर्दछ । यसमा सम्भावित पहिरो क्षेत्र (Potential Landslides) र पहिरो गइसकेका क्षेत्रहरू (Landslide Areas) लाई देखाइएको छ। नक्साले पहिरोको जोखिमलाई चार स्तरमा वर्गीकरण गरेको छ। उच्च (High), मध्यम (Medium), न्यून (Low), र जोखिम नभएको (No Risk) नक्सा हेर्दा स्पष्ट हुन्छ कि पहिरोको उच्च र मध्यम जोखिम विशेषगरी नगरपालिकाको उत्तरी र दक्षिणी भेगमा रहेका डाँडाकाँडा र भिरालो भू-भागमा छ। वडाहरू जस्तै १, २, ३, ४, ७, र ८ का पहाडी इलाकाहरूमा पहिरोको जोखिम बढी छ। यसको विपरीत, मध्य भागमा रहेको उपत्यकाको समथर भू-भागमा पहिरोको जोखिम न्यून वा शून्य छ, जहाँ मुख्य बस्तीहरू अवस्थित छन्। यो नक्सा पूर्वाधार निर्माण, बस्ती विकास, र विपद् पूर्वतयारीका लागि अत्यन्त महत्वपूर्ण छ, किनकि यसले कुन ठाउँमा भू-उपयोग गर्दा सावधानी अपनाउनुपर्छ भन्ने जानकारी दिन्छ ।

### चन्द्रागिरि नगरपालिका :




*चित्र नं. १७, स्रोत: JICA REKV / NLUP परियोजनाको सहयोगमा सहभागितामूलक नक्साङ्कन*

## अन्य तथा औद्योगिक/आगलागी जोखिम नक्सा

नक्साले अन्य विभिन्न प्रकारका मानव सिर्जित र प्राकृतिक प्रकोपहरूको जोखिमलाई समेटेको छ । यसमा सडक दुर्घटना (Road Accident), विद्युतीय दुर्घटना (Electrical Accidents), आगलागीको जोखिम (Fire Risk), र जंगली जनावरको आक्रमण (Wild Animals Attack) जस्ता खतराहरूलाई विशेष चिन्हहरूले देखाइएको छ । साथै, नक्सामा औद्योगिक तथा आगलागीको जोखिम स्तर (Industrial and Fire Hazard Risk Level) लाई हिटम्याप (Heatmap) को रूपमा प्रस्तुत गरिएको छ । जहाँ रातो रङ्गले उच्च, सुन्तला रङ्गले मध्यम, र पहेंलो रङ्गले न्यून जोखिमलाई जनाउँछ । सडक दुर्घटनाको जोखिम मुख्य राजमार्ग र सहायक सडकहरूमा देखिन्छ । आगलागी र औद्योगिक दुर्घटनाको उच्च जोखिम घना बस्ती, बजार, र औद्योगिक क्षेत्रहरूमा (जस्तै वडा नं. ५, १०, ११, १२, १४, १५) केन्द्रित छ । जंगली जनावरको आक्रमणको जोखिम भने वनजंगल नजिकका वडाहरू (जस्तै उत्तरी र दक्षिणी सिमानाका क्षेत्रहरू) मा देखाइएको छ । यो नक्साले नगरपालिकालाई शहरी सुरक्षा, ट्राफिक व्यवस्थापन, र मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण जस्ता विषयमा नीति निर्माण गर्न सहयोग पुऱ्याउँछ ।

**चन्द्रागिरि नगरपालिका :**




*चित्र नं. १८, स्रोत: JICA REKV / NLUP परियोजनाको सहयोगमा सहभागितामूलक नक्साङ्कन*

## २.२.१७ सरोकारवाला निकायहरु

चन्द्रागिरी नगरपालिकाको भौगोलिक अवस्था (डाँडाकाँडा, भिरालो जमिन, सहरीकरण हुँदै गरेको क्षेत्र, खोला किनार आदि) र काठमाडौं उपत्यकासँगको निकटतालाई हेर्दा यहाँ विपद् (जस्तैः भूकम्प, पहिरो, बाढी, कटान, डुवान, सडक दुर्घटना, विद्युतीय दुर्घटना, वन्यजन्त, आतंक, हावाहुरी, आगलगी, चट्याङ, महामारी, विषादी र असिना र जलवायु परिवर्तनका असरहरू (जस्तैः पानीका मुहान सुक्नु, अतिवृष्टि, अनावृष्टि, तापक्रम वृद्धि) को जोखिम रहेको देखिन्छ। यी जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा निम्न सरोकारवालाहरूको महत्वपूर्ण भूमिका रहन्छ।

**चन्द्रागिरि नगरपालिका :**



## २.२.१८ पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणमा

चन्द्रागिरि नगरपालिकाको पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माण योजनाले विपद्पछिको पुनरुत्थानका लागि आर्थिक, भौतिक, सामाजिक तथा वातावरणीय पक्षलाई समेटेर कार्यदिशा निर्माण गरिएको छ । आर्थिक क्षेत्रमा, तत्काल जीविकोपार्जन सुचारु गर्न साना व्यवसायलाई अनुदान दिने र अस्थायी व्यापार स्थलको व्यवस्था गर्ने जस्ता पुनर्स्थापनाका कार्यहरूलाई प्राथमिकता दिइएको छ भने, दीर्घकालीन रूपमा क्षतिग्रस्त पसल, उद्योग, र कृषि तथा पर्यटकीय पूर्वाधारहरूलाई भूकम्प प्रतिरोधी र सबल बनाउँदै पुनर्निर्माण गर्ने लक्ष्य छ। भौतिक पूर्वाधारतर्फ, पहिरोले अवरुद्ध सडक र पुलहरूलाई तत्काल सुचारु गर्ने । अस्थायी आवासको व्यवस्था गर्ने र पछि स्थायी तथा भूकम्प प्रतिरोधी घर, पुल, सिँचाइ कुलो र सरकारी भवनहरूको पुनर्निर्माण गर्ने योजना छ। सामाजिक क्षेत्रमा, विद्यालय र स्वास्थ्य चौकीजस्ता अत्यावश्यक सेवाहरूको अस्थायी सञ्चालनदेखि सुरक्षित र सुविधासम्पन्न भवन पुनर्निर्माण गर्ने । खानेपानी प्रणालीलाई दिगो बनाउने । विपद्मा परेका मनोसामाजिक समस्या भएका व्यक्ति, महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष सहयोग र संरक्षण प्रदान गर्ने कुरामा जोड दिइएको छ । त्यसैगरी, वातावरणीय दिगोपनाका लागि पहिरोको दीर्घकालीन रोकथाम गर्न भू-संरक्षण, वृक्षारोपण र जलाधार क्षेत्रको संरक्षण गर्ने जस्ता कार्यहरूलाई पनि योजनामा समावेश गरिएको छ। समग्रमा, यो योजनाले तत्काल राहत र पुनर्स्थापनालाई दीर्घकालीन तथा सुरक्षित पुनर्निर्माणसँग जोड्दै चन्द्रागिरिलाई पहिले भन्दा अझ सुरक्षित, समावेशी र आत्मनिर्भर सससमुदायको रूपमा विकास गर्ने दृष्टिकोण राखेको छ ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. २०**

| विषयगत क्षेत्र | प्रभावित पूर्वाधार र जनता | पुनर्स्थापना र पूर्वाधार | र पुनर्निर्माण कार्यहरू | कैफियत |
|---|---|---|---|---|
| **(क) आर्थिक** | | | | |
| व्यापार, व्यवसाय र उद्योग | साना तथा मझौला पसल, वर्कशप, घरेलु उद्योगहरूमा क्षति । आपूर्ति सञ्जाल अवरुद्ध । | जीविकोपार्जनका लागि द्रुत अनुदान/सहुलियत ऋणको व्यवस्था । अस्थायी व्यापार स्थलको व्यवस्थापन गर्ने । | क्षतिग्रस्त पसल, उद्योगहरूको भूकम्प प्रतिरोधी पुनर्निर्माण । बजार पहुँच पुनःस्थापना । | स्थानीय आर्थिक गतिविधिलाई तुरुन्त चलायमान बनाउन आवश्यक । |
| पर्यटन र पर्यटकीय सम्पदाहरू | चन्द्रागिरि केबलकार लगायत पर्यटकीय रिसोर्ट, होम-स्टे, पदमार्ग, मठमन्दिरमा क्षति । | क्षतिग्रस्त पदमार्गहरूको मर्मत । पर्यटकीय क्षेत्र सुरक्षित रहेकोबारे प्रचारप्रसार गर्ने । | ऐतिहासिक र सांस्कृतिक महत्वका सम्पदाहरूको मौलिकता नबिगारी पुनर्निर्माण गर्ने । नयाँ पर्यटकीय पूर्वाधार निर्माण गर्ने । | पर्यटन चन्द्रागिरिको प्रमुख आर्थिक स्रोतमध्ये एक हो । |
| कृषियोग्य जमिन, पशु गोठ, फार्म, पोखरी (निजी) | पहिरोले खेतबारी पुरिनु, सिँचाइ कुलो भत्किनु, पशु-गोठ तथा टनेलहरू भत्किनु । | उन्नत बीउ-बिजन र मल वितरण । पशुधनको क्षतिपूर्ति र नयाँ पशु खरिदमा सहयोग गर्ने । | क्षतिग्रस्त गोठ र फार्महरूको बलियो पुनर्निर्माण गर्ने । पहिरोबाट पुरिएको जमिनको सुधार गर्ने । | कृषिमा आश्रित परिवारको आयस्रोत सुनिश्चित गर्न जरुरी । |
| **(ख) भौतिक पूर्वाधार** | | | | |
| निजी घर | आंशिक तथा पूर्ण रूपमा क्षति भएका घरहरू । विशेषगरी | अस्थायी आवास (पाल, जस्तापाता) को व्यवस्था । घर पुनर्निर्माणका लागि | भूकम्प प्रतिरोधी घर पुनर्निर्माणका लागि अनुदान/सहुलियत ऋण | नेपाल सरकारको पुनर्निर्माण अनुदान कार्यविधि अनुसार गर्नुपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | पुराना र ग्रामीण क्षेत्रका घरहरू । | प्राविधिक सहयोग र तालिम दिने । | प्रवाह गर्ने । रेट्रोफिटिङ गर्न सहयोग गर्ने । | |
| पुल | थानकोट-चित्लाङ सडक खण्ड तथा अन्य ग्रामीण सडकका साना पुल, कल्भर्टमा क्षति । | अस्थायी काठेपुल वा डाइभर्सन निर्माण गर्ने । पुलहरूको प्राविधिक निरीक्षण गर्ने । | क्षतिग्रस्त पुलहरूको सबलीकरण वा पुनर्निर्माण गर्ने । | वडा-वडा जोड्ने पहुँचमार्ग वा सहायक मार्ग सुचारु गर्न अत्यावश्यक । |
| सिँचाइ पूर्वाधार | पहिरोले पुरिएका वा भत्किएका सिँचाइ कुलोहरू । | उपभोक्ता समितिमार्फत कुलोहरूको सफाइ र अस्थायी मर्मत सम्भार गर्ने । | स्थायी र पक्की सिँचाइ कुलाहरूको पुनर्निर्माण। मुहान संरक्षण गर्ने । | कृषि उत्पादनमा प्रत्यक्ष असर पार्ने क्षेत्र । |
| सडक | त्रिभुवन राजपथ र अन्य सहायक मार्गहरूमा पहिरोले अवरोध । सडकमा खाल्डा खुल्टी हुनु । | डोजर/एक्स्काभेटर प्रयोग गरी पहिरो पन्छाउने । तत्काल यातायात सञ्चालन गर्ने । | सडकको भासिएको वा चिरा परेको भागको मर्मत तथा पुनर्निर्माण। सडक छेउमा पर्खाल लगाउने । | राहत तथा उद्धार कार्यका लागि सडक सञ्जाल खुलाउनु पहिलो प्राथमिकता । |
| सरकारी भवन | वडा कार्यालय, प्रहरी चौकी, नगर भवनमा क्षति । | अस्थायी कार्यालय सञ्चालनको व्यवस्था गर्ने । भवनहरूको क्षतिको प्राविधिक मूल्याङ्कन गर्ने । | भूकम्प प्रतिरोधी र सुरक्षित सरकारी भवनहरूको पुनर्निर्माण/रेट्रोफिटिङ गर्ने । | विपद्को समयमा सरकारी सेवा प्रवाह निरन्तर राख्न आवश्यक । |
| बिजुलीका पोल | ढलेका बिजुलीका पोल, चुँडिएका तार, बिग्रिएका ट्रान्सफर्मर । | तत्काल मर्मत गरी विद्युत आपूर्ति सुचारु गर्ने । | कमजोर र पुराना पोलहरू विस्थापित गरी नयाँ र बलियो पोलहरू राख्ने । | सञ्चार र सुरक्षाका लागि विद्युत आपूर्ति अनिवार्य । |
| बाँध | साना सिँचाइ तथा पानी सङ्कलनका लागि बनाइएका बाँधमा क्षति । | तत्काल मर्मत गरी पानीको चुहावट रोक्ने । | प्राविधिक जाँच गरी आवश्यकता अनुसार पुनर्निर्माण । | |
| **(ग) सामाजिक** | | | | |
| विद्यालय भवन | कक्षाकोठाहरूमा क्षति, पर्खाल भत्किनु । | अस्थायी सिकाइ केन्द्रको निर्माण र सञ्चालन गर्ने । | सुरक्षित र बालमैत्री विद्यालय भवनहरूको पुनर्निर्माण गर्ने । | बालबालिकाको पढाइलाई निरन्तरता दिन जरुरी । |
| स्वास्थ्य चौकी | भवनमा क्षति, औषधि तथा उपकरण नष्ट हुनु । | अस्थायी स्वास्थ्य शिविर सञ्चालन । औषधिको पुनः आपूर्ति गर्ने । | सुरक्षित र सुविधासम्पन्न स्वास्थ्य चौकी भवनको पुनर्निर्माण गर्ने । | विपद्पछि रोगको प्रकोप फैलिन नदिन अत्यावश्यक । |
| मन्दिर, गुम्बा, चर्च | भालेश्वर महादेव लगायत स्थानीय मन्दिर, गुम्बा, चर्च | धार्मिक स्थलहरूको संरक्षण र अस्थायी पूजा/प्रार्थना स्थलको व्यवस्था गर्ने । | पुरातत्व विभाग र स्थानीय ससमुदायको सहकार्यमा मौलिक स्वरूपमा पुनर्निर्माण गर्ने । | ससमुदायको सांस्कृतिक र मानसिक स्वास्थ्यसँग |

| | | | | |
|---|---|---|---|---|
| | जस्ता धार्मिक संरचनामा क्षति । | | | जोडिएको विषय । |
| खानेपानी धारा र ट्यांकी | खानेपानीको पाइपलाइन टुट्नु, मुहान पुरिनु, ट्यांकी फुट्नु । | पानीको शुद्धीकरण ( पियुष, फिल्टर) र ट्याङ्करमार्फत वितरण । पाइपलाइनको अस्थायी मर्मत सम्भार गर्नु । | खानेपानी प्रणालीको दिगो पुनर्निर्माण। मुहान संरक्षण र ट्यांकी मर्मत/पुनर्निर्माण गर्ने । | स्वच्छ खानेपानी जनस्वास्थ्यको पहिलो शर्त हो । |
| गम्भीर मनोसामाजिक समस्या भएका व्यक्ति | विपद्का कारण शोकाकुल, डराएका, तनावमा रहेका व्यक्तिहरू । | मनोसामाजिक परामर्श र प्राथमिक उपचारको व्यवस्था। सामुदायिक सहयोग समूह गठन गर्ने । | मनोपरामर्शकर्ता परिचालन गरी निरन्तर परामर्श सेवा दिने । | यो प्रायः ओझेलमा पर्ने तर महत्वपूर्ण पक्ष हो । |
| अपाङ्गता भएका व्यक्ति | सहयोगी सामग्री ( ह्वीलचेयर, वैशाखी) गुम्नु, पहुँचयुक्त संरचनाको अभाव । | सहयोगी सामग्रीको वितरण। अस्थायी शिविरमा पहुँचयुक्त शौचालयको व्यवस्था गर्ने । | पुनर्निर्माण गरिने सबै सार्वजनिक र निजी संरचनाहरू अपाङ्गता-मैत्री बनाउने । | पुनर्निर्माणमा "कसैलाई नछोडौं" भन्ने सिद्धान्त पालना गर्नुपर्ने । |
| अनाथ र असहाय बालबालिका | अभिभावक गुमाएका वा परिवारबाट बिछोडिएका बालबालिका । | तत्काल पहिचान, संरक्षण र अस्थायी आश्रय। परिवारको खोजी र पुनर्मिलन गर्ने । | सुरक्षित आवास, शिक्षा र स्वास्थ्यको दीर्घकालीन व्यवस्था गर्ने । | बालबालिकाको संरक्षण र सुरक्षालाई उच्च प्राथमिकता दिनुपर्ने । |
| हिंसामा परेका बालबालिका र महिला | असुरक्षित आवास र तनावका कारण लैङ्गिक तथा घरेलु हिंसाको जोखिम बढ्नु । | महिला तथा बालबालिकाका लागि सुरक्षित स्थलको स्थापना गर्ने । मनोसामाजिक सहयोग गर्ने । | हिंसाविरुद्ध उजुरी गर्ने र न्यायमा पहुँच पुऱ्याउने संयन्त्रको सुदृढीकरण गर्ने । | विपद्को समयमा यस्ता घटना बढ्न सक्छन् । |
| **(घ) वातावरण** | | | | |
| वन (र वन्यजन्तु) | पहिरोले वन क्षेत्र विनाश, वन्यजन्तुको वासस्थानमा असर । | वृक्षारोपण तथा बायो-इन्जिनियरिङ मार्फत भू-संरक्षण गर्ने । | ससससमुदायमा आधारित वन व्यवस्थापन र संरक्षण कार्यक्रम गर्ने । | पहिरोको दीर्घकालीन रोकथामका लागि महत्वपूर्ण । |
| जलाधार क्षेत्र | भू-क्षय बढ्नु, खोलानालामा गेग्रान थुप्रिनु, पानीको मुहानमा असर । | तत्काल भू-क्षय रोक्ने उपायहरू (चेक-ड्याम, ग्याबियन वाल) अवलम्बन गर्ने । | एकीकृत जलाधार व्यवस्थापन योजना बनाई कार्यान्वयन गर्ने । | पानीको स्रोत र जमिनको उर्वराशक्ति जोगाउन आवश्यक । |
| ताल तथा पोखरी ( प्राकृतिक र सार्वजनिक) | दहचोक, इन्द्रदह जस्ता पोखरीमा पहिरोबाट माटो | पोखरीहरूको सफाइ र संरक्षण गर्ने । | पोखरीको डिल बाँध्ने र वरिपरिको क्षेत्रलाई संरक्षण गर्ने । | स्थानीय पारिस्थितिकीय प्रणाली र |

| | | | | |
|---|---|---|---|---|
| | थुप्रिनु, फोहोर हुनु । | | | सौन्दर्यका लागि महत्वपूर्ण । |

## २.२.१९ सुरक्षा निकाय

चन्द्रागिरि नगरपालिकाले आफ्ना नागरिकको सुरक्षा तथा विपद्को समयमा तत्काल सहायता प्रदान गर्नका लागि विभिन्न सुरक्षा निकायहरूको सुव्यवस्थित गरेको छ। कुनै पनि आकस्मिक अवस्थामा तुरुन्त सम्पर्कका लागि प्रहरीको आकस्मिक नं १०० र ट्राफिक प्रहरीको नं १०३ उपलब्ध छन्। नगरपालिकाको मुख्य सुरक्षा कमान महानगरीय प्रहरी वृत्त, थानकोटले सम्हालेको छ भने बलम्बु, नागढुंगा, नैकाप, मच्छेगाउँ र मातातिर्थ जस्ता विभिन्न स्थानहरूमा प्रहरी प्रभातहरू स्थापना गरी छिटो र छरितो सेवा सुनिश्चित गरिएको छ।

विपद्को समयमा खोज, उद्धार तथा राहत कार्यका लागि नेपाली सेनाको महत्वपूर्ण भूमिका रहन्छ। जसका लागि छाउनीस्थित जगदल गण र सितापाइलास्थित युद्धकवच गण तयारी अवस्थामा रहन्छन्। विशेषगरी, बाढीपहिरो वा भूकम्प जस्ता विपत्तिमा बाटोघाटो अवरुद्ध हुँदा तत्काल अस्थायी पुल निर्माण गरी आवतजावत सहज बनाउन थानकोटमा रहेको ब्रिजिङ्ग महाशाखाको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ। यसका साथै, राष्ट्रिय अनुसन्धान विभागले विपद्को समयमा सूचना सङ्कलन गरी सुरक्षा अवस्थालाई थप सुदृढ बनाउन मद्दत गर्दछ। यसरी, प्रहरी, सशस्त्र बल र सेना अन्य निकायहरूको समन्वयमा चन्द्रागिरि नगरपालिकाले कुनै पनि किसिमको सुरक्षा चुनौती वा विपद्को समयमा प्रभावकारी रूपमा प्रतिकार्य गर्न सक्ने देखिन्छ।

### चन्द्रागिरि नगरपालिका : तालिका नं. २१

| क्र.सं. | किसिम | स्थान, वडा नम्वर | सम्पर्क नं |
|---|---|---|---|
| १ | प्रहरी आकस्मिक नं | | १०० |
| २ | महानगरीय प्रहरी परिसर | टेक | ९८५१२८३०१२<br>९८५१२०५५५५ |
| ३ | महानगरीय प्रहरी वृत्त, थानकोट | थानकोट | ९८५१२८३००९<br>०१४३१२१७६<br>९८५१२८४००९ |
| ४ | महानगरीय प्रहरी प्रभाग | बलम्बु | ९८५१२८५५७०<br>०१४३१०११६<br>९८५१२८५०९५ |
| ५ | महानगरीय प्रहरी प्रभाग, नागढुंगा | नागढुंगा | ९८५१२९३१००<br>९८५१२८५१९१ |
| ६ | महानगरीय प्रहरी प्रभाग, नैकाप | नैकाप | ९८५१२९३१०१ |
| ७ | महानगरीय प्रहरी प्रभाग, मच्छेगांउ | मच्छेगांउ | ९८५१२८६११४ |
| ८ | महानगरीय प्रहरी प्रभाग, मातातिर्थ | मातातिर्थ | ९८५१२८६८८० |
| ९ | नगर प्रहरी ट्राफिक विभाग | वडा नं ७ | १०३ |
| १० | जग दल गण | छाउनी | ९८५१२७३८१३ |
| ११ | युद्ध कवच गण | सिता पाइला | ९८५१०३८३७२ |
| १२ | ब्रिजिङ्ग महाशाखा | थानकोट | ९८४५५६००९३ |
| १३ | राष्ट्रिय अनुसन्धान | थानकोट | ९८५१०१२६०१ |

*स्रोत : विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना,-२०७७*

## २.२.२० विषयगत क्षेत्रहरु

यस नगरपालिकामा विषयगत क्षेत्रको मिति २०७७ असार २६ गते को बैठकले नगरपालिकामा साविककै ९ वटा विषयगत क्षेत्रलाई निरन्तरता दिने र हाल राज्य पुर्नसंरचना अनुसार नगरपालिकामा रहेका विषयगत क्षेत्रका अगुवाई गर्ने संस्थाहरु सिमित रहेकाले स्थानियस्तरमा समन्वयकारी भुमिकामा जोड दिदै योजना तयार पारिएको छ। स्थानिय तह हरुमा शाखा/इकाईकारुपमा रहेका सम्वन्धित विषयगत शाखाहरु नगरपालिकाको अगुवाइमा विषयगत क्षेत्र परिचालनमा जोड दिदै स्थानिय तहलाई बढी जिम्मेदार बनाउने प्रयास गरिएको छ। विषयगत क्षेत्रमा नेतृत्व प्रदान गर्ने नगरपालिकास्थित सम्बन्धित निकायहरू (Cluster Leads) सँग समन्वयगरी मानवीय गतिविधि सञ्चालन गर्नका लागि निम्नलिखित विषयगत क्षेत्रहरू (Clusters) गठन पहिचान गरिएको छ । चन्द्रागिरि नगरपालिकामा भूकम्प, बाढी तथा पहिरोको समयमा अगुवाई गर्न विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा निम्न अनुसार ९ वटा विषयगत क्षेत्र र नेतृत्व गर्ने निकाय निर्धारण गरिएको छ। विषयगत क्षेत्रमा सहभागी सदस्यबाट विपद् व्यवस्थापनका गतिविधि संचालनका लागि आ-आफ्नो क्षेत्रको जिम्मेवारी सबैले समान रूपमा बहन गर्ने अपेक्षा गरिएको छ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. २२**

| क्र.सं | विषयगत क्षेत्र (Clusters) | विपद्को समयमा उक्त विषयगत क्षेत्रको मुख्य जिम्मेवारी | विषयगत क्षेत्र जिम्मेवारी निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | समन्वय तथा सूचना व्यवस्थापन | विपद्को समयमा सम्पूर्ण सरोकारवालाहरूसँग समन्वय कायम गर्ने, विपद्को अवस्था आउनसक्ने पूर्वानुमान प्राप्त भएपछि स्थानीय सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्ने, क्षति तथा आवश्यकताको पहिचान गर्ने । | सूचना प्रविधि, तथ्या° तथा अभिलेख व्यवस्थापन शाखा | |
| २ | खोज तथा उद्धार | विपद्का कारण समस्यामा परिरहेका वा घाईतेलाई उद्धार गर्ने, हराएकाहरूको खोजी गर्ने, मानिसको मृत्यु भएमा सनाखत (वा हस्तान्तरण) को लागि प्रवन्ध मिलाउने । | मानव संशाधन तथा आन्तरिक व्यवस्थापन शाखा | |
| ३ | कृषि तथा खाद्य सुरक्षा | विपद्को अवस्थामा प्रभावितहरूलाई तत्काल सुख्खा खानेकुरा एवम् विस्थापित भई शिविरमा बसेकालाई चामल, दाल, नुन, तेल आदि खाद्य सामग्री उपलब्ध गराउने र कृषि क्षेत्रमा भएको क्षति विवरण तयार गर्ने । | कृषि विकास शाखा | |
| ४ | आवास तथा गैर खाद्य सामग्री | विपद्को कारण घरमा क्षति पुगी बस्न नसक्ने अवस्थाका पीडितहरूलाई आपत्कालीन आश्रय वा वासको लागि अस्थायी संरचना निर्माण गर्ने, प्रभावितहरूलाई गैर-खाद्य सामग्री वितरण गर्ने । | खरिद तथा जिन्सी व्यवस्थापन शाखा | |
| ५ | आपत्कालीन स्वास्थ्य तथा पोषण | विपद्मा घाईते भएकाहरूको प्राथमिक उपचार गर्ने, महामारी हुनबाट बचाउने विधिहरू अवलम्वन गर्ने, शिविरमा उपचार | जनस्वास्थ्य शाखा | |

| | | | | |
|---|---|---|---|---|
| | | गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएमा बिरामीलाई अस्पताल सम्म पुऱ्याउन सहयोग गर्ने, संकटासन्न वर्गलाई पोषणको कमि भएमा पोषकयुक्त खानेकुरा वितरण गर्ने । | | |
| ६ | आपत्कालीन संरक्षण | विपद्को समयमा महिला, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका, बृद्धबृद्धाहरूलाई संरक्षण गर्ने, उनीहरूलाई आवश्यकता बमोजिमका सरसामानहरू (जस्तैः डिग्निटी किट) उपलब्ध गराउने, आवश्यकता अनुसार मनोसामाजिक विमर्श परामर्श उपलब्ध गराउने । | वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन शाखा | |
| ७ | आपत्कालीन शिक्षा | विपद्को कारण यदि विद्यालय ३ दिन भन्दा बढी बन्द भएमा विद्यार्थीहरूलाई आपत्कालीन शिक्षाको व्यवस्था गर्ने, प्रकोपले विद्यार्थीको पठनपाठनका शैक्षिक सामग्री हराएमा सो को व्यवस्था गर्ने र विद्यालयको शिक्षण सामग्रीहरू नष्ट भएमा पुनः व्यवस्था गर्ने । | शिक्षा युवा तथा खेलकुद शाखा | |
| ८ | खानेपानी तथा सरसफाई | विपद्को समयमा सम्पूर्ण सरोकारवालाहरू सँग समन्वय कायम गरि स्वच्छ पिउने पानी तथा पानी निर्मलिकरण गर्ने व्यवस्था मिलाउने । | खानेपानी सेवा इकाई | |
| ९ | बन्दोबस्ति | विपद्को समयमा सम्पूर्ण बन्दोबस्तीको जिम्मेवारी निर्वाह गर्ने । | स्थानीय पूर्वाधार विकास शाखा | |

## २.२.२१ विपद् प्रतिकार्यको स्थानीय स्वरूप र क्रियाकलापहरू (० घण्टा देखि ३० दिन सम्म)

चन्द्रागिरि नगरपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्यमा गरिने क्रियाकलाप समयावधि (० घण्टादेखि ३० दिनसम्म) तथा जिम्मेवार निकायहरूको पहिचान गरी निम्न तालिकाहरू बमोजिम तयारी गर्नुपर्दछ ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. २३**

| क.सं. | विषयगत क्षेत्र | पूर्वतयारीको क्रियाकलाप | नेतृत्व गर्ने निकाय | सहयोगी निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| १. | खानेपानी सरसफाई स्वच्छता प्रवर्द्धन क्षेत्र | ▪ खानेपानीका मुहानहरूको संरक्षण तथा वैकल्पिक स्रोतको पहिचान गर्ने ।<br>▪ पानी शुद्धीकरणका लागि आवश्यक सामग्री (पियुष, फिल्टर) को भण्डारण गर्ने ।<br>▪ सससमुदायमा सरसफाइ तथा स्वच्छतासम्बन्धी सचेतना कार्यक्रम संचालन गर्ने । | चन्द्रागिरि नगरपालिका ( स्वास्थ्य शाखा) | वडा कार्यालयहरू, खानेपानी उपभोक्ता समिति, नेपाल रेडक्रस सोसाइटी, स्थानीय गैर-सरकारी संस्थाहरू | रु. १५,००,००० |
| २. | सूचना, खोज तथा उद्धार | ▪ नगर तथा वडास्तरीय खोज तथा उद्धार स्वयंसेवक टोली गठन तथा तालिम संचालन गर्ने ।<br>▪ आधारभूत खोज तथा उद्धार सामग्री (डोरी, स्ट्रेचर, फर्स्ट एड किट) को व्यवस्थापन र भण्डारण गर्ने ।<br>▪ सम्भावित जोखिमयुक्त स्थानहरूको नक्साङ्कन तथा सूचना प्रणाली स्थापना गर्ने । | नगर विपद् व्यवस्थापन समिति | नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, वडा कार्यालयहरू, नेपाल रेडक्रस सोसाइटी, युवा क्लबहरू | रु. २५,००,००० |
| ३. | खाद्य र कृषि | ▪ खाद्य तथा गैर-खाद्य सामग्रीको भण्डारणका लागि गोदाम पहिचान गर्ने ।<br>▪ स्थानीय खाद्य व्यापारी तथा सहकारीसँग | चन्द्रागिरि नगरपालिका ( कृषि तथा पशु शाखा) | वडा कार्यालयहरू, स्थानीय सहकारी, उद्योग वाणिज्य संघ, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. | रु. १८,००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आपत्कालीन आपूर्तिका लागि पूर्व-सम्झौता गर्ने ।<br>▪ कृषि तथा पशुधनको क्षतिको अनुमान र राहतका लागि योजना निर्माण गर्ने । | | | |
| ४. | आपत्कालीन आश्रय तथा गैर खाद्य क्षेत्र | ▪ खुल्ला स्थान, सामुदायिक भवन, विद्यालयहरूलाई आपत्कालीन आश्रयस्थलको रूपमा पहिचान र सूचीकरण गर्ने ।<br>▪ त्रिपाल, टेन्ट, कम्बल जस्ता गैर-खाद्य सामग्रीको भण्डारण गर्ने । | चन्द्रागिरि नगरपालिका (पूर्वाधार विकास शाखा) | वडा कार्यालयहरू, विद्यालय व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी, स्थानीय क्लबहरू | रु. ३०,००,००० |
| ५. | स्वास्थ्य तथा पोषण | ▪ नगर अस्पताल तथा स्वास्थ्य चौकीहरूमा आपत्कालीन स्वास्थ्य टोली र औषधिको व्यवस्थापन गर्ने ।<br>▪ प्राथमिक उपचार तथा मनोसामाजिक परामर्शसम्बन्धी तालिम संचालन गर्ने । | चन्द्रागिरि नगरपालिका (स्वास्थ्य शाखा/नगर अस्पताल) | नेपाल रेडक्रस सोसाइटी, स्थानीय स्वास्थ्य संस्थाहरू, महिला स्वास्थ्य स्वयंसेविकाहरू | रु. २२,००,००० |
| ६. | आपत्कालीन संरक्षण क्षेत्र | ▪ बालबालिका, महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क अद्यावधिक गर्ने ।<br>▪ हराएका तथा फेला परेका व्यक्तिहरूको सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने । | चन्द्रागिरि नगरपालिका (सामाजिक विकास शाखा) | वडा कार्यालयहरू, नेपाल प्रहरी, महिला तथा बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाहरू | रु. १२,००,००० |
| ७. | आपत्कालीन शिक्षा क्षेत्र | ▪ अस्थायी सिकाई केन्द्रका लागि सम्भावित स्थानहरूको पहिचान गर्ने । | चन्द्रागिरि नगरपालिका (शिक्षा शाखा) | विद्यालयहरू, स्रोत व्यक्तिहरू, गैर-सरकारी संस्थाहरू | रु. १०,००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ▪ शिक्षकहरूलाई मनोसामाजिक सहयोग र विपद्‌मा आधारित शिक्षाबारे अभिमुखीकरण गर्ने । | | | |
| ८. | शीघ्र पुनर्लाभ क्षेत्र | ▪ द्रुत क्षति तथा आवश्यकता पहिचान गर्ने ।<br>▪ (Rapid Need Assessment) टोली गठन र तालिम चलाउने ।<br>▪ पुनर्लाभ तथा पुनर्निर्माणका लागि प्रारम्भिक योजनाको खाका तयारी गर्ने । | चन्द्रागिरि नगरपालिका (योजना तथा प्रशासकीय शाखा) | वडा कार्यालयहरू, प्राविधिक कर्मचारीहरू, विषयगत शाखाहरू | रु. २०,००,००० |

## २.२.२२ विपद् पूर्वसूचना तथा चेतावनी प्रणाली

चन्द्रागिरि नगरपालिकाले सम्भावित विपद्‌बाट नागरिकको जीवन र सम्पत्तिको रक्षा गर्न एक सुदृढ र बहुआयामिक सूचना प्रणाली विकास गर्नुपर्ने देखिन्छ। नगर विपद् व्यवस्थापन समितिको नेतृत्वमा, विशेषगरी पहिरो र बाढीजस्ता प्राकृतिक प्रकोपका लागि प्रभावकारी पूर्वसूचना प्रणाली (Early Warning System) स्थापना गरी सञ्चालनमा ल्याइएको जरुरी देखिन्छ। यस प्रणालीअन्तर्गत, खतराको सङ्केत दिने साइरन बजाउने, माइकबाट सन्देश प्रवाह गर्ने, स्थानीय एफ.एम. रेडियो, मोबाइल एसएमएस र सामाजिक सञ्जालजस्ता आधुनिक सञ्चार माध्यमहरूको अधिकतम प्रयोग गरी सम्भावित जोखिमबारे समयमै जानकारी गराइन्छ। यस बृहत् कार्यमा जिल्ला प्रशासन कार्यालय, जल तथा मौसम विज्ञान विभाग र नेपाल टेलिकम जस्ता निकायहरूको महत्त्वपूर्ण सहयोग रहन्छ।

प्रविधिमा आधारित सूचना प्रणालीलाई थप प्रभावकारी बनाउन नगरपालिकाले ससससमुदायस्तरमा समेत सूचना प्रवाह संयन्त्रलाई सक्रिय बनाउन आवश्यक छ। सम्बन्धित वडा कार्यालयको अगुवाइमा स्थानीय स्वयंसेवक, अगुवा, युवा क्लब तथा टोल विकास संस्थाहरूलाई परिचालन गरी विपद्को चेतावनीलाई हरेक घरदैलोसम्म पुऱ्याउने व्यवस्था मिलाउनु पर्छ। यसरी, चन्द्रागिरि नगरपालिकाले आधुनिक प्रविधि र सामुदायिक सहभागिताको सुन्दर संयोजनमार्फत विपद्को पूर्वसूचनालाई छिटो, छरितो र पहुँचयोग्य बनाई जनधनको क्षति न्यूनीकरण गर्ने लक्ष्य राखेको छ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. २४**

| क्र. सं. | क्रियाकलाप | नेतृत्व गर्ने निकाय | सहयोगी निकाय | अनुमानित लागत |
|---|---|---|---|---|
| १. | विपद्को पूर्वसूचना प्रणाली (Early Warning System) स्थापना र सञ्चालन (विशेषगरी पहिरो र बाढीका लागि)। साइरन, माइक, स्थानीय एफ.एम., मोबाइल एसएमएस तथा सामाजिक सञ्जालमार्फत सूचना प्रवाह गर्ने संयन्त्रको परीक्षण। | नगर विपद् व्यवस्थापन समिति | जिल्ला प्रशासन कार्यालय, जल तथा मौसम विज्ञान विभाग, नेपाल टेलिकम / Ncell, स्थानीय सञ्चारमाध्यम, वडा कार्यालयहरू | नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रम अनुसार |
| २. | ससससमुदायमा आधारित सूचना प्रवाह संयन्त्रलाई सक्रिय बनाउने (स्वयंसेवक, अगुवा परिचालन)। | सम्बन्धित वडा कार्यालय | युवा क्लब, सामुदायिक समूह, टोल विकास संस्था | आवश्यकता र स्रोतको उपलब्धताका आधारमा |
| ३ | हरेक वडाको भूकम्प, पहिरो, बाढी, कटान, डुबान, सडक दुर्घटना, विद्युतीय दुर्घटना, वन्यजन्तु, आतङ्क, हावाहुरी, आगलागी, चट्याङ, महामारी, विषादी र असिना जस्ता विपद्हरूको जोखिम नक्साङ्कन गरी विस्तृत नक्सा तयार गर्ने। उक्त नक्सालाई प्रकाशन गरी वडाभित्रका विभिन्न बस्ती तथा टोलका सार्वजनिक चोक, चौतारा, सामुदायिक भवन जस्ता | नगर विपद् व्यवस्थापन समिति र | वडा कार्यालय, युवा क्लब, सामुदायिक समूह, टोल विकास संस्था | आवश्यकता र स्रोतको उपलब्धताका आधारमा |

| | | | | |
|---|---|---|---|---|
| | स्थानहरूमा सबैले प्रस्ट देख्ने र बुझ्ने गरी प्रदर्शनमा राख्ने व्यवस्था मिलाउने । | | | |

## २.२.२३ विपद् सामाग्रीको विवरण

कुनै पनि प्रकोपको कारण हुने विपद्जन्य घटनामा सम्बन्धित विषयगत क्षेत्रबाट वितरण गरिने राहत सामग्रीहरू र तत्काल सेवा पुर्‍याउनका लागि चाहिने सरसामानहरू उपलब्ध भए बमोजिम समावेश गरिएको छ। निम्न वडाहरुमा तपसिल बमोजिमका सामाग्रीहरु प्रदान गरेको देखिन्छ यी सामाग्रीहरु तालिम तथा प्रतिकार्यका लागि प्रयोगमा आएका छन् । यी सामाग्रीहरु वडाहरुमा पनि भण्डारण रेकर्डबाट देखिन्छ ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. २५**

| चन्द्रागिरि नगरपालिकाको लागि रहेको विपद्को सामग्रीहरुको विवरण | | | | | |
|---|---|---|---|---|---|
| सि.न. | **विपद् सामग्रीहरुको नाम** | **परिणाम** | **सि.न.** | **विपद् सामग्रीहरुको नाम** | **परिणाम** |
| १ | Fire Extinguisher | १९ थान | १० | Hacksaw | १ थान |
| २ | Telescopic Ladder | १ थान | ११ | Extension curd | १ थान |
| ३ | Fire Blanket | २ थान | १२ | Caution Tape | १ थान |
| ४ | Portable Structure | १ थान | १३ | Portable Fuel Tank Structure | १ थान |
| ५ | First Aid Kid box | १ थान | १४ | Rotary Reuse saw | १ थान |
| ६ | Electric chine saw | १ थान | १५ | Safety Vest | ५ थान |
| ७ | Bolt cutter | १ थान | १७ | Portable fire Pump set | १ थान |
| ८ | Tin Snit | १ थान | १८ | Reciprocating saw | १ थान |
| ९ | Genitor | १ थान | १९ | Rotary Hammer Drill | १ थान |
| सि.न. | **विपद् सामग्रीहरुको नाम** | **परिणाम** | **सि.न.** | **विपद् सामग्रीहरुको नाम** | **परिणाम** |
| १ | वाल्टी | ५ थान | १ | Fire swatter | ६० थान |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | डोरी | १ रोल | २ | Rake | १५ थान |
| ३ | सेफ्टी हेलमेट | ५ थान | ३ | Rake-Hole | १५ थान |
| ४ | वन्चरो | २ थान | ४ | Axe hole | ६ थान |
| ५ | हसिया | २ थान | ५ | Shovel | १५ थान |
| ६ | गैटी | २ थान | ६ | First Aid kit | ३ थान |
| ७ | कोदालो | २ थान | ७ | Jump-Suit | ६० थान |
| ८ | काप्रो | २ थान | ८ | Backpack pump (water Bag) | ९ थान |
| ९ | आरी, लिभर, घन | २/२/२ थान | ९ | Fire Boot | ६० थान |
| १० | हेड लाइट | २ थान | १० | Head Torch | ६० थान |
| ११ | सिठ्ठी | ५ थान | ११ | Helmet | ६० थान |
| १२ | Fire Extinguisher | ४ थान | | दमकल | १ वटा |
| १३ | हाते माइक | १ थान | | कटनको डोरी राम्रो | १ रोल |
| १४ | लाइफ ज्याकेट | ६ थान | | ट्युव | २ वटा |

**हरेक वडामा रहेका सामाग्रीको विवरण**

| सि.न. | विपद् सामग्रीहरुको नाम | परिणाम | सि.न. | विपद् सामग्रीहरुको नाम | परिणाम |
|---|---|---|---|---|---|
| १ | वाल्टी | ५ थान | ८ | काप्रो | २ थान |
| २ | डोरी | १ रोल | ९ | आरी, लिभर, घन | २/२/२ थान |
| ३ | सेफ्टी हेलमेट | ५ थान | १० | हेड लाइट | २ थान |
| ४ | वन्चरो | २ थान | ११ | सिठ्ठी | ५ थान |
| ५ | हसिया | २ थान | १२ | Fire Extinguisher | ४ थान |
| ६ | गैटी | २ थान | १३ | हाते माइक | १ थान |
| ७ | कोदालो | २ थान | | | |

चन्द्रागिरि नगरपालिका : तालिका नं. २६

| चन्द्रागिरि नगरपालिका, बलम्बु, काठमाण्डौ आ.व. २०८१/०८२ मिति २०८२ जेष्ठ ३० | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विपद् पूर्वतयारीको लागि सामाग्रीसुरक्षा निकायलाई वितरण गरिएको | बेल्चा वटा | हेल्मेट | पानी बुट जोर | ग्लोवस जोर | फष्ट एड किट एक थान | हेड लाईट वटा | डोरी मिटर | गैटी | गल ५ फीटको |
| | सशस्त्र प्रहरी नीलवाराही गण | ५ | १० | १० | १० | १ | १ | १०० | ५ | १ |
| ३ | प्रहरीवृत्त थानको ६ | ५ | १० | १० | १० | १ | १ | १०० | ५ | १ |
| ४ | बलम्बु प्रहरी प्रभाग | ३ | ५ | ५ | १० | १ | १ | ५० | ३ | १ |
| ५ | नागढुंगा प्रहरी प्रभाग | ३ | ५ | ५ | १० | १ | १ | ५० | ३ | १ |
| ६ | २० जना नगरप्रहरीलाई ३ दिने वेसिक विपद् पूर्वतयारी र फायर फाइटर तालिम १० दिन संचालन । | | | | | | | | | |
| ७ | २०० जना स्वयंसेवक समूह सदस्य (हरेक वडाबाट १५) जनालाई सहभागिता गराइएको । | | | | | | | | | |
| ८ | २५ जना कार्यपालिकालाई २ दिन विपद्सम्बन्धि कानुनी प्रावधान तथा विपद् पूर्वतयारी तालिम । | | | | | | | | | |

## परिच्छेद-३

## विपद् तथा जलवायु उत्थानशील योजना

### ३.१ पृष्ठभूमि

नेपाल भूकम्पीय जोखिमको दृष्टिकोणले विश्वको ११औं, जलवायु परिवर्तनको असरको जोखिममा ४औं र पानीजन्य प्रकोपको जोखिममा ३०औं स्थानमा पर्ने मुलुक हो । यस तथ्याङ्कले नेपाल विपद्को अत्यन्तै उच्च जोखिममा रहेको स्पष्ट पार्दछ । जलवायु परिवर्तनका बढ्दो असरहरू, कमजोर भू-धरातलीय बनोट, तीव्र र अव्यवस्थित बसोबास, तथा विकास निर्माणका कार्यहरूमा विपद् जोखिम न्यूनीकरणका पक्षहरूलाई नजरअन्दाज गर्ने प्रवृत्तिका कारण प्रकोपका घटनाहरू र त्यसबाट हुने मानवीय तथा भौतिक क्षति दुवै बढ्दो क्रममा छन् । विभिन्न अध्ययन तथा अनुसन्धानहरूले नेपालको कुल जनसङ्ख्याको लगभग ८० प्रतिशत हिस्सा कुनै न कुनै प्रकारको विपद्को जोखिममा रहेको देखाउँछन् । जसले गर्दा जनसङ्ख्याको ठुलो भाग सधैँ जोखिमपूर्ण अवस्थामा बाँचिरहेको छ ।

काठमाडौं उपत्यकाको प्रमुख पश्चिमी प्रवेशद्वारको रूपमा रहेको चन्द्रागिरि नगरपालिका पनि विपद् जोखिमको दृष्टिले एक उच्च जोखिमयुक्त नगरपालिका हो । यस नगरपालिकाको भू-धरातल घना र अव्यवस्थित सहरी क्षेत्र र अर्कोतिर अत्यन्त भिरालो, कमजोर र संवेदनशील पहाडी भू-भागको एक जटिल मिश्रण हो । यही मिश्रित भौगोलिक र सामाजिक विशेषताले यस नगरपालिकालाई भूकम्प, पहिरो बाढी, तथा जस्ता बहु प्रकोपको उच्च जोखिममा पारेको छ ।

नगरपालिका भएर बग्ने बल्खु खोला लगायत दर्जनौं साना-ठुला खोल्सा तथा खहरेहरू रहेका छन् । बर्सातको समयमा यी खोलाहरूमा आउने आकस्मिक बाढीले तल्लो तटीय क्षेत्रका बस्तीहरू डुबानमा पर्ने, खेतीयोग्य जमिन कटान गर्ने र महत्वपूर्ण भौतिक पूर्वाधारमा क्षति पुर्‍याउने गरेको छ । खोला किनारमा अतिक्रमण गरी अव्यवस्थित रूपमा निर्माण गरिएका बस्ती तथा भौतिक संरचनाले जोखिमलाई थप बढाएको छ । त्यसै गरी, नगरपालिकाको अधिकांश पहाडी भू-भाग कमजोर चट्टानी संरचना र खुकुलो माटोले बनेको छ । अनियन्त्रित रूपमा गरिएको सडक विस्तार, घर निर्माणका लागि जमिन सम्याउने कार्य र वन विनाशले गर्दा वर्षा याममा पहिरोको प्रकोप भयावह बन्ने गरेको छ । विशेष गरी त्रिभुवन राजपथको नाग ढुङ्गा-नौबिसे सडक खण्डमा खस्ने पहिरोले राष्ट्रिय यातायात प्रणाली नै अवरुद्ध पार्ने गरेको छ ।

यहाँ बाढी तथा पहिरोका साथै आगलागी (विशेष गरी वन डढेलो र सहरी क्षेत्रमा), भूकम्प, चट्याङ, हावाहुरी, असिना पानीले कृषिमा पुऱ्याउने क्षति, र सडक दुर्घटना पनि प्रमुख प्रकोपका रूपमा रहेका छन् । काठमाडौं उपत्यकाको भूकम्पीय संकटासन्नताको प्रत्यक्ष असर यस नगरपालिकामा पर्दछ भने बढ्दो जनसंख्या र अव्यवस्थित बसोबासले भविष्यमा महामारीको जोखिमलाई पनि बढाएको छ ।

विगतका घटनाहरूको विश्लेषण र स्थानीय सरोकारवालाहरूसँगको छलफलका आधारमा, पछिल्लो दुई दशकको अवधिमा (भूकम्प बाहेक) यस नगरपालिकामा विभिन्न प्रकृतिका विपद्का घटनाहरू घटेको देखिन्छ । यी घटनाहरूमा मानविय क्षति र भौतिक क्षति करोडौं मूल्य बराबरको कृषि उपज, पशुधन तथा सार्वजनिक सम्पत्तिको नोक्सानी भएको छ । एक प्रारम्भिक अनुमान अनुसार, नगरपालिकाको करिब ७० प्रतिशत जनसंख्या, विशेष गरी खोला किनार र भिरालो जमिनमा बसोबास गर्नेहरू, कुनै न कुनै प्रकारको विपद्को उच्च जोखिममा छन् । यी तथ्यहरूले चन्द्रागिरि नगरपालिकाका लागि एक बृहत् र कार्यान्वयन योग्य विपद् तथा जलवायु उत्थानशील योजनाको तत्काल आवश्यकतालाई पुष्टि गर्दछ ।

## ३.२ सोच, लक्ष्य र रणनीति

### सोच

विपद् तथा जलवायु परिवर्तनका जोखिमहरूबाट सुरक्षित, उत्थानशील र दिगो विकासतर्फ उन्मुख समृद्ध चन्द्रागिरि नगरपालिकाको स्थापना गर्ने ।

### लक्ष्य

विपद्का सबै चरणहरू (पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ र न्यूनीकरण) मा संस्थागत तथा सामुदायिक क्षमता अभिवृद्धि गर्दै विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलनका उपायहरूलाई स्थानीय विकासका योजना तथा कार्यक्रमहरूमा एकीकृत गरी मानवीय, भौतिक, आर्थिक तथा वातावरणीय क्षति न्यूनीकरण गर्ने ।

### रणनीति

(क) स्थानीय तहमा रहेका विपद् तथा जलवायुजन्य जोखिमहरूको पहिचान, विश्लेषण र नक्साङ्कन गरी जोखिम सूचना प्रणाली स्थापना गर्ने ।

(ख) विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलनलाई स्थानीय तहको नीति, योजना, बजेट तथा कार्यक्रमहरूमा मूल प्रवाहीकरण गर्ने ।

(ग) विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ र पुनर्निर्माणका लागि संस्थागत तथा सामुदायिक क्षमता अभिवृद्धि गर्ने ।

(घ) जोखिम न्यूनीकरण तथा उत्थानशीलता प्रवर्द्धनका लागि संरचनागत तथा गैर-संरचनागत उपायहरू अवलम्बन गर्ने (जस्तैः सुरक्षित पूर्वाधार निर्माण, भू-उपयोग योजना, पूर्वसूचना प्रणाली, जीविकोपार्जन विविधीकरण, आदि) ।

(ङ) विपद् तथा जलवायु उत्थानशीलता सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने तथा ज्ञान, सीप र प्रविधिको विकास तथा हस्तान्तरण गर्ने ।

(च) विपद् तथा जलवायु उत्थानशीलताका लागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापन तथा परिचालन गर्ने ।

(छ) सरोकारवालाहरू (सरकारी निकाय, गैर-सरकारी संस्था, निजी क्षेत्र, ससससमुदाय) बीच प्रभावकारी समन्वय, सहकार्य र साझेदारी विकास गर्ने ।

## ३.३ विपद् जोखिम न्यूनीकरणका उपायहरू

यस चन्द्रागिरि नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि मानव संसाधन तथा संस्थागत विकास, भौतिक पूर्वाधार विकास, प्राकृतिक स्रोत संरक्षण, जीविकोपार्जनमा सुधार, नीतिगत क्षेत्रमा गर्नुपर्ने कार्यहरू तथा विकास कार्यमा विपद् जोखिम न्यूनीकरणका योजनालाई मूलप्रवाहिकरण गर्नेजस्ता प्रमुख पक्षहरुलाई आधारमानि प्राथमिकिकरण सहित योजना तर्जुमा गरिएको छ । चन्द्रागिरि नगरपालिका स्तरीय संकटासन्नता तथा क्षमता विश्लेषणबाट प्राप्त परिणाम अनुसार जोखिमयुक्त सससमुदाय र समग्र चन्द्रागिरि नगरपालिकामा विपद् जोखिम न्यूनीकरणको लागि सञ्चालन गर्नुपर्ने क्रियाकलापलाई विपद् पूर्व गरिने क्रियाकलापको रूपमा समावेश गरिएको छ । यस चरणमा विषेशगरी नीतिगत व्यवस्था तथा निर्णयहरु, जनचेतना तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरु, जोखिम न्यूनीकरण र आपत्कालीन पूर्वतयारीका क्रियाकलापहरुलाई प्राथमिकीकरण सहित उल्लेख गरिएको छ ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. २७**

### १. पहिरो

| क.सं. | स्थान/क्षेत्र | प्रस्तावित रणनीति/कार्य | अपेक्षित परिणाम |
|---|---|---|---|
| **वडा नं. १** | | | |
| १ | दहचोक (डाँडा मितेरी मार्ग) | रिटेनिङ वाल लगाउने । | पहिरो रोकिनेछ । |
| २ | दहचोक डाँडा पश्चिम पट्टी कृष्ण मन्दिर अगाडि | रिटेनिङ वाल लगाउने । | पहिरो रोकिनेछ । |
| ३ | धनवास खोला | हिमपाइप र ग्याविन जालि लगाउने । | पहिरो रोकिनेछ र पानीको निकासले स्लोपको अस्थिरता कम हुनेछ । |
| ४ | पिङ हाल्ने पाटो | प्लम्वीङ वाल (रिटेनिङ वाल) लगाउने । | पहिरो रोकिनेछ । |
| ५ | मितेरी मार्ग | ग्याविन जालि लगाउने । | पहिरो रोकिनेछ । |
| ६ | कृष्ण प्रमाणी मन्दिर क्षेत्र | दुवैपट्टि नाली बनाउने, ग्याविन वाल, वायो इन्जिनियरिङ गर्ने । | पहिरो रोकिनेछ, स्लोप अस्थिरता कम हुनेछ र भत्किएका क्षेत्रको सतह स्थिर हुनेछ । |
| ७ | खहरे विन्दवासीनी सडक खण्ड | ग्याविन जालि लगाउने । | पहिरो रोकिनेछ । |
| ८ | कुतेखोला करिडोर | दुवैपट्टि पर्खाल लगाउने । | पहिरो रोकिनेछ । |
| ९ | काफलटार खानेपानी | प्रोटेक्सन वाल लगाउने । | पहिरो रोकिनेछ । |

| | | | |
|---|---|---|---|
| १० | गहतेको खानेपानी मुहान र ट्याङ्की | प्रोटेक्सन वाल, ग्याविन जालि, वायो इन्जिनियरिङ गर्ने । | पहिरो रोकिनेछ र भत्किएका क्षेत्रको सतह स्थिर हुनेछ । |
| ११ | साविक वडा नं. ४ गणेश मन्दिर नजिक | रिटेनिङ वाल लगाउने । | पहिरो रोकिनेछ । |
| १२ | पञ्चकन्या इन्द्रदह र घट्टेडाँडा चोक आसपास | प्रोटेक्सन वाल लगाउने । | पहिरो रोकिनेछ । |
| १३ | साविक वडा नं. ४ मूलधारा | ग्याविन जालि लगाउने । | पहिरो रोकिनेछ । |
| १४ | साविक वडा नं. ३ पिपल चौतारा | प्रोटेक्सन वाल लगाउने । | पहिरो रोकिनेछ । |
| १५ | खहरे चोकबाट तल्लो खोलाको दायाँ-बायाँ | वाल लगाउने । | पहिरो रोकिनेछ । |
| १६ | हेभेनडाँडा (मदन गिरीको घर पछाडि) | वाल लगाउने । | पहिरो रोकिनेछ । |
| १७ | इन्द्रदह (जाइका प्रोजेक्ट), खहरे गाउँ, गहते, त्रिवेणी वस्ती | वाल लगाउने । | पहिरो रोकिनेछ । |
| १८ | कालुपाण्डे समाधि स्थल | वाल लगाउने । | पहिरो रोकिनेछ । |
| १९ | झागाझीटी | वाल लगाउने । | पहिरो रोकिनेछ । |
| **वडा नं. २** | | | |
| २० | मासिने मनकामनाटोल, दारे डाँडा, आदि | प्रोटेक्सन वाल, एकीकृत वस्ती निर्माण, वस्ती स्थानान्तरण गर्ने । | पहिरो रोकिनेछ र स्थानान्तरणले गर्दा जोखिम कम भई जीवन र सम्पत्ति सुरक्षित हुनेछ । |
| २१ | साविक ५ झाप्ले खोला | प्रोटेक्सन वाल लगाउने । | पहिरो रोकिनेछ । |
| २२ | साविक ९ को थिङ टोल | वस्ती स्थानान्तरण गर्ने । | पहिरो जोखिम कम हुनेछ, र जीवन र सम्पत्ति सुरक्षित गरिनेछ । |
| २३ | सुरुङ मार्ग क्षेत्र | बाटोको दुवैपट्टी ड्रेनेज गर्ने । | स्लोपको अस्थिरता कम हुनेछ । |
| २४ | चिसापानी पातलेवन | प्रोटेक्सन वाल, बायो-इन्जिनियरिङ, जनचेतना जगाउने । | पहिरो रोकिनेछ र भत्किएका क्षेत्रको सतह स्थिर हुनेछ । |

| | | | |
|---|---|---|---|
| २५ | साविक ६ खड्का खोलाको चण्डिका मन्दिर आसपास | प्रोटेक्सन वाल, बायो-इन्जिनियरिङ गर्ने । | पहिरो रोकिनेछ । |
| २६ | दारेडाँडा चम्पा शिखर आधारभूत विद्यालय | भू-गर्भिक अध्ययन, रिटेनिङ वाल, बायो-इन्जिनियरिङ, सतहको पानी निकास गर्ने । | पहिरो रोकिनेछ, स्लोप अस्थिरता कम हुनेछ र भत्किएका क्षेत्रको सतह स्थिर हुनेछ । |
| २७ | भिम **माध्यमिक** विद्यालय (नयाँ भवन) | प्रोटेक्सन वाल, ड्रेनेज सुधार, बायो-इन्जिनियरिङ गर्ने । | पहिरो रोकिनेछ, स्लोप अस्थिरता कम हुनेछ र भत्किएका क्षेत्रको सतह स्थिर हुनेछ । |
| २८ | माथिल्लो मसिने तितुङ टोल | प्रोटेक्सन वाल, बायो-इन्जिनियरिङ गर्ने । | पहिरो रोकिनेछ र भत्किएका क्षेत्रको सतह स्थिर हुनेछ । |
| २९ | वसन्त टोल (माथिल्लो भेग) | प्रोटेक्सन वाल, बायो-इन्जिनियरिङ, पानीको निकास गर्ने । | पहिरो रोकिनेछ, स्लोप अस्थिरता कम हुनेछ र भत्किएका क्षेत्रको सतह स्थिर हुनेछ । |
| ३० | वडा नं. २ र १ को सिमाना | प्रोटेक्सन वाल, सडकको ड्रेनेज, बायो-इन्जिनियरिङ गर्ने । | पहिरो रोकिनेछ, स्लोप अस्थिरता कम हुनेछ र भत्किएका क्षेत्रको सतह स्थिर हुनेछ । |
| **वडा नं. ३** | | | |
| ३१ | वडा नं. ३ को पार वस्ती | रिटेनिङ वाल/ग्याबियन वाल लगाउने । | पहिरो रोकिनेछ । |
| ३२ | लेम्बु | सेरवाल (रिटेनिङ वाल), ग्याबियन वाल लगाउने । | पहिरो रोकिनेछ । |
| ३३ | अल्खुखोला बुद्धपार्क जाने बाटो | रिटेनिङ वाल/ग्याबियन वाल, पानीको निकास, सडक सुधार, बायो-इन्जिनियरिङ गर्ने । | पहिरो रोकिनेछ, स्लोप अस्थिरता कम हुनेछ र भत्किएका क्षेत्रको सतह स्थिर हुनेछ । |
| **वडा नं. ४** | | | |
| ३४ | गणेशमान सिंह राजमार्ग क्षेत्रको सेतो पहरा | सुरक्षित बाटो निर्माण र मेसेनरी वाल लगाउने । | पहिरो जोखिममा रहेका क्षेत्रहरूमा पूर्वाधारहरू सुरक्षित गरिनेछ र पहिरो रोकिनेछ । |
| **वडा नं. ५** | | | |
| ३५ | किसिपिडी क्षेत्र ( बाढीसहित) | ग्याबियन पर्खाल लगाउने, हिमपाइप व्यवस्थापन गर्ने । | पहिरो रोकिनेछ र पानीको निकासले स्लोपको अस्थिरता कम हुनेछ। |
| ३६ | मातातीर्थ खहरे खोला क्षेत्र (बाढीसहित) | ग्याबियन पर्खाल लगाउने । | पहिरो रोकिनेछ । |
| **वडा नं. ६** | | | |
| ३७ | गुमालचौकी सामुदायिक वन | बायो-इन्जिनियरिङ गर्ने । | भत्किएका क्षेत्रहरूको सतह र भग्नावशेष प्रवाह स्रोतहरू स्थिर गरिनेछ । |

| | | | |
|---|---|---|---|
| **वडा नं. ७** | | | |
| ३८ | वनदेवी फुटबल ग्राउण्डको दक्षिण | सेरवाल, ग्याविन जाली, वृक्षारोपण, पानीको निकास व्यवस्थित गर्ने । | पहिरो रोकिनेछ, स्लोप अस्थिरता कम हुनेछ र भत्किएका क्षेत्रको सतह स्थिर हुनेछ । |
| ३९ | वनदेवी विद्यालय खोला पूर्वपट्टि | सेरवाल, बायो-इन्जिनियरिङ, नाला सुधार गर्ने । | पहिरो रोकिनेछ, स्लोप अस्थिरता कम हुनेछ र भत्किएका क्षेत्रको सतह स्थिर हुनेछ । |
| **५.४ पुनर्निर्माण तथा पुनर्लाभ प्रक्रियामा सुशासन, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन तथा क्षमता अभिवृद्धि** | ○ पुनर्निर्माण तथा पुनर्लाभ सम्बन्धी निर्णय प्रक्रियामा स्थानीय ससमुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।<br>○ पुनर्लाभ तथा पुनर्निर्माण सम्बन्धी सूचनाहरुको सार्वजनिक पहुँच | ○ पुनर्निर्माण प्रक्रियामा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि ।<br>○ ससमुदायको स्वामित्वमा पुनर्लाभ र पुनर्निर्माण ।<br>○ पुनर्निर्माण कार्यको गुणस्तरमा सुधार ।<br>○ स्थानीय तहमा पुनर्निर्माण व्यवस्थापन क्षमतामा वृद्धि । | निरन्तर (विपद् पश्चात) | २० लाख | | ५.३, ७.६ | २.५.१, २.५.२ | ४ | १६, १७ | चन्द्रागिरि नगरपालिका (नगर कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, सूचना प्रविधि शाखा, अनुगमन समिति) | जिल्ला प्रशासन कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग (सचेतना), राष्ट्रिय सतर्कता केन्द्र, गैरसरकारी संस्थाहरू, नागरिक समाज, | उच्च | नगरपालिकाको आन्तरिक स्रोत, प्रदेश तथा संघीय सरकारबाट प्राप्त अनुदान, प्राविधिक सहायता परियोजनाहरू | राजनीतिक हस्तक्षेप, सूचनामा पहुँचको कमी, जवाफदेहिता संयन्त्रको प्रभावकारितामा कमी, दक्ष जनशक्तिको अभाव, परम्परागत | पुनर्निर्माण सम्बन्धी सार्वजनिक सुनुवाइको संख्या । दर्ता भएका र सम्बोधन गरिएका गुनासाहरूको संख्या/प्रतिशत । क्षमता विकास तालिम प्राप्त जनशक्ति संख्या । |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ○ गुनासो सुनुवाई संयन्त्र स्थापना र प्रभावकारी कार्यान्वयन ।<br>○ पुनर्निर्माण कार्यमा संलग्न प्राविधिक तथा गैर-प्राविधिक जनशक्तिको क्षमता विकास ।<br>○ पुनर्निर्माणका असल अभ्यास तथा सिकाइहरुको अभिलेखीकरण र आदानप्रदान<br>○ पुनर्निर्माण सामग्रीको गुणस्तर नियन्त्रण तथा अनुगमन संयन्त्र । | ○ भविष्यका पुनर्निर्माण प्रयासका लागि ज्ञानको आधार तयार । | | | | | | | | | सञ्चार माध्यम | | | अभ्यासमा परिवर्तनको कठिनाइ | अभिलेखित असल अभ्यास तथा सिकाइ सम्बन्धी प्रतिवेदन । पुनर्निर्माण कार्यमा नागरिक सन्तुष्टि सर्वेक्षणको नतिजा । |

## ३.२.६ प्राथमिकताका क्षेत्र ६ : तालिम र क्षमता अभिवृद्धि

| प्राथमिकताका कार्य |
|---|
| ६.१ भवन र पूर्वाधार निर्माणमा संलग्न जनशक्तिलाई तालिम र प्रमाणीकरण |
| ६.२ सरोकारवालालाई विपद्सँग सम्बन्धित वित्तीय विषयमा तालिम दिने |
| ६.३ ससमुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने |

**चन्द्रागिरि नगरपालिका : तालिका नं. ३३**

| प्राथमिकताका कार्य | रणनीतिक उपाय | अपेक्षित नतिजा | समयावधि | अनुमानित लागत | प्रदेश योजना | अन्तरआवद्धता: राष्ट्रिय योजना (DRR NSPA) | अन्तरआवद्धता: राष्ट्रिय योजना (CCRA NPA) | SFDRR | SDGs | जिम्मेवारी निकाय | सहयोगी निकाय | प्राथमिकता | बजेटको स्रोत | चुनौति | सुचक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **६.१ भवन र पूर्वाधार निर्माणमा संलग्न जनशक्तिलाई तालिम र प्रमाणीकरण** | ○ १. स्थानीय निर्माणकर्मी (डकर्मी, सिकर्मी, प्लम्बर, इलेक्ट्रिसियन ) हरूका लागि सुरक्षित निर्माण तथा मर्मत सम्भार सम्बन्धी तालिम सञ्चालन गर्ने । | ○ सुरक्षित तथा विपद् प्रतिरोधी भवन तथा पूर्वाधार निर्माणमा वृद्धि हुनेछ । ○ प्रशिक्षित र प्रमाणित दक्ष निर्माणकर्मी को उपलब्धता हुनेछ । ○ निर्माण सम्बन्धी दुर्घटनामा | निरन्तर ( पहिलो चरणमा १ वर्ष) | १५ लाख प्रति वर्ष | | ५.३ | २.४ | ३ | ३, ९, ११ | चन्द्रागिरि नगरपालिका ( शहरी विकास तथा भवन निर्माण शाखा) | जिल्ला आयोजना कार्यान्वयन इकाई ( भवन), घरेलु तथा साना उद्योग कार्यालय, प्राविधिक तालिम प्रदायक संस्थाहरु, निर्माण व्यवसायी संघ | उच्च | नगरपालिकाको आन्तरिक स्रोत, प्रदेश सरकार अनुदान, संघीय सरकार अनुदान, दातृ निकायको सहयोग | तालिमका लागि दक्ष प्रशिक्षक को अभाव, निर्माणकर्मीहरुको तालिममा निरन्तरता र आकर्षण को कमी, तालिमपश्चात रोजगारी सुनिश्चितताको | प्रशिक्षित तथा प्रमाणित निर्माणकर्मी को संख्या, सुरक्षित मापदण्ड अनुसार निर्माण भएका भवनहरुको प्रतिशत, तालिममा सहभागी संख्या । |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ○ प्रशिक्षित जनशक्तिलाई प्रमाणीकरणको व्यवस्था गर्ने ।<br>○ नगरपालिकाबाट स्वीकृति लिई निर्माण हुने भवनहरुको नियमित अनुगमन गर्ने र तालिम प्राप्त जनशक्ति प्रयोग गर्न प्रोत्साहित गर्ने । | कमी हुनेछ । | | | | | | | | | | | | अभाव, परम्परागत निर्माण शैलीमा अभ्यस्तता । | |
| **६.२ सरोकारवालालाई विपद्सँग सम्बन्धित वित्तीय विषयमा तालिम दिने** | ○ विपद् जोखिम वित्तिय व्यवस्थापन (DRF), बीमा, क्षतिपूर्ति, पुनस्थापना अनुदान जस्ता विषयमा | ○ विपद् जोखिम वित्तिय व्यवस्थापनका उपायहरुबारे सरोकारवालाहरुको ज्ञान र क्षमतामा | वार्षिक | १० लाख प्रति वर्ष | | ६.१, ६.२ | २.५. २ | ३ | १, ३, १३ | चन्द्रागिरि नगरपालिका ( विपद् व्यवस्थापन शाखा, आर्थिक प्रशासन शाखा) | नेपाल राष्ट्र बैंक, बीमा समिति, बैंक तथा वित्तीय संस्थाहरु, जिल्ला प्रशासन कार्यालय, गैर | मध्यम | नगरपालिकाको आन्तरिक स्रोत, प्रदेश सरकार, संघीय सरकार, दातृ निकाय | वित्तीय विषयमा जटिलता, सरोकारवालाहरुको कम चासो, तालिम सामग्री र दक्ष प्रशिक्षक | तालिम प्राप्त सरोकारवालाहरुको संख्या, विपद् कोषमा जम्मा भएको रकम, बीमा कार्यक्रममा |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, निजी क्षेत्र, सहकारी तथा सामुदायिक संस्थाहरुलाई तालिम तथा अभिमुखीकरण गर्ने ।<br>○ विपद् पश्चातको आवश्यकता आँकलन (PDNA) र पुनरुत्थान योजना तर्जुमा सम्बन्धी क्षमता विकास गर्ने । | अभिवृद्धि हुनेछ ।<br>○ विपद् पश्चातको वित्तीय स्रोत परिचालन र व्यवस्थापन मा सुधार हुनेछ र ।<br>○ विपद् कोषको प्रभावकारी परिचालन हुनेछ । | | | | | | | | | सरकारी संस्थाहरु | | | को अभाव, बीमा प्रति न्यून आकर्षण । | आवद्ध घरपरिवार/ व्यवसायको संख्या, विपद् पश्चात राहत तथा पुनस्थापनामा खर्च भएको समय । |
| **६.३ ससमुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा** | ○ १. प्रत्येक वडामा ससमुदायमा आधारित विपद् व्यवस्थापन समिति (CBDR | ○ ससमुदायको विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य क्षमतामा | निरन्तर ( वार्षिक रुपमा कार्यक्रम अद्यावधिक) | २० लाख प्रति वर्ष | | ७.३ | २.५.१, २.५.२ | ४ | १, २, ४, ११, १३ | चन्द्रागिरि नगरपालिका ( विपद् व्यवस्थापन शाखा, | नेपाल रेडक्रस सोसाइटी, स्थानीय गैर सरकारी संस्थाहरु, सामुदायिक | उच्च | नगरपालिकाको आन्तरिक स्रोत, प्रदेश सरकार, संघीय सरकार, विकास साझेदार, | ससमुदायको सक्रिय र दिगो सहभागिता जुटाउन कठिन, स्रोत | गठन भएका र सक्रिय (CBDRMC) को संख्या, तालिम प्राप्त ससमुदाय |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **व्यवस्थापन सम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने** | MC) गठन तथा परिचालन गर्ने ।<br>○ विद्यालय सुरक्षा तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रम ( तालिम, अभ्यास) सञ्चालन गर्ने ।<br>○ स्थानीय जोखिम नक्साङ्कन तथा न्यूनीकरण योजना तर्जुमामा ससमुदायको सहभागिता सुनिश्चित गर्ने ।<br>○ खोज, उद्धार, प्राथमिक उपचार, मनोसामाजिक परामर्श | वृद्धि हुनेछ ।<br>○ स्थानीय स्तरमा विपद् व्यवस्थापन योजना निर्माण र कार्यान्वयन ।<br>○ विपद् सम्बन्धी जनचेतनामा अभिवृद्धि र सुरक्षित संस्कृतिको विकास हुनेछ ।<br>○ विपद्को समयमा मानवीय तथा भौतिक क्षति न्यूनीकरण हुनेछ । | | | | | | | | वडा कार्यालयहरु) | संस्थाहरु, विद्यालयहरु, सुरक्षा निकाय ( नेपाल प्रहरी, सशस्त्र प्रहरी बल) | | स्थानीय ससमुदायको योगदान | साधनको सीमितता, स्वयंसेवक परिचालन र उत्प्रेरणा, विभिन्न ससमुदायबीच समन्वय । | सदस्यहरुको संख्या, सञ्चालित जनचेतनामूलक कार्यक्रमको संख्या, स्थानीय विपद् व्यवस्थापन योजनाको संख्या, विपद् पूर्वतयारी अभ्यासमा सहभागी संख्या । |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सम्बन्धी आधारभूत तालिम ससमुदायस्तरमा प्रदान गर्ने । | | | | | | | | | | | | | | |

### ३.२.७ प्राथमिकताका क्षेत्र ७ : बहुप्रकोप पूर्व सूचना प्रणाली

| प्राथमिकताका कार्य |
|---|
| ७.१. बहु-प्रकोप पूर्व सूचना प्रणालीमा सम्बन्धित निकायसँग सहकार्य गर्ने |
| ७.२ प्रकोपको सूचना विशेष क्षेत्र र वर्गलाई समेत प्रभावकारी हुने गरी प्रवाह गर्ने (एसएमएस, सामाजिक सञ्जाल मिडिया, एफएम/एएम रेडियो, टि.भी., साइरन) |
| ७.३ आपत्कालीन कार्य सञ्चालन र कमाण्ड कन्ट्रोल केन्द्र स्थापना र सुदृढीकरण |
| ७.४ सामुदायिक तहमा पूर्व सूचना प्रणालीको विकास तथा विस्तार र नियमित अभ्यास गर्ने |

**चन्द्रागिरि नगरपालिका : तालिका नं. ३४**

| प्राथमिकताका कार्य | रणनीतिक उपाय | अपेक्षित नतिजा | समयावधि | अनुमानित लागत | प्रदेश योजना | अन्तरआवद्धता: राष्ट्रिय योजना (DRR NSPA) | राष्ट्रिय योजना (CCRA NPA) | SFDRR | SDGs | जिम्मेवारी निकाय | सहयोगी निकाय | प्राथमिकता | बजेटको स्रोत | चुनौति | सुचक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **७.१. बहु-प्रकोप पूर्व सूचना प्रणालीमा सम्बन्धित निकायसँग सहकार्य गर्ने।** | ○ नगरपालिकाभित्र तथा जिल्लास्तरीय विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, रेडक्रस, गैरसरकारी संस्थाहरू, निजी क्षेत्र र ससमुदायसँग नियमित समन्वय र | ○ प्रभावकारी समन्वय र सूचना प्रवाह सुनिश्चित हुनेछ। | निरन्तर | नियमित बजेटबाट (बैठक तथा समन्वय खर्च) | | ६.१ | २.५.२ | ४ | १, ११, १३ | चन्द्रागिरि नगरपालिका (सूचना तथा सञ्चार शाखा, विपद् व्यवस्थापन शाखा) | स्थानीय सञ्चार माध्यम, दूरसञ्चार प्रदायक, सामुदायिक स्वयंसेवक, नेपाल टेलिकम, एनसेल | उच्च | नगरपालिका, प्रदेश/संघीय सरकार, विकास साझेदार | सञ्चार पूर्वाधारको कमी (विशेषगरी दुर्गम क्षेत्रमा), सूचनाको विश्वसनीयता, जनचेतनाको कमी, गलत सूचनाको प्रवाह | सूचना प्रवाह गरिएका माध्यमको संख्या, सूचना प्राप्त गर्ने घरधुरी प्रतिशत, सूचनाको बुझाइ स्तर। |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचना आदानप्रदान संयन्त्र निर्माण गर्ने । | | | | | | | | | | | | | |
| **७.२ प्रकोपको सूचना विशेष क्षेत्र र वर्गलाई समेत प्रभावकारी हुने गरी प्रवाह गर्ने ( एसएमएस , सामाजिक सञ्जाल, एफएम, टि.भी., साइरन)** | ○ विभिन्न सञ्चार माध्यम ( मोबाइल एसएमएस, सामाजिक सञ्जाल, स्थानीय एफएम रेडियो, साइरन, माइकिङ) को प्रयोग गरी लक्षित ससमुदाय, विशेषगरी जोखिममा रहेका वर्ग ( महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति) सम्म समयमै सूचना पुऱ्याउने । | ○ सबै नागरिकमा विपद् पूर्व सूचनाको पहुँच र जोखिम न्यूनीकरणमा सहयोग हुनेछ । | निरन्तर | आवश्यकता अनुसार ( सूचना सामग्री विकास, सञ्चार खर्च) | | ६.१ | २.५.१, २.५.२ | ४ | ११,१३ | | | | | |
| **७.३ आपत्काली** | ○ नगरपालिकामा आवश्यक | ○ विपद्को समयमा प्रभावकारी | १-२ वर्ष ( | परियोजना | | ६.२ | २.५.२ | ४ | ९, ११ | चन्द्रागिरि नगरपालि | गृह मन्त्रालय | उच्च | नगरपालिका, प्रदेश/संघीय | प्राविधिक जनशक्ति | स्थापित (EOC) |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **न कार्य सञ्चालन र कमाण्ड कन्ट्रोल केन्द्र (EOC) स्थापना र सुदृढीकरण ा** | उपकरणसहितको आपत्कालीन कार्य सञ्चालन केन्द्र (EOC) स्थापना गर्ने, विद्यमान भए सुदृढ गर्ने, र सञ्चालनका लागि जनशक्तिलाई तालिम तथा स्पष्ट कार्यविधि (SOPs) बनाउने । | प्रतिकार्य र समन्वय गर्न सक्षम (EOC) हुनेछन । | स्थापना/ सुदृढीकरण), त्यसपछि निरन्तर मर्मतसम्भार | आधारित (EOC) निर्माण/ सुदृढीकरण, उपकरण खरिद, तालिम खर्च) | | | | | , १३ | का (प्रमुख प्रशासकीय अधिकृत, विपद् व्यवस्थापन शाखा) | प्रदेश सरकार, सुरक्षा निकाय, रेडक्रस, विकास साझेदार संघसंस्था | | सरकार, विकास साझेदार | अभाव, वित्तीय स्रोत, नियमित मर्मत सम्भार, उपकरण को दिगोपना | को अवस्था (भौतिक, उपकरण, जनशक्ति), (EOC) सञ्चालन अभ्यास संख्या, प्रतिकार्यमा लागेको समय |
| **७.४ सामुदायिक तहमा पूर्व सूचना प्रणालीको विकास तथा विस्तार र नियमित अभ्यास गर्ने** | ○ जोखिमयुक्त वडाहरूमा ससससमुदायमा आधारित पूर्व सूचना प्रणाली ( जस्तैः नदीमा जलस्तर मापन, पहिरो निगरानी समूह, वर्षा मापन) स्थापना गर्ने, स्वयंसेवक परिचालन गर्ने र | ○ ससससमुदायको विपद् पूर्वतयारी र प्रतिकार्य क्षमतामा वृद्धि, क्षति न्यूनीकरण हुनेछ । | २-३ वर्ष (विस्तार), त्यसपछि निरन्तर अभ्यास | परियोजना आधारित (उपकरण खरिद, तालिम तथा अभ्यास खर्च) | | ५.३ | २.५.१, २.५.२ | ४ | ११ १३ | चन्द्रागिरि नगरपालिका (वडा कार्यालयहरू, विपद् व्यवस्थापन शाखा) | स्थानीय सामुदायिक संस्थाहरू, रेडक्रस, गैरसरकारी संस्थाहरू, स्वयंसेवक समूह | मध्य मर्दीख उच्च | नगरपालिका, वडा बजेट, विकास साझेदार, सामुदायिक योगदान | ससससमुदायको सक्रिय सहभागिता, प्रविधिमा पहुँच र ज्ञान, दिगोपना, स्वयंसेवक को निरन्तरता | स्थापित सामुदायिक (EWS) संख्या, अभ्यासमा सहभागी ससससमुदायको संख्या, सूचना प्रवाहको प्रभावकारिता, ससससमुदायको प्रतिक्रिया समय |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नियमित रूपमा विपद् पूर्वतयारी तथा प्रतिकार्य अभ्यास (Mock Drills) सञ्चालन गर्ने। | | | | | | | | | | | | | | |

## ३.२.८. प्राथमिकताका क्षेत्र ८ : विपद् जोखिम हस्तान्तरण र वित्तीय व्यवस्थापन

| प्राथमिकताका कार्य |
|---|
| ८.१ जोखिम हस्तान्तरण संयन्त्र स्थापना |
| ८.२ सामाजिक सुरक्षा संयन्त्र |
| ८.३ विपद् व्यवस्थापन कोष |
| ८.४ विकास साझेदारहरूलाई सहभागी गराउने |
| ८.५ जोखिम सिर्जनाकर्ताद्वारा भुक्तानी व्यवस्था |
| ८.६ वित्तीय साक्षरता तथा जोखिम न्यूनीकरण शिक्षा |

**चन्द्रागिरि नगरपालिका : तालिका नं. ३५**

| प्राथमिकताका कार्य | रणनीतिक उपाय | अपेक्षित नतिजा | समयावधि | अनुमानित लागत | प्रदेश योजना | अन्तरआवद्धता | | | | जिम्मेवारी निकाय | सहयोगी निकाय | प्राथमिकता | बजेटको स्रोत | चुनौति | सुचक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | राष्ट्रिय योजना (DRR NSPA) | राष्ट्रिय योजना (CCRA NPA) | SFDRR | SDGs | | | | | | |
| **८.१ जोखिम हस्तान्तरणा संयन्त्र स्थापना** | ○ विपद् बीमा कार्यक्रमको प्रवर्द्धन र विस्तार । सार्वजनिक-निजी साझेदारीमा आधारित जोखिम हस्तान्तरण मोडेल विकास । | ○ विपद्बाट हुने आर्थिक क्षति न्यूनीकरण हुनेछ ।<br>○ प्रभावित परिवार तथा व्यवसायलाई शीघ्र आर्थिक सहायता हुनेछ ।<br>○ जोखिम बहन क्षमतामा वृद्धि हुनेछ । | ३ वर्ष | ५० लाख | | ५.३ | २.५.२ | ३ | १, ३, ११, १३ | चन्द्रागिरि नगरपालिका (विपद् व्यवस्थापन शाखा/समिति) | बीमा समिति, बैंक तथा वित्तीय संस्थाहरु, गैर सरकारी संस्थाहरु | उच्च | नगरपालिका कोष, प्रदेश/संघीय सरकार अनुदान, दातृ निकाय | बीमा सम्बन्धी जनचेतनाको कमी, प्रिमियम जुटाउन कठिनाइ, विश्वसनीय तथ्यांक अभाव। | बीमामा आवद्ध घरपरिवार तथा व्यवसायको संख्या । विपद्पश्चात बीमाबाट भुक्तानी भएको रकम । जोखिम हस्तान्तरण सम्बन्धी |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ○ स्थानीय स्तरमा लघु बीमा योजनाहरुको थालनी । | | | | | | | | | | | | | | सचेतना कार्यक्रम संख्या । |
| **८.२ सामाजिक सुरक्षा संयन्त्र** | ○ १. विपद् प्रभावित लक्षित वर्गका लागि सामाजिक सुरक्षा कार्यक्रम विस्तार ।<br>○ आपतकालीन नगद हस्तान्तरण कार्यक्रमको व्यवस्था ।<br>○ सामुदायिक स्तरमा जीविकोपार्जन पुनःस्थापना सहयोग । | ○ विपद् प्रभावितहरुको आधारभूत आवश्यकता परिपूर्ति हुनेछ ।<br>○ सामाजिक जोखिममा रहेका समूहको संरक्षण हुनेछ ।<br>○ शीघ्र पुनर्लाभ र पुनःस्थापनामा सहयोग हुनेछ । | निरन्तर | १ करोड वार्षिक | | ६.१ | २.५. १, २.५. २ | ३ | १, २, ५, १० | चन्द्रागिरि नगरपालिका ( सामाजिक विकास शाखा, विपद् व्यवस्थापन शाखा) | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, गृह मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, रेडक्रस, गैर सरकारी संस्थाहरु | उच्च | नगरपालिका कोष, संघीय/प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, सामाजिक सुरक्षा कोष | लक्षित वर्गको पहिचान र पहुँच, कोषको दिगोपना, समन्वय अभाव। | सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित व्यक्ति/परिवार संख्या । विपद्पश्चात वितरण गरिएको नगद तथा राहत सामग्रीको मात्रा । जीविकोपार्जन पुनःस्थापना कार्यक्रमबाट लाभान्वित संख्या । |
| **८.३ विपद् व्यवस्थापन कोष** | ○ १. नगरपालिका स्तरीय विपद् व्यवस्थापन कोषको स्थापना र सञ्चालन कार्यविधिको निर्माण । | ○ विपद् प्रतिकार्य तथा पुनर्लाभका लागि तत्काल वित्तीय स्रोत उपलब्धता हुनेछ ।<br>○ कोष परिचालनमा पारदर्शिता र जवाफदेहिता हुनेछ । | तत्काल र निरन्तर | वार्षिक न्यूनतम रु. २० लाख + अन्य स्रोत | | ५.२ | २.५. २ | ३ | ३, ४, ११, १३, १७ | चन्द्रागिरि नगरपालिका (नगर कार्यपालिका, विपद् व्यवस्थापन समिति) | जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश सरकार, संघीय सरकार, निजी क्षेत्र, गैर | अत्यावश्यक | नगरपालिकाको आन्तरिक स्रोत, प्रदेश/संघीय सरकारबाट प्राप्त अनुदान, निजी क्षेत्रको योगदान, | कोषको अपर्याप्तता, राजनीतिक हस्तक्षेप, परिचालनमा ढिलासुस्ती, नियमित | कोषमा जम्मा भएको रकम । विपद् प्रतिकार्यमा खर्च भएको रकम र समय । कोष परिचालन |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ○ कोषमा नियमित बजेट विनियोजन ।<br>○ स्थानीय व्यवसाय, ससमुदाय र अन्य स्रोतबाट कोषमा योगदान जुटाउने । | ○ स्थानीय स्तरमा आत्मनिर्भरता वृद्धि हुनेछ ।<br>○ विपद् व्यवस्थापन कोषलाई दिगो र आत्मनिर्भर बनाउन नियमित बजेटबाहेक नवीन स्रोतहरू जुटाउनु यसका लागि स्थानीय तहबाट सेवाहरू (जस्तै: नक्सा पास) मा अतिरिक्त शुल्क लगाउने, विकास योजनाको लागतबाट निश्चित प्रतिशत छुट्याउने, दण्ड-जरिवानाको अंश प्रयोग गर्ने, उद्योग-व्यवसायबाट सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग लिने तथा गैर-सरकारी संस्थाहरूसँग सहकार्य गर्ने जस्ता उपायहरू अपनाउन सकिनेछ । | | | | | | | | | सरकारी संस्थाहरु | | विकास साझेदार | स्रोत सुनिश्चितता। | सम्बन्धी वार्षिक प्रतिवेदन । |
| **८.४ विकास साझेदारह** | ○ विकास साझेदारसँग समन्वय र | ○ वित्तीय स्रोत तथा प्राविधिक क्षमतामा वृद्धि हुनेछ । | निरन्तर | समन्वयमा | | ५.३ | २.५.२ | ३ | ३, ४, १७ | चन्द्रागिरि नगरपालिका ( | संघीय मामिला तथा | मध्यम | विकास साझेदारहरूको | साझेदारहरु बीच समन्वय | १. विकास साझेदारसँग सम्पन्न |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **रूलाई सहभागी गराउने ।** | सहकार्य अभिवृद्धि ।<br>○ संयुक्त लगानीमा विपद् जोखिम न्यूनीकरण तथा वित्तीय व्यवस्थापन कार्यक्रम सञ्चालन ।<br>○ विकास साझेदारहरुको प्राविधिक तथा आर्थिक सहयोग परिचालन । | ○ उत्कृष्ट अभ्यासहरुको आदानप्रदान र अवलम्बन हुनेछ ।<br>○ विपद् जोखिम न्यूनीकरण कार्यक्रमको प्रभावकारितामा सुधार हुनेछ । | | आधारित | | | | | | योजना तथा वैदेशिक सहायता समन्वय शाखा) | सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, गैर सरकारी संस्था महासंघ | | अनुदान/सहयोग, नगरपालिकाको समन्वय खर्च | अभाव, परियोजनाहरुको दिगोपना, स्थानीय आवश्यकतासँग तालमेल। | भएका सम्झौता/परियोजना संख्या , परिचालित बाह्य स्रोत (रकमान्तर) । संयुक्त कार्यक्रमको संख्या र प्रभावकारिता । |
| **८.५ जोखिम सिर्जनाकर्ताद्वारा भुक्तानी व्यवस्था** | ○ १. जोखिम अभिवृद्धि गर्ने कार्य गर्ने व्यक्ति वा संस्थालाई जिम्मेवार बनाउने नीति निर्माण ।<br>○ जोखिम न्यूनीकरण कोषमा योगदान गर्न लगाउने वा क्षतिपूर्ति भराउने कानूनी व्यवस्था । | ○ जोखिम सिर्जना गर्ने प्रवृत्तिमा कमी हुनेछ ।<br>○ विपद् न्यूनीकरणका लागि अतिरिक्त स्रोत प्राप्ति हुनेछ ।<br>○ उत्तरदायी विकास अभ्यासको प्रवर्द्धन गर्नेछ । | ५ वर्ष | ३० लाख | | ५.२ | २.५.२ | ३ | २, ११, १२, १६ | चन्द्रागिरि नगरपालिका (नगर कार्यपालिका, कानून तथा न्याय शाखा, पूर्वाधार विकास शाखा) | जिल्ला प्रशासन कार्यालय, वन तथा वातावरण मन्त्रालय, अदालत, नागरिक समाज | मध्यम | नगरपालिका कोष, कानूनी परामर्श सेवा शुल्क (यदि लागू भएमा) | कानूनी र नीतिगत जटिलता, कार्यान्वयनमा कठिनाइ, राजनीतिक दबाव, पहिचान र प्रमाण जुटाउन गाह्रो। | जोखिम सिर्जनाकर्तालाई जिम्मेवार बनाउने नीति/कानून तर्जुमा । जोखिम सिर्जना गर्ने कार्यबाट संकलित रकम (यदि भएमा) । जोखिमपूर्ण कार्यमा कमी आएको प्रतिशत । |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ○ सचेतना र अनुगमन संयन्त्र स्थापना । | | | | | | | | | | | | | | |
| **८.६ वित्तीय साक्षरता तथा जोखिम न्यूनीकरण शिक्षा** | ○ ससससमुदाय स्तरमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन ।<br>○ विद्यालय तथा सामुदायिक पाठ्यक्रममा विपद् जोखिम न्यूनीकरण र वित्तीय योजना सम्बन्धी विषयवस्तु समावेश ।<br>○ जोखिम न्यूनीकरणका लागि बचत तथा लगानी गर्न प्रोत्साहन । | ○ नागरिकहरुमा वित्तीय सचेतना अभिवृद्धि हुनेछ ।<br>○ विपद्का लागि आर्थिक तयारीमा सुधार हुनेछ ।<br>○ जोखिम न्यूनीकरणमा व्यक्तिगत तथा पारिवारिक तहमा सक्रियता हुनेछ । | ३ वर्ष | २५ लाख | | ५.३ | २.५.१, २.५.२ | ३ | १, ४, ११ | चन्द्रागिरि नगरपालिका (शिक्षा शाखा, विपद् व्यवस्थापन शाखा, सहकारी तथा गरिबी निवारण शाखा) | नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाहरु, गैर सरकारी संस्थाहरु, सामुदायिक सिकाई केन्द्रहरु, विद्यालयहरु | मध्यम | नगरपालिका कोष, प्रदेश/संघीय सरकार अनुदान, विकास साझेदार | कार्यक्रमको पहुँच विस्तार, निरन्तरता, लक्षित वर्गसम्म प्रभावकारी सञ्चार। | सञ्चालित वित्तीय साक्षरता तथा जोखिम न्यूनीकरण शिक्षा कार्यक्रम संख्या । कार्यक्रममा सहभागी संख्या । वित्तीय योजना बनाउने परिवारको संख्यामा वृद्धि । |

## ३.२.९ विपद् तथा जलवायु जोखिम न्यूनीकरणका रणनीतिहरू

चन्द्रागिरि नगरपालिकाले राष्ट्रिय लक्ष्यहरूसँग सामञ्जस्यता कायम गर्दै विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणका लागि विस्तृत र महत्वाकांक्षी रणनीतिहरू तय गरेको छ । विपद् जोखिम न्यूनीकरणतर्फ, नगरपालिकाले सन् २०३० सम्ममा विपद्जन्य मृत्युदर ५०%, प्रभावित जनसंख्या ४०% र प्रत्यक्ष आर्थिक क्षति ३०% ले घटाउने लक्ष्य लिएको छ । यो लक्ष्य प्राप्तिका लागि जोखिम क्षेत्रहरूको नक्साङ्कन गरी भू-उपयोग योजना कार्यान्वयन गर्ने, ससमुदायमा आधारित पूर्वसूचना प्रणाली स्थापना गर्ने र खोज-उद्धारका लागि आवश्यक तालिम र उपकरणको व्यवस्था गर्ने जस्ता रणनीतिहरू छन् । त्यसैगरी, जोखिमयुक्त बस्तीलाई सुरक्षित स्थानमा सार्न प्रोत्साहन गर्ने । पहिरो रोकथामका लागि जैविक तटबन्ध निर्माण गर्ने । भवनसंहिताको प्रभावकारी कार्यान्वयन गर्ने तथा महत्वपूर्ण पूर्वाधारहरूको संरक्षण, मर्मतसम्भार र रेट्रोफिटिङ गरी उत्थानशीलता विकास गरिनेछ ।

यसैगरी, जलवायु परिवर्तनको असर न्यूनीकरण तथा अनुकूलनका लागि पनि नगरपालिकाले ठोस योजनाहरू अघि सारेको छ । यसअन्तर्गत, नगरपालिकाको हरित क्षेत्र ५% ले बढाउन वृक्षारोपण गर्ने । सन् २०३० सम्ममा ३०% घरधुरीमा विद्युतीय चुलोको प्रयोग सुनिश्चित गर्ने । फोहोर पानी प्रशोधन प्रणाली स्थापना गर्ने लक्ष्य छ । कृषि क्षेत्रलाई उत्थानशील बनाउन कृषिभूमिमा प्राङ्गारिक पदार्थको मात्रा ४% पुऱ्याउन कम्पोस्ट मल बनाउन प्रोत्साहित गर्न किसानहरूलाई तालिम दिइनेछ । साथै, कम्तीमा ५ जलवायुमैत्री गाउँ र २० जलवायुमैत्री फार्म स्थापना गरी थोपा सिँचाइ, सौर्य ऊर्जा र वर्षातको पानी संकलनजस्ता प्रविधि जडानमा सहयोग गरिनेछ । समग्रमा, यी रणनीतिहरूको सफल कार्यान्वयनमार्फत चन्द्रागिरि नगरपालिकालाई एक सुरक्षित, उत्थानशील र वातावरणमैत्री पालिकाको रूपमा विकास गर्ने दूरदृष्टि देखिन्छ ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. ३६**

| लक्ष्य | स्थानीय तहको लक्ष्यहरू | स्थानीय तहका रणनीतिहरू |
|---|---|---|
| **विपद् जोखिम न्यूनीकरणका राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०) का लक्ष्यहरू** | | |
| १. सन् २०३० सम्ममा राष्ट्रिय स्तरमा विपद्बाट हुने मृत्यु दर उल्लेख्य मात्रामा कम गर्ने । | विपद्जन्य मृत्युदर ५०% ले घटाउने | ▪ जोखिम क्षेत्रहरूको नक्साङ्कन र भू-उपयोग योजनाको कार्यान्वयन गर्ने ।<br>▪ ससमुदायमा आधारित पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन गर्ने ।<br>▪ खोज, उद्धार तथा प्राथमिक उपचारसम्बन्धी तालिम र आवश्यक उपकरणको व्यवस्था गर्ने । |
| २. सन् २०३० सम्ममा राष्ट्रिय स्तरमा विपद्बाट प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य रूपमा कम गर्ने । | विपद् प्रभावित जनसंख्या ४०% ले घटाउने | ▪ जोखिमयुक्त बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न प्रोत्साहन गर्ने ।<br>▪ पहिरो रोकथामका लागि बायो-इन्जिनियरिङ (जैविक तटबन्ध) तथा साना पूर्वाधार निर्माण गर्ने । |

| | | |
|---|---|---|
| | | ▪ भवनसंहिताको प्रभावकारी अनुगमन तथा कार्यान्वयन गर्ने । |
| ३. सन् २०३० सम्ममा राष्ट्रिय कूल गार्हस्थ उत्पादन (GDP) को सम्बन्धमा विपद्बाट हुने प्रत्यक्ष आर्थिक क्षतिलाई घटाउने | प्रत्यक्ष आर्थिक क्षति ३० % घटाउने | ▪ घर, व्यवसाय तथा कृषि उपजको बीमा गर्न प्रोत्साहित गर्ने ।<br>▪ विपद् उत्थानशील कृषि तथा जीविकोपार्जनका कार्यक्रमहरू सञ्चालन गर्ने ।<br>▪ महत्वपूर्ण सडक, पुल, खानेपानी आयोजना जस्ता पूर्वाधारको संरक्षण र मर्मतसम्भार गर्ने । |
| ४. सन् २०३० सम्म महत्वपूर्ण पूर्वाधार र आधारभूत सेवाहरूमा विपद्ले पुऱ्याउने क्षति र अवरोध उल्लेख्य रूपले कम गर्न उत्थानशीलता विकास गर्ने । | आधारभूत सेवा अवरुद्ध हुने अवधि उल्लेख्य रूपमा घटाउने | ▪ विद्यालय, स्वास्थ्य चौकीजस्ता सार्वजनिक भवनहरूको रेट्रोफिटिङ गर्ने ।<br>▪ विपद्को समयमा स्वास्थ्य, सञ्चार, खानेपानी जस्ता सेवाको वैकल्पिक व्यवस्थासहितको आकस्मिक योजना बनाउने । |
| ५. पहिरो तथा भू-क्षयको जोखिम न्यूनीकरण गर्ने । | जोखिमपूर्ण भिरालो जग्गाको संरक्षण तथा उपयोग गर्ने । | ▪ बायो-इन्जिनियरिङको प्रयोग गर्ने (अम्लिसो, बाँस, आदि रोपण)<br>▪ जोखिमयुक्त स्थानमा पर्खाल निर्माण गर्ने ।<br>▪ अव्यवस्थित सडक खन्न रोक लगाउने । |
| ६. भूकम्पीय जोखिमबाट हुन सक्ने मानवीय तथा भौतिक क्षति कम गर्ने । | भूकम्प प्रतिरोधी संरचना निर्माण सुनिश्चित गर्ने । | ▪ भवन संहिताको कडाइका साथ कार्यान्वयन गर्ने ।<br>▪ पुराना र जोखिमयुक्त घरहरूको रेट्रोफिटिङ गर्न प्रोत्साहन गर्ने ।<br>▪ स्थानीय डकर्मीलाई तालिम दिने । |
| ७. वन क्षेत्रमा लाग्ने डढेलो नियन्त्रण तथा रोकथाम गर्ने । | डढेलोबाट हुने क्षति न्यूनीकरण गर्ने । | ▪ सामुदायिक वन उपभोक्ता समूहसँगको सहकार्यमा अग्नि रेखा निर्माण गर्ने ।<br>▪ पूर्व-सूचना प्रणाली विकास गर्ने ।<br>▪ जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । |
| **जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन राष्ट्रिय कार्यान्वयन योजना (सन् २०२०-२०३०) का लक्ष्यहरू** | | |

| | | |
|---|---|---|
| १. सन् २०३० सम्ममा देशको कूल भू-भागको ४५% वन क्षेत्र कायम गरिने । | नगरपालिकाको हरित क्षेत्र ५% ले बढाउने | ▪ सामुदायिक, कबुलियती र निजी वन विकास कार्यक्रमलाई प्रवर्द्धन गर्ने ।<br>▪ सार्वजनिक तथा सडक किनारका खाली जग्गामा वृक्षारोपण गर्ने ।<br>▪ "एक घर, एक फलफूलको बिरुवा" जस्ता अभियान सञ्चालन गर्ने । |
| २. सन् २०३० सम्ममा २५% घरधुरीमा खाना पकाउनका लागि प्रमुख रूपमा विद्युतीय चुलो प्रयोगको सुनिश्चित गरिनेछ । | विद्युतीय चुलो प्रयोग गर्ने घरधुरी ३०% पुऱ्याउने | ▪ विद्युतीय चुलोको प्रयोगका फाइदाबारे जनचेतना जगाउने ।<br>▪ नेपाल विद्युत् प्राधिकरणसँग समन्वय गरी विद्युत् आपूर्ति सहज र नियमित बनाउने ।<br>▪ विपन्न परिवारलाई अनुदान वा सहुलियतमा विद्युतीय चुलो उपलब्ध गराउने । |
| ३. सन् २०२५ सम्ममा प्रतिदिन ३८ करोड लिटर फोहोर पानीको प्रशोधन गरी विसर्जन गरिनेछ र प्रतिवर्ष ६० हजार घनमिटरका दरले मानव मलमुत्रजन्य फोहोरलाई व्यवस्थापन गरिनेछ । | फोहोर पानी प्रशोधन र दिसाजन्य लेदो व्यवस्थापन प्रणाली स्थापना गर्ने । | ▪ उपयुक्त स्थानमा विकेन्द्रित फोहोर पानी प्रशोधन केन्द्र निर्माण गर्ने ।<br>▪ दिसाजन्य लेदो संकलन तथा प्रशोधनका लागि योजना बनाई कार्यान्वयन गर्ने ।<br>▪ नदी तथा खोलामा सोझै ढल मिसाउन प्रतिबन्ध लगाउने । |
| ४. सन् २०३० सम्ममा कृषियोग्य भूमिको प्राङ्गारिक पदार्थको मात्रा ३.९५% पुग्ने । | कृषिभूमिमा प्राङ्गारिक पदार्थको मात्रा ४% पुऱ्याउने । | ▪ कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउन घरधुरीलाई प्रोत्साहित गर्ने ।<br>▪ किसानहरूलाई प्राङ्गारिक तथा गड्यौला मल बनाउने तालिम र सहयोग प्रदान गर्ने ।<br>▪ माटो परीक्षण सेवालाई सहज बनाउने । |
| ५. सन् २०३० सम्ममा २०० जलवायुमैत्री गाउँहरू (Climate Friendly Villages) र ५०० जलवायुमैत्री फर्महरू (Climate Smart Farms) स्थापना गर्ने । | कम्तीमा ५ जलवायुमैत्री गाउँ र २० जलवायुमैत्री फार्म स्थापना गर्ने । | ▪ जलवायुमैत्री गाउँ/फार्मका लागि स्थानीय मापदण्ड बनाउने ।<br>▪ छनोट भएका गाउँ/फार्ममा वर्षातको पानी संकलन, थोपा सिँचाइ, सौर्य ऊर्जा जस्ता प्रविधि जडानमा सहयोग गर्ने । |

| | | |
|---|---|---|
| | | ▪ सफल अभ्यासहरूलाई अन्यत्र विस्तार गर्न प्रचारप्रसार तथा अवलोकन भ्रमण गराउने । |
| ६. जलवायु परिवर्तनका कारण सुक्दै गएका पानीका मुहानहरूको संरक्षण तथा पुनर्भरण गर्ने । | पानीका मुहान संरक्षण र पुनर्भरण गर्ने । | ▪ मुहान वरिपरि वृक्षारोपण गर्ने ।<br>▪ पुनर्भरण पोखरी (Recharge Ponds) निर्माण गर्ने ।<br>▪ आकाशे पानी सङ्कलन प्रणालीलाई प्रोत्साहन गर्ने |
| ७. फोहोरमैलाको दिगो व्यवस्थापन गरी सफा र स्वस्थ नगर निर्माण गर्ने । | स्रोतमै फोहोर वर्गीकरण गरी न्यूनीकरण गर्ने । | ▪ कुहिने र नकुहिने फोहोर छुट्याउन अनिवार्य गर्ने ।<br>▪ जैविक फोहोरबाट कम्पोस्ट मल बनाउन प्रोत्साहन गर्ने ।<br>▪ पुनर्चक्रण (Recycle) र पुनःप्रयोग (Reuse) लाई प्रवर्द्धन गर्ने । |

## ३.२.१० योजना कार्यान्वयन तालिका

प्रस्तुत तालिका चन्द्रागिरि नगरपालिकाको प्रकोप जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी कार्यान्वयन योजना तालिका हो । यो योजना आर्थिक वर्ष २०८२/८३ देखि ( अर्थात् श्रावण २०८२ देखि असार २०८७) सम्मको पाँच-वर्षे अवधिका लागि तयार पारिएको छ। यसले नगरपालिकाका सबै १५ वटै वडाहरूमा बाढी, पहिरो, नदी कटान, सडक दुर्घटना र आगलागी जस्ता प्रकोपहरूको जोखिमलाई सम्बोधन गर्न विभिन्न संरचनात्मक तथा गैर-संरचनात्मक उपायहरू समेटेको छ।

योजना अन्तर्गत मुख्यतया खोला किनारमा तटबन्ध निर्माण, पहिरो-प्रवण क्षेत्रमा रिटेनिङ वाल, ग्याबिन जाली लगाउने, र बायो-इन्जिनियरिङ जस्ता कार्यहरूलाई प्राथमिकता दिइएको छ। दहचोक, बल्खु, किसिपिडी, शान्तिवन जस्ता विभिन्न स्थानमा विशेष आयोजनाहरू प्रस्तावित छन्। जसका लागि बजेट लाख देखि १० करोड रुपैयाँसम्म विनियोजन गरिएको छ। संरचनागत निर्माणका साथै, सडक दुर्घटना न्यूनीकरणका लागि सडक सुधार, जोखिमयुक्त बस्ती स्थानान्तरण, अग्नि नियन्त्रणका उपायहरू, र सससमुदायमा सचेतना कार्यक्रमहरू पनि योजनामा समावेश छन्।

योजनाको कार्यान्वयनको मुख्य जिम्मेवारी नगरपालिकाको पूर्वाधार विकास शाखा र विपद् व्यवस्थापन शाखालाई तोकिएको छ। साथै, प्रदेश र सङ्घीय तहका निकायहरू जस्तै- सडक विभाग, जलस्रोत तथा सिँचाइ विभाग, वन तथा भू-संरक्षण विभाग, नेपाल प्रहरी, र अन्य सम्बन्धित निकायहरूसँगको सहकार्यमा यी आयोजनाहरू सम्पन्न गरिने स्पष्ट पारिएको छ। समग्रमा, यो तालिकाले चन्द्रागिरि नगरपालिकालाई प्रकोप-उत्थानशील बनाउन एक सुस्पष्ट, स्रोतसाधनयुक्त र सहकार्यात्मक मार्गचित्र प्रस्तुत गरिएको छ।

**चन्द्रागिरि नगरपालिका : तालिका नं. ३७**

| क.सं. | योजना | सूचक | बजेट | जिम्मेवार | प्रारम्भ गर्ने अवधि | सम्पन्न गर्ने अवधि | सहयोगी शाखा/निकाय |
|---|---|---|---|---|---|---|---|
| **वडा नं. १** | | | | | | | |
| २. | दहचोकमा रिटेनिङ वाल निर्माण | ५० मिटर लामो | ३० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, सडक विभाग ( प्रादेशिक/सङ्घीय) |
| ३. | दहचोक डाँडामा रिटेनिङ वाल निर्माण | २०० मिटर लामो | १ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा ( प्रादेशिक/सङ्घीय) |
| ४. | धनवास खोलामा हिमपाइप र ग्याविन जाली लगाउने | २० मिटर लामो | १५ लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | पिङ हाल्ने पाटोमा प्लम्विङ वाल लगाउने | ३९ घरधुरी प्रभावित | ४० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा ( प्रादेशिक/सङ्घीय) |
| ६. | मितेरी मार्गमा ग्याविन जाली लगाउने | ३० मिटर लामो | २० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, सडक विभाग ( प्रादेशिक/सङ्घीय) |
| ७. | कृष्ण प्रमाणी मन्दिर क्षेत्रमा नाली, ग्याविन वाल र बायो इन्जिनियरिङ कार्य | ३० घरधुरी प्रभावित | ५० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा ( प्रादेशिक/सङ्घीय) |
| ८. | खहरे विन्दवासीनी सडक खण्डमा ग्याविन जाली लगाउने | १५ घरधुरी प्रभावित | ३० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, सडक विभाग |
| ९. | कुतेखोला करिडोरमा पर्खाल लगाउने | २०० मिटर लामो | ८० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग |
| १०. | काफलटार खानेपानी क्षेत्रमा प्रोटेक्सन वाल लगाउने | ३० मिटर लामो | २५ लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, विपद् व्यवस्थापन शाखा |
| ११. | गहतेको खानेपानी मुहान र ट्याङ्की संरक्षण | ३० मिटर लामो | ३० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, विपद् व्यवस्थापन शाखा |
| १२. | गणेश मन्दिर नजिक रिटेनिङ वाल लगाउने | बाटो सहित जोखिममा | ४० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा ( प्रादेशिक/सङ्घीय) |
| १३. | पञ्चकन्या इन्द्रदहमा प्रोटेक्सन वाल लगाउने | ३०० मिटर लामो | १.५ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा ( प्रादेशिक/सङ्घीय) |
| १४. | घट्टेडाँडा चोकमा ग्याविन जाली लगाउने | १०० मिटर लामो | ५० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा ( प्रादेशिक/सङ्घीय) |
| १५. | मूलधारामा प्रोटेक्सन वाल लगाउने | २०० मिटर लामो | १ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा ( प्रादेशिक/सङ्घीय) |
| १६. | खहरे चोकदेखि तल्लो खोलासम्म वाल लगाउने | ३०० मिटर लामो | १.५ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग |
| १७. | हेभेनडाँडामा वाल लगाउने | १०० मिटर लामो | ४० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा ( प्रादेशिक/सङ्घीय) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८. | इन्द्रदह पर्यटक क्षेत्रमा वाल लगाउने | पर्यटक क्षेत्र, खहरे गाउँ, गहते, त्रिवेणी वस्ती प्रभावित | ७५ लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | पर्यटन विभाग, विपद् व्यवस्थापन शाखा |
| १९. | कालुपान्डे समाधि स्थलमा वाल लगाउने | समाधि स्थल प्रभावित | ५० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, विपद् व्यवस्थापन शाखा |
| २०. | झागाझिटीमा वाल लगाउने | विस्तृत विवरण उल्लेख छैन | ६० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा ( प्रादेशिक/सङ्घीय) |
| **वडा नं. २** | | | | | | | |
| २१. | वडा नं. २ को जोखिमयुक्त क्षेत्रमा प्रोटेक्सन वाल र एकीकृत वस्ती विकास | ३.५ कि.मी. लामो क्षेत्र | १ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, शहरी विकास मन्त्रालय (सङ्घीय) |
| २२. | झाप्ले खोलामा प्रोटेक्सन वाल निर्माण | ८० मिटर लामो | ५ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग |
| २३. | थिङ टोलमा वस्ती स्थानान्तरण | ५ घरधुरी प्रभावित | ५ करोड | विपद् व्यवस्थापन शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | गृह मन्त्रालय, शहरी विकास मन्त्रालय ( सङ्घीय/प्रादेशिक) |
| २४. | सुरुङ मार्ग क्षेत्रमा ड्रेनेज निर्माण | ३.५ कि.मी. लामो क्षेत्र | ५ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, सडक विभाग ( सङ्घीय) |
| २५. | चिसापानी पातलेवनमा प्रोटेक्सन वाल, बायो-इन्जिनियरिङ र जनचेतना | ७० मिटर लामो | ३ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा ( प्रादेशिक/सङ्घीय) |
| २६. | चण्डिका मन्दिर, विद्यालय र टोलहरुमा भू-गर्भिक अध्ययन र प्रोटेक्सन वाल निर्माण | विद्यालय, मन्दिर र वस्ती प्रभावित | ८० लाख | विपद् व्यवस्थापन शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | खानी तथा भू-गर्भ विभाग, पूर्वाधार विकास शाखा |
| २७. | खोला किनारमा तटबन्ध र स्पर निर्माण | चण्डी भैरव र चण्डिकादेवी विद्यालय परिसर | १ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग |
| **वडा नं. ३** | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २८. | ठूलो खोला किनारमा ढुङ्गाको वाल र बायो-इन्जिनियरिङ | नदी कटान क्षेत्र | ३० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग |
| २९. | पार वस्तीमा रिटेनिङ/ग्याबियन वाल निर्माण | करिब ८०० मिटर लामो | ४० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा ( प्रादेशिक/सङ्घीय) |
| ३०. | लेम्बुमा सेरवाल/ग्याबियन वाल निर्माण | करिब १०० मिटर लामो | ३० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा ( प्रादेशिक/सङ्घीय) |
| ३१. | समिट टोल मुनि खोलामा मेसेनरी वाल, स्पर र तटबन्ध निर्माण | करिब २०० मिटर खोला किनार | १ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग |
| ३२. | अल्खुखोला-बुद्धपार्क जाने बाटोमा रिटेनिङ वाल र ड्रेनेज सुधार | करिब १०० मिटर सडक | ५० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, सडक विभाग ( प्रादेशिक/सङ्घीय) |
| **वडा नं. ४** | | | | | | | |
| ३३. | गणेशमान सिंह राजमार्गमा सुरक्षित बाटो र मेशेनरी वाल निर्माण | सेतो पहरा क्षेत्र | १.२ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, सडक विभाग ( सङ्घीय) |
| ३४. | पिमफली चौरदेखि सिलाफल पुलसम्म खोलामा पर्खाल निर्माण | करिब १०० मिटर लामो | ८० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग |
| ३५. | त्रिभुवन पार्क सिमानामा मेसेनरी वाल, स्पर र तटबन्ध निर्माण | पार्कको सिमाना | १ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, वन तथा वातावरण मन्त्रालय |
| ३६. | त्रिभुवन राजपथमा सडक सुरक्षा तथा सचेतना कार्यक्रम | दुर्घटना जोखिम क्षेत्र | २५ लाख | विपद् व्यवस्थापन शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | सडक विभाग, नेपाल प्रहरी (ट्राफिक), यातायात व्यवस्था विभाग |
| **वडा नं. ५** | | | | | | | |
| ३७. | किसिपिडी क्षेत्रमा ग्याबियन पर्खाल र हिमपाइप व्यवस्थापन | बाढीका कारण जोखिम | ८० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग |
| ३८. | मातातीर्थ खहरे खोलामा ग्याबियन पर्खाल निर्माण | बाढीले जोखिम | ७० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग |
| ३९. | सडक दुर्घटना न्यूनीकरण (ओभरहेड ब्रिज, सचेतना, गति नियन्त्रण) | १.५ कि.मी. सडकखण्ड | १० लाख | विपद् व्यवस्थापन शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | सडक विभाग, नेपाल प्रहरी (ट्राफिक) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४०. | गुर्जुधारा-कृष्ण मन्दिर सडकखण्डमा सडक सुरक्षा सुधार | करिब ८०० मिटर सडकखण्ड | १० लाख | विपद् व्यवस्थापन शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | सडक विभाग, नेपाल प्रहरी (ट्राफिक) |
| **वडा नं. ६** | | | | | | | |
| ४१. | मातातिर्थ कुण्ड खोलामा ग्याविन जाली लगाउने | १५० मिटर कटान | ३५ लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग |
| ४२. | ठूलो खोलामा दायाँ-बायाँ सेरवाल लगाउने | ३०० मिटर कटान | ७० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग |
| ४३. | गुमालचौकी-एसएमएस विद्यालय क्षेत्रमा दायाँ-बायाँ सेरवाल लगाउने | २ कि.मी. लामो कटान क्षेत्र | ७० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग |
| ४४. | चन्दन भराटेश्वर मन्दिरमा ग्याविन जाली लगाउने | ५०० मिटर कटान | ३० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| ४५. | गुमालचौकी सामुदायिक वनमा बायो-इन्जिनियरिङ गर्ने | पहिरो क्षेत्र | २० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | डिभिजन वन कार्यालय, विपद् व्यवस्थापन शाखा |
| ४६. | चेकपोष्ट र राधाकृष्ण टोलमा आगलागी सचेतना कार्यक्रम | उच्च जोखिम क्षेत्र | १० लाख | विपद् व्यवस्थापन शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | गृह मन्त्रालय, नेपाल प्रहरी, उद्योग वाणिज्य संघ |
| ४७. | त्रिभुवन राजपथमा सडक सुरक्षा सुधार (जेब्रा क्रसिङ, सङ्केत) | ५०० मिटर सडक खण्ड | १० लाख | विपद् व्यवस्थापन शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | सडक विभाग, नेपाल प्रहरी (ट्राफिक) |
| ४८. | इटाखेल मार्गमा सडक सुरक्षा सुधार | दुर्घटना जोखिम क्षेत्र | १५ लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | सडक विभाग, नेपाल प्रहरी (ट्राफिक) |
| ४९. | राधाकृष्ण टोलमा डुबान नियन्त्रण (ढल निकास, वाल) | २०० घरधुरी जोखिममा | ५० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | खानेपानी तथा ढल निकास विभाग, विपद् व्यवस्थापन शाखा |
| **वडा नं. ७** | | | | | | | |
| ५०. | वनदेवी फुटवल ग्राउण्डमा सेरवाल, ग्याविन जाली र वृक्षारोपण | ६०० मिटर लामो | २ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, वन तथा भू-संरक्षण विभाग |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५१. | वनदेवी विद्यालय खोलामा सेरवाल र बायो-इन्जिनियरिङ | ४०० मिटर लामो | १ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग |
| ५२. | त्रिभुवन पार्क नजिक खोलामा तटबन्धन गर्ने | १ कि.मी. लामो | १० करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग, राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति |
| ५३. | त्रिवेणीघाटमा सेरवाल, ग्याविन जाली र नदी कटान नियन्त्रण | २ कि.मी. लामो | १० करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| ५४. | महाङ्काल सामुदायिक वन सिमानामा ग्याविन जाली र सेरवाल | ३०० मिटर लामो | २ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | डिभिजन वन कार्यालय, विपद् व्यवस्थापन शाखा |
| **वडा नं. ८** | | | | | | | |
| ५५. | गैरिगाउँ टोलमा ग्याबिन जाली, वृक्षारोपण र बायो-इन्जिनियरिङ | १०० मिटर | १ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, वन तथा भू-संरक्षण विभाग |
| ५६. | ढाक्सी टोलमा ग्याबिन जाली र बायो-इन्जिनियरिङ | ४० मिटर लामो | ५० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा ( प्रादेशिक/सङ्घीय) |
| ५७. | गणेशमान मार्गमा बायो-इन्जिनियरिङ गर्ने | २ कि.मी. लामो | १५ लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | डिभिजन वन कार्यालय, विपद् व्यवस्थापन शाखा |
| ५८. | विद्युतीय दुर्घटना न्यूनीकरण (तार मर्मत, रुख कटानी, सचेतना) | जोखिमपूर्ण स्थानहरू | ५ लाख | विपद् व्यवस्थापन शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | नेपाल विद्युत प्राधिकरण, डिभिजन वन कार्यालय |
| ५९. | हावाहुरी जोखिम न्यूनीकरण ( सुरक्षित घर, पूर्वसूचना, तालिम) | सबै टोलहरू | १५ लाख | विपद् व्यवस्थापन शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| ६०. | निगाले ठाडोखोलामा तटबन्ध निर्माण र बायो-इन्जिनियरिङ | खोला किनारका बस्ती | १.५ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग |
| **वडा नं. ९** | | | | | | | |
| ६१. | शान्ति वन क्षेत्रमा बायो इन्जिनियरिङ गर्ने | पहिरोको जोखिम | १ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | डिभिजन वन कार्यालय, विपद् व्यवस्थापन शाखा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६२. | शान्तिवन मच्छे नारायण मन्दिर माथि वाल लगाउने | पहिरोको जोखिम | २ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| ६३. | मिलन वस्ती र ओदाने क्षेत्रमा तटबन्धन गर्ने | कटानको जोखिम | ६ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग |
| ६४. | चिहान खोलामा तटबन्धन गर्ने | घाट बगाउने जोखिम | १ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग |
| **वडा नं. १०** | | | | | | | |
| ६५. | पाखाचौर-देउचा खोलामा तटबन्धन निर्माण | कटानको उच्च जोखिम | १.५ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग |
| ६६. | देउचा-टिसनटोलमा तत्काल तटबन्धन र पूर्वसूचना प्रणाली | ६० घरधुरी जोखिममा | २ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जल तथा मौसम विज्ञान विभाग |
| ६७. | टिसनटोल-विन्ध्यवासिनी मन्दिरमा पक्की तटबन्धन | बस्ती र मन्दिर जोखिममा | २.५ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग |
| ६८. | मनमन बचा-विष्णुदेवी मन्दिरमा तटबन्धन | बस्ती र मन्दिर जोखिममा | २ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग |
| ६९. | दवखुसी-टिसनटोल खोलामा तटबन्धन गरी कृषि योग्य जमिन संरक्षण | सयौं रोपनी जमिन जोखिम | ३ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | कृषि ज्ञान केन्द्र, जलस्रोत तथा सिँचाइ विभाग |
| ७०. | खुसीखुसी-दवखुसी खोलामा तटबन्धन र बायो-इन्जिनियरिङ | कृषियोग्य जमिनमा क्षति | १.५ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग |
| ७१. | छ्यास क्षेत्रमा पहिरो रोकथामका लागि तटबन्धन | खेतियोग्य जमिन जोखिममा | १ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, भू-तथा जलाधार संरक्षण विभाग |
| ७२. | टिसनडोल, बल्खुफाँटमा आगलागी नियन्त्रण (बाटो विस्तार, फायर हाइड्रेन्ट) | घना बस्ती र व्यावसायिक क्षेत्र | ७५ लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | गृह मन्त्रालय, नेपाल प्रहरी, काठमाडौं उपत्यका खानेपानी लिमिटेड |
| **वडा नं. ११** | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७३. | वागमती करिडोरमा मजबुत तटबन्ध निर्माण र पूर्वसूचना प्रणाली | १३० घरधुरी, करिडोर निर्माण क्षेत्र | १.५ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति, विपद् व्यवस्थापन शाखा |
| ७४. | औद्योगिक क्षेत्रमा अग्नि नियन्त्रण उपकरण र सचेतना | औद्योगिक तथा व्यापारिक क्षेत्र | ५० लाख - १ करोड | विपद् व्यवस्थापन शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | गृह मन्त्रालय, उद्योग वाणिज्य महासंघ, नेपाल प्रहरी |
| ७५. | बल्खु-सिजी ग्रुप सडक खण्डमा सडक विस्तार, स्तरोन्नति र ट्राफिक व्यवस्थापन | अत्यधिक सवारी चाप | १ करोड - २.५ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | सडक विभाग, नेपाल प्रहरी (ट्राफिक), यातायात व्यवस्था विभाग |
| **वडा नं. १२** | | | | | | | |
| ७६. | आदित्यस्वर मन्दिर क्षेत्रमा रिटेनिङ वाल/ग्याबियन पर्खाल निर्माण | करिब ९०० मिटर क्षेत्र | १ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा ( प्रादेशिक/सङ्घीय) |
| ७७. | मितेरी मार्ग चारघरेमा ग्याबियन जाली/पर्खाल निर्माण | उत्तर पश्चिम क्षेत्र | ७० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा ( प्रादेशिक/सङ्घीय) |
| ७८. | वनदेवी खेल मैदान मुनि रिटेनिङ/ग्याबियन वाल निर्माण | करिब २०० मिटर | ३ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा ( प्रादेशिक/सङ्घीय) |
| ७९. | सिमर्चा (घारिगाउँ) मा ग्याबियन पर्खाल निर्माण | करिब ३०० मिटर | १ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा ( प्रादेशिक/सङ्घीय) |
| ८०. | वनदेवी, मुखिया गाउँमा रिटेनिङ वाल/ग्याबियन पर्खाल निर्माण | करिब २०० मिटर | ३ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा ( प्रादेशिक/सङ्घीय) |
| ८१. | इन्द्रामती खोला करिडोर निर्माण, तटबन्ध र एकीकृत फोहोरमैला व्यवस्थापन | करिब ३ कि.मि. | १ अर्ब | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | लगानी बोर्ड नेपाल, जलस्रोत तथा सिँचाइ विभाग, वन तथा वातावरण मन्त्रालय |
| ८२. | रानीवन सामुदायिक वनमा अग्नि नियन्त्रण रेखा र सचेतना | सामुदायिक वन क्षेत्र | ५० लाख | विपद् व्यवस्थापन शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | डिभिजन वन कार्यालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८३. | विद्युतीय दुर्घटना न्यूनीकरण (तार केबुलिङ, पोल मर्मत, फायर हाइड्रेन्ट) | ट्रान्सफर्मर भएका स्थानहरू | १० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | नेपाल विद्युत प्राधिकरण, विपद् व्यवस्थापन शाखा |
| ८४. | कलङ्की-नागढुङ्गा सडकमा सडक सुरक्षा सुधार | करिब २ कि.मी. खण्ड | १० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | सडक विभाग, नेपाल प्रहरी (ट्राफिक) |
| ८५. | गुर्जुधारा-सतुङ्गल सडकमा पैदलयात्री मार्ग र सडक सुरक्षा | करिब १ कि.मी. खण्ड | १० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | सडक विभाग, नेपाल प्रहरी (ट्राफिक) |
| **वडा नं. १३** | | | | | | | |
| ८६. | कंकाली मन्दिर क्षेत्रमा पर्खाल लगाउने | करिब ४० मिटर | १ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, गुठी संस्थान |
| ८७. | मितेरी मार्गमा वाल लगाउने | सडक र घरधुरी जोखिममा | १ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, सडक विभाग |
| ८८. | डौडाली खोला किनारमा वाल लगाउने | घरधुरी जोखिममा | १ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग |
| ८९. | मितेरी मार्ग (वडा १२ सिमाना) मा वाल लगाउने | घरधुरी जोखिममा | १ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, सडक विभाग |
| ९०. | टंक बा पहिरो (डौलाली खोला) मा सेरवाल, प्लम्प वाल लगाउने | ठूलो बस्ती जोखिममा | २ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग |
| **वडा नं. १४** | | | | | | | |
| ९१. | नैकाप चोक चौतारामा मेसिनरी वाल लगाउने | १०० मिटर पहिरो | २५ लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा ( प्रादेशिक/सङ्घीय) |
| ९२. | गणेश पार्कमा सेरवाल र प्लाङवाला लगाउने | ४०० मिटर पहिरो | ८ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, पर्यटन विभाग |
| ९३. | बल्खु खोला (बालकुमारी मन्दिर) मा प्रोटेक्शन वाल र खोला गहिराई | ५०० मिटर कटान | ७ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति, जलस्रोत तथा सिँचाइ विभाग |
| ९४. | डोलफाट क्षेत्रमा ढल व्यवस्थापन र पानीको निकास | बाढीको जोखिम | ७० लाख | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | काठमाडौं उपत्यका खानेपानी लिमिटेड, विपद् व्यवस्थापन शाखा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **वडा नं. १५** | | | | | | | |
| ९५. | वल्खुखोला आधारवस्तीमा ड्याम, सेरवाल र जैविक तटबन्धन | बाढी तथा डुवानको समस्या | १ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति, जलस्रोत तथा सिँचाइ विभाग |
| ९६. | भिराडिलको कोप्चा दहमा ड्याम बनाउने | बाढीको जोखिम | ३ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, जलस्रोत तथा सिँचाइ विभाग |
| ९७. | विष्णुदेवि मन्दिर नजिक सेरवाल र पानी निकास | करिब १०० मिटर पहिरो | ३ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा ( प्रादेशिक/सङ्घीय) |
| ९८. | भिराडिलको कोप्चा दहमा सेरवाल र ग्याविन वाल लगाउने | पहिरोको जोखिम | १ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा ( प्रादेशिक/सङ्घीय) |
| ९९. | ख्योल पाखा बस्तीमा करिडोर, वाल र पानी निकास प्रणाली सुधार | डुवान हुने समस्या | २ करोड | पूर्वाधार विकास शाखा, प्रमुख | २०८२ श्रावण | २०८६ असार | विपद् व्यवस्थापन शाखा, काठमाडौं उपत्यका खानेपानी लिमिटेड |

## परिच्छेद-४

## बजेटको विनियोजन र विकास योजनामा मूल प्रवाहीकरण

### ४.१. स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि लगानीको न्यूनतम लक्ष्य

#### ४.१.१. सरोकारवाला निकायसँग समन्वय

(क) यस कार्यढाँचाको कार्यान्वयनका लागि नगरपालिकाले सङ्घीय सरकारका सम्बन्धित मन्त्रालय, बागमती प्रदेश सरकारका निकायहरू, र जिल्ला विपद् व्यवस्थापन समिति, काठमाडौँसँग नियमित सम्पर्क, समन्वय र सक्रिय सहकार्य गर्नेछ ।

(ख) वैदेशिक सहायता परिचालन गर्नुपर्ने अवस्थामा नेपाल सरकारको प्रचलित नीति तथा कानून र वैदेशिक सहायता परिचालन निर्देशिका, २०७७ को अधीनमा रही विकास साझेदारहरूसँगको सहयोग र साझेदारीलाई व्यवस्थित गरिनेछ ।

(ग) नगरपालिकाले मानवीय क्षेत्रमा कार्यरत संयुक्त राष्ट्रसङ्घीय निकायहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, निजी क्षेत्र, प्राज्ञिक निकाय, नागरिक समाज र अन्य सङ्गठित संस्थाहरूबाट प्राप्त हुने मानवीय तथा प्राविधिक सहायतालाई यस कार्यढाँचामा सूचीकृत प्राथमिकताका क्षेत्रमा परिचालन गर्नेछ ।

(घ) चन्द्रागिरि नगरपालिका क्षेत्रमा कुनै पनि निकाय (सरकारी, गैरसरकारी, निजी वा सामुदायिक) द्वारा विकास, निर्माण वा सेवा प्रवाहका कार्यक्रमहरू सञ्चालन गर्दा यस कार्यढाँचाका प्रावधानहरूलाई आत्मसात् गरी कार्यान्वयन गर्न अपेक्षा राखिएको छ ।

#### ४.१.२. स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन लगानी बजेट

चन्द्रागिरि नगरपालिकामा पहिचान गरिएका विपद् जोखिम न्यूनीकरणका उपायहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि, 'स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन लगानी बजेट को व्यवस्था गरिनेछ । यसका लागि नगरपालिकाले आफ्नो कुल वार्षिक बजेटको कम्तिमा ५% (पाँच प्रतिशत) रकम विनियोजन गर्ने लक्ष्य निर्धारण गरी स्पष्ट रूपमा खुलाउनु पर्दछ ।

### ४.२. आवधिक र वार्षिक विकास योजनामा मूलप्रवाहीकरणको योजना

#### ४.२.१. विपद् व्यवस्थापन कोष

(क) नगरपालिकामा स्थापित स्थानीय विपद् व्यवस्थापन कोषलाई थप सुदृढ गर्दै यसको परिचालन गर्दा यस कार्यढाँचामा सूचीकृत प्राथमिकताका कार्यहरूलाई केन्द्रमा राखिनेछ ।

(ख) कोषको प्रभावकारी सञ्चालनका लागि जिल्ला विपद् व्यवस्थापन कोष, काठमाडौँसँग समन्वय गरिनेछ । साथै, केन्द्रीय तथा प्रदेश विपद् व्यवस्थापन कोषबाट रकम प्राप्त गर्नका लागि विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७८ बमोजिम नगर कार्यपालिकाले आवश्यक पहल गर्नेछ ।

(ग) कोषमा सङ्कलित रकमलाई विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका चरणहरूमा सन्तुलित रूपमा परिचालन गरिनेछ ।

### ४.२.२. आवधिक/वार्षिक बजेटमा मूलप्रवाहीकरण

(क) चन्द्रागिरि नगरपालिका तथा यस अन्तर्गतका वडा कार्यालयहरू र विषयगत शाखाहरूले आफ्नो वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा विपद् तथा जलवायु जोखिम न्यूनीकरणका क्रियाकलापहरूलाई अनिवार्य रूपमा मूलप्रवाहीकरण गरी आवश्यक बजेटको व्यवस्था गर्नेछन् ।

(ख) नगरपालिकाभित्र कार्यरत कृषि, स्वास्थ्य, शिक्षा, पूर्वाधार (सडक, खानेपानी, सिँचाइ), सञ्चार, ऊर्जा, भूमि व्यवस्थापन, र सामाजिक सुरक्षालगायतका क्षेत्र हेर्ने सङ्घीय तथा प्रदेश सरकारका निकाय एवं आयोजनाहरूले आफ्नो वार्षिक बजेटमार्फत यस कार्यढाँचाका लक्ष्यहरूलाई सम्बोधन गर्न आवश्यक कार्यक्रमहरू समावेश गर्नेछन् ।

(ग) निजी क्षेत्र, व्यावसायिक प्रतिष्ठान, गैरसरकारी संस्था, तथा नागरिक समाजले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रमहरूमा विपद् तथा जलवायु उत्थानशीलताका क्रियाकलापहरूलाई समावेश गरी कार्यान्वयन गर्न प्रोत्साहित गरिनेछ ।

### ४.३.२. योजना तर्जुमामा मूल प्रवाहीकरण

(क) यस कार्यढाँचामा उल्लिखित प्राथमिकता र क्रियाकलापहरूलाई नगरपालिकाको पञ्चवर्षीय आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, र मध्यकालीन खर्च संरचनामा पूर्ण रूपमा एकाकार गरी कार्यान्वयनको सुनिश्चितता गरिनेछ ।

(ख) नगरपालिकाले आफ्नो वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा यस कार्यढाँचामा सूचीकृत क्रियाकलापहरूलाई प्राथमिकताका साथ समावेश गरी आवश्यक स्रोत सुनिश्चित गर्न अग्रसरता लिनेछ ।

(ग) माथि उल्लिखित प्रावधानहरूको कार्यान्वयनका लागि विकास साझेदार, गैरसरकारी संस्था, निजी क्षेत्र र नागरिक समाजलाई समेत स्रोत परिचालनका लागि आह्वान र सहजीकरण गरिनेछ ।

### ४.३.३ बजेटको विनियोजन र विकास योजनामा मूल प्रवाहीकरण

तलको तालिकामा विपद् जोखिम न्यूनीकरण र जलवायु उत्थानशीलतालाई विभिन्न विषयगत क्षेत्रका योजना तथा कार्यक्रममा मूलप्रवाहीकरण प्रस्तुत गरिएको छ ।

## चन्द्रागिरि नगरपालिका :

चित्र : स्थानीय तहको दीर्घकालीन सोच, आवधिक योजना, मध्यकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम बीच अन्तरसम्बन्ध




*चित्र नं. १९, स्रोत: स्थानीय तहको योजना निर्देशिका, राष्ट्रिय योजना आयोग*

चन्द्रागिरि नगरपालिका : तालिका नं. ३८

| क्र. सं. | क्षेत्र | उपक्षेत्र | स्रोत | खर्च केन्द्र | योजना तथा कार्यक्रम | बजेट (रु.) | वडा नं |
|---|---|---|---|---|---|---|---|
| १. | आर्थिक विकास क्षेत्र | कृषि | चन्द्रागिरि नगरपालिका, प्रदेश सरकार (भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय) | कृषि विकास शाखा | जलवायु उत्थानशील कृषि प्रविधि (जस्तैः थोपा सिँचाइ, टनेल खेती) प्रवर्द्धन तथा तालिम | १५,००,००० | सबै वडाहरु |
| २. | पर्यटन विकास क्षेत्र | पर्यटन | चन्द्रागिरि नगरपालिका, पर्यटन बोर्ड | पर्यटन तथा पूर्वाधार विकास शाखा | जोखिमयुक्त पर्यटकीय पदमार्ग मर्मतसम्भार तथा विपद् सूचना बोर्ड स्थापना | १०,००,००० | सबै वडाहरु |
| ३. | सामाजिक विकास क्षेत्र | स्वास्थ्य तथा पोषण | चन्द्रागिरि नगरपालिका, स्वास्थ्य मन्त्रालय ( संघीय सरकार) | स्वास्थ्य शाखा | स्वास्थ्य संस्थाहरूमा विपद् प्रतिकार्य योजना तर्जुमा र प्राथमिक उपचार तथा महामारी नियन्त्रण तालिम | २०,००,००० | सबै स्वास्थ्य चौकीहरू |
| ४. | खानेपानी तथा सरसफाइ क्षेत्र | | नगरपालिका, उपभोक्ता समिति | खानेपानी तथा सरसफाइ शाखा | खानेपानी मुहान संरक्षण तथा विपद्को समयमा शुद्ध खानेपानी वितरणको पूर्वतयारी | २५,००,००० | सबै वडाहरु |
| ५. | पूर्वाधार विकास क्षेत्र | बस्ती विकास, आवास | संघीय सरकार ( पुनर्निर्माण प्राधिकरण), नगरपालिका | पूर्वाधार विकास शाखा, योजना शाखा | भूकम्प प्रतिरोधी आवास पुनर्निर्माण सम्बन्धी प्राविधिक सहयोग र सचेतना | १०,००,००० | नगरस्तर |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६. | सडक तथा यातायात क्षेत्र | | चन्द्रागिरि नगरपालिका, प्रदेश सरकार (भौतिक पूर्वाधार मन्त्रालय) | पूर्वाधार विकास शाखा | पहिरो जोखिमयुक्त सडक खण्डमा बायो-इन्जिनियरिङ सहितको संरक्षण तथा मर्मत | ५०,००,००० | सबै वडाहरु |
| ७. | वन तथा वातावरण क्षेत्र | वन तथा हरियाली | नगरपालिका, सामुदायिक वन उपभोक्ता समूह | वन तथा वातावरण शाखा | सामुदायिक वनमा भू-क्षय नियन्त्रण तथा पहिरो रोकथामका लागि वृक्षारोपण | १२,००,००० | सबै वडाहरु |
| ८ | वातावरण व्यवस्थापन संस्थागत विकास क्षेत्र | नीति, कानून तथा सुशासन | चन्द्रागिरि नगरपालिका, विकास साझेदार संस्था | सामान्य प्रशासन शाखा, विपद् व्यवस्थापन शाखा | विपद् तथा जलवायु उत्थानशीलतामा सबै शाखाको भूमिका र जिम्मेवारी पत्ता लगाउन सबै कर्मचारीलाई तालिम प्रदान गर्ने | ८,००,००० | चन्द्रागिरि नगरपालिका |
| ९. | संगठन तथा सेवा प्रवाह र विद्युतीय सुशासन कार्यक्रम | | चन्द्रागिरि नगरपालिका | सूचना प्रविधि शाखा, विपद् व्यवस्थापन शाखा | विपद् पूर्वसूचना प्रणाली (EWS) स्थापना तथा सञ्चालन र जोखिम नक्साङ्कनको डिजिटाइजेसन | १८,००,००० | चन्द्रागिरि नगरपालिका |

# परिच्छेद-५

## कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

### ५.१. कार्यान्वयन कार्ययोजना

(क) चन्द्रागिरि नगरपालिकाले जारी गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ र प्रस्तुत विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा, २०८१ मा उल्लिखित प्राथमिकता र कार्यनीतिहरूको सफल कार्यान्वयनका लागि नगर कार्यपालिकाले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ । यसका लागि नगरपालिकाका विषयगत महाशाखा/शाखा, वडा समितिहरू र अन्य सम्बन्धित निकायहरूमार्फत प्रभावकारी समन्वय र सहजीकरण सुनिश्चित गरिनेछ ।

(ख) चन्द्रागिरि नगरपालिकाभित्र क्रियाशील सङ्घीय तथा प्रदेश सरकारका निकायहरूले आ-आफ्ना वार्षिक योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा यस कार्यढाँचालाई आधार स्तम्भको रूपमा लिई सोहीबमोजिम आफ्ना कार्यक्रमहरूलाई विपद् तथा जलवायुमैत्री बनाउनेछन् ।

(ग) चन्द्रागिरि नगरपालिकाद्वारा सञ्चालित स्थानीय विपद् व्यवस्थापन कोषको परिचालन गर्दा यस कार्यढाँचामा सूचीकृत क्रियाकलापहरूको कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखिनेछ ।

(घ) यस कार्यढाँचाको सफल कार्यान्वयनका लागि सङ्घीय सरकार र बागमती प्रदेश सरकारसँग आवश्यक वित्तीय तथा प्राविधिक सहयोगका लागि पहल गरिनेछ । साथै, जिल्ला विपद् व्यवस्थापन समिति, काठमाडौंसँग निरन्तर समन्वय र सहकार्य गरिनेछ ।

(ङ) कार्यढाँचाको कार्यान्वयन प्रक्रियामा विकास साझेदार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, निजी क्षेत्र ( उद्योग-वाणिज्य संघ लगायत), प्राज्ञिक प्रतिष्ठान, नागरिक समाज, सामुदायिक संस्थाहरू, स्वयंसेवक र स्थानीय ससससमुदायको सक्रिय एवं अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

(च) स्थानीय स्रोत, साधन, ज्ञान, सीप र प्रविधिको उच्चतम परिचालन गर्दै कार्यढाँचा कार्यान्वयनका लागि नगरवासीको क्षमता अभिवृद्धिमा जोड दिइनेछ ।

(छ) कार्यान्वयनका हरेक चरणमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा सुत्केरी महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक लगायतका जोखिममा परेका वा पर्न सक्ने ससससमुदायको विशिष्ट अवस्था र आवश्यकतालाई सम्बोधन गरिनेछ । साथै, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका आयामलाई विशेष ध्यान दिइनेछ ।

(ज) नगरपालिकाका दीर्घकालीन, आवधिक तथा वार्षिक योजनाहरूमा यस कार्यढाँचाका प्राथमिकताहरूलाई एकीकृत गर्दै हरित अर्थतन्त्रको प्रवर्द्धन, शहरी उत्थानशीलता, र सार्वजनिक-निजी साझेदारी जस्ता नवीन कार्यान्वयन मोडेलहरूलाई प्रोत्साहित गरिनेछ ।

(झ) नगरपालिकाका विद्यमान नीति, ऐन, तथा मापदण्डहरूको पुनरावलोकन गरी यस कार्यढाँचाको कार्यान्वयनलाई सहज बनाउन आवश्यक पर्ने निर्देशिका, कार्यविधि, र मापदण्डहरू तर्जुमा गरी लागू गरिनेछ ।

## ५.२. अनुगमन र मूल्याङ्कन

(क) नगर विपद् व्यवस्थापन समितिले यस कार्यढाँचाको कार्यान्वयन अवस्थाको नियमित र आवधिक अनुगमन गर्नेछ । समितिले आवश्यक ठानेमा विषयविज्ञ सहितको उप-समिति गठन गरी अनुगमन गर्न सक्नेछ ।

(ख) यस कार्यढाँचाको समग्र कार्यान्वयन अवस्थाको आवधिक मूल्याङ्कन चन्द्रागिरि नगर कार्यपालिका बाट हुनेछ । मूल्याङ्कनका लागि नगर कार्यपालिकाले आवश्यक कार्यविधि निर्धारण गरी स्वतन्त्र विज्ञ वा उप-समिति समेत गठन गर्न सक्नेछ ।

(ग) सङ्घीय सरकारका सम्बन्धित निकाय तथा बागमती प्रदेश सरकारले कार्यढाँचाको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन कार्यमा आवश्यक प्राविधिक तथा विशेषज्ञ सेवा उपलब्ध गराउन सक्नेछन् ।

## ५.३. समीक्षा र परिमार्जन

(क) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त तथ्य, सिकाई, र सुझावहरूलाई नगर कार्यपालिकाले कार्यढाँचा परिमार्जन तथा सुधारको मुख्य आधारको रूपमा ग्रहण गर्नेछ ।

(ख) विपद् जोखिमका परिवर्तनशील आयामहरू, नयाँ प्रविधि, र उत्कृष्ट अभ्यासहरूलाई समेत कार्यढाँचा पुनरावलोकनको आधार बनाइनेछ ।

(ग) कार्यढाँचा कार्यान्वयनबाट प्राप्त सिकाई र अनुभवहरूलाई संस्थागत अभिलेखमा व्यवस्थित गरी ज्ञान व्यवस्थापनमा उपयोग गरिनेछ ।

(घ) नगर कार्यपालिकाले माथि उल्लिखित आधारहरूमा टेकेर, आवश्यकताअनुसार, तर कम्तीमा प्रत्येक दुई वर्षमा यस कार्यढाँचाको पुनरावलोकन गरी समयानुकूल परिमार्जन गर्नेछ ।

अनुसूचीः १, चन्द्रागिरि नगरस्तरिय विपद् व्यवस्थापन समिति मिति २०८२ जेठ ३० गते बसेको बैठकका झलकहरू ।







## अनुसुचीः २, चन्द्रागिरि नगरपालिका, वातावरण तथा विपद् समिति मिति २०८२/०२/२५ गते बसेको बैठकका झलकहरु ।



## अनुसूची: ३ चन्द्रागिरि नगरपालिका वडा नं. १, दहचोकमा स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा-२०८२ निर्माणका विषयमा स्थानीय विपद् व्यवस्थापन स्वंयसेवक व्यूरोसँग छलफलका झलकहरू ।








## अनुसूची:४, चन्द्रागिरि नगरपालिका वडा नं.२, वाडभञ्जाङका जोखिम क्षेत्रहरुका दृश्यहरु ।







## अनुसूचीः ५, चन्द्रागिरि नगरपालिका वडा नं.३ थानकोटमा रहेका जोखिम क्षेत्रहरु दृश्यहरु ।







अनुसूचीः ६, चन्द्रागिरि नगरपालिका वडा नं. ५, किसिपिडिमा स्थानीय विपद् व्यवस्थापन स्वंयसेवक व्यूरोसंग स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा-२०८२ विषयमा छलफलका झलकहरु ।







अनुसूची: ७, चन्द्रागिरि नगरपालिका वडा नं. ७, महादेवस्थानमा स्थानीय विपद् व्यवस्थापन स्वंयसेवक व्यूरोसंग स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा-२०८२ विषयमा छलफलका झलकहरु ।







अनुसूचीः ८, चन्द्रागिरि नगरपालिका वडा नं. ६ र ८ संग स्थानीय विपद् व्यवस्थापन स्वंयसेवक व्यूरोसंग स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा-२०८२ विषयमा छलफलका झलकहरु ।







अनुसूचीः ९, चन्द्रागिरि नगरपालिका वडा नं. १२, बलम्बुमा स्थानीय विपद् व्यवस्थापन स्वंयसेवक व्यूरोसंग स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा-२०८२ विषयमा छलफलका झलकहरु ।



अनुसूचीः १०, चन्द्रागिरि नगरपालिका वडा नं. १५, तिनथानामा स्थानीय विपद् व्यवस्थापन स्वंयसेवक व्यूरोसंग स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा-२०८२ विषयमा छलफलका झलकहरु ।







**अनुसूची ११, चन्द्रागिरि नगरपालिको कार्यपालिकाको २०८२/०३/१३ गते बसेको बैठकमा स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा-२०८२ मस्यौदा माथि छलफलका झलकहरु ।**







## अनुसूची १२, वडास्तरीय विपद् स्वंयसेवक समूहहरुको समूह निर्माण तथा परिचालन अन्तरगत मौसमजन्य विपद् पूर्व तयारी प्रतिकार्य तालिमका झलकहरु ।









**अनुसूची १३, चन्द्रागिरि नगरपालिका वडास्तरीय स्थानीय विपद् व्यवस्थापन स्वंयसेवक व्यूरोसंग स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा-२०८२ विषयमा छलफलका क्रममा गरिएका माइनुटहरु ।**


आजा मिति २०८२ साल वैसाख ३० गते मंगलवार को दिन यस चं.न.पा. वडा नं. ८ वडा कार्यालय [illegible] मा वडा विपद् व्यवस्थापन समितिको आयोजना तथा अध्यक्षतामा स्थानिय विपद तथा जलवायु उत्थानशील कार्यढांचा तर्जुमाका लागि सूचना संकलन तथा छलफल कार्यक्रम २०८२ माथी छलफलमा निम्नानुसार व्यक्तित्वहरु को उपस्थितिमा विषय उपर छलफल गर्दै निर्णय गरियो।

"उपस्थिती"

संयोजक : श्री महेन्द्र महर्जन
सदस्य : श्री बहादुर [illegible]
सदस्य : कमला श्रेष्ठ
सदस्य : धन बहादुर वोगोटी
सदस्य : उज्वल महर्जन
सदस्य : मनकेशरी महर्जन
सदस्य : अमर महर्जन
सदस्य : रामकुमारी लामा
सदस्य : शर्मिला शर्मा

विशेष उपस्थिति :
प्राविधिक सहयोग नेपाल क्रिश्चियन सोसाइटी का सदस्य श्री पूर्ण दर्नाल

प्रस्तावहरु :
स्थानिय विपद तथा जलवायु उत्थानशील कार्यढांचा तर्जुमा सूचना संकलन तथा छलफल कार्यक्रम २०८२ माथी प्राविधिक सदस्य श्री दर्नाल संग छलफल गर्ने


आज मिति २०८२ जेठ महिनाको ९ गते, चन्द्रागिरि नगरपालिका वडा नं १२, बलम्बुको वडा कार्यालयमा वडा विपद व्यवस्थापन समितिको संयोजक तथा वडा सदस्य श्री प्रदिप अधिकारी ज्यूको अध्यक्षताका स्थानिय विपद तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमाका लागि सूचना संकलन तथा छलफल कार्यक्रम २०८२ माथि छलफलमा निम्नानुसार व्यक्तिहरुको उपस्थितिमा विषय उपर छलफल गरी निर्णय गरियो।

उपस्थिती :
१) श्री प्रदिप अधिकारी संयोजक
२) श्री नरेन्द्र बहादुर महर्जन वडा अध्यक्ष
३) श्री अस्मिता खपलोटा वडा सदस्य
४) श्री अन्जु नेपाल " "
५) श्री सरिना रोका " "
६) श्री सजिता मुडभरी वडा सचिव
७ श्री राम रतन चौधरी बलम्बु स्वा.चौ. प्रमुख
८ श्री तेज कुमारी बाल्टोला
९) श्री स्वर्णिम पंजेनी
१०) किशोर [illegible] श्रेष्ठ
११) दिपेन्द्र गोले 9863037454
१२. चन्द्र देव भट्ट - रेड क्रस [illegible] समाज-च.न.पा. 9841119100
१३. लोकराज घिमिरे
१४. [illegible] कुमार श्रेष्ठ [illegible]
१५. दिवाकर [illegible] च.न.पा १२ वडा विपद व्यवस्था प. सदस्य
१६. कमल प्रसाद न्यौपाने श्री बलम्बु मा.वि. बलम्बु-१२ (शिक्षक)
१७. पुनिका तामाङ श्री बलम्बु मा.वि. बलम्बु-१२ (स्काउट)
१८. [illegible] थापा
१९ [illegible] चन्द्र ज्योति बोलेरो क्लब १२
२० राजिव [illegible] "
२१. सुकमा घिमिरे विपद व्यवस्थापन समिति
२२ [illegible] पन्त वडा विपद व्यवस्थापन समिति

आज मिति २०८२।२।१ गते चन्द्रागिरि नगरपालिका वडा नं. १६ टीनथाना वडा कार्यालय वडा विपद व्यवस्थापन समितिको संयोजक तथा वडा सदस्य आशिष महर्जन ज्यूको अध्यक्षतामा स्थानीय विपद तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमाको लागि सूचना संकलन तथा छलफल कार्यक्रम २०८२ सालमा छलफल निम्नानुसार व्यक्तिहरुको उपस्थितिमा विपद उपर छलफल गरी निर्णय गरियो।

उपस्थिति

१. श्री आशिष महर्जन संयोजक
२. श्री कृपाल खड्का वडा सदस्य
३. श्री महालक्ष्मी थापा सदस्य
४. श्री श्याम के.सी. ,,
५. श्री राम खड्का स्थानीय ,,
६. श्री शरद नेपाली स्वयंसेवक ,,
७. श्री शर्मिला खड्का ,,
८. श्री चुना घर्ती ,,
९. श्री बसन्त बस्नेत शिक्षक ,,
१०. श्री दिपक महर्जन ,,
११. श्री हरि शरण महत ,,
१२. श्री योगमाया योगी स्वास्थ्य ,,
१३. श्री दुर्गा देवी शर्मा सदस्य सचिव
१४. श्री स्काउटकर्मी सदस्य
१५. श्री पूर्ण दर्लामी - सहजकर्ता -

आज मिति २०८२।२।३ गते शुक्रवार च.न.पा वडा नं. ६ महादेवस्थानमा विपद व्यवस्थापन स्वयंसेवक समूहका संयोजक श्री भुवन कुमार के.सी. ज्यूको अध्यक्षतामा स्थानीय विपद तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा सूचना/डाटा संकलन तथा अन्तरक्रिया निम्न महानुभावहरुको उपस्थितिमा छलफल गरी निर्णय सम्पन्न भयो।

उपस्थिति

१ संयोजक श्री भुवन कुमार के.सी.
२ सदस्य शिवहरी खत्री
३ सदस्य राजेन्द्र विष्ट
४ सदस्य गोविन्द प्रसाद जबरेगी प्र.अ. प्रभात मा.वि. च.न.पा.-०६
५ ,, सरिता खत्री
६ ,, गौरी खड्का
७ ,, प्रदीप कुमार सिंह शाही ला.के.द.-६
८ ,, सुमित्रा पन्थी
९ ,, गोविन्द खनाल
१० ,, राम शरण महत च.न.६ वडा सदस्य
११ नमराज बानियाँ वडा सचिव
१२ हरि कुमार के.सी.
१३ राम प्रसाद रानामगर
१४ निरायन महत (महाकाल गा.स.)
१५ पूर्ण दर्लामी - प्राविधिक सहयोगी -

आज मिति २०८२ जेठ ६ गते विपद स्वंयसेवक
यूवो समितिको संरक्षक श्री नरेन्द्र राज श्रेष्ठ र
स्वयंसेवक यूवो संयोजक श्री लिंग बहादुर महर्जनको
संयोजकत्वमा बैठक बसियो।

उपस्थिती

| | | |
|---|---|---|
| संरक्षक | श्री नरेन्द्र राज श्रेष्ठ | |
| संयोजक | श्री लिंग बहादुर महर्जन | [signature] |
| सदस्य | श्री सुन्दरी श्रेष्ठ महर्जन | सुन्दरी |
| " | श्री दिपा श्रेष्ठ | |
| " | श्री माधव श्रेष्ठ | [signature] |
| " | श्री सुजल घिमाल | |
| " | श्री विमल श्रेष्ठ | |
| " | श्री अनुभव शाक्य | |
| " | श्री रेडिना [illegible] महर्जन | [signature] |
| " | श्री विश्व बहादुर विडारी | [signature] |
| " | श्री विवेक धर्याल | [signature] |
| आमन्त्रित सदस्य | श्री पूर्ण दर्नाल | [signature] |
| " " | श्री माधव खनाल | |
| | अर्जुन व. अधिकारी | [signature] |
| वडा सचिव | माधव खनाल | [signature] |

प्रस्ताव: स्थानिय विपद तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा
सुचना संकलन

निर्णय: माथिको प्रस्तावमाथि छलफल गर्दा [illegible] प्रदान गरियो

आज मिति २०८२।२।५ गते सोमवार च.न.पा. ९ दहचोक स्थित
श्रीकृष्ण मा.वि. को पुरानो भवनमा विपद व्यवस्थापन स्वंयसेवक
यूवोका संयोजक श्री केशव गिरी ज्यूको अध्यक्षता एवं चन्द्रागिरी
न.पा. कार्यालयबाट खटिई आउनु भएका विपद व्यवस्थापन विज्ञ श्री
पूर्ण दर्नाल (पुरन) को विशेष उपस्थिति तथा सहजीकरणमा "स्थानीय
विपद तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा" ~~[illegible]~~ विषयक
अन्तरक्रियात्मक कार्यक्रम निम्न अनुसारका उपस्थिति गर्दै सम्पन्न
सम्पन्न भयो।—

उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | संयोजक | श्री केशव गिरि | [signature] |
| २. | वडा सदस्य | श्री सुनिता येञ्जु | |
| ३. | यूवो सदस्य | श्री इन्दिरा सेढाई | Indira |
| ४. | " " | श्री इन्दिरा गिरी | [signature] |
| ५. | " " | श्री सावित्रा गिरी | [signature] |
| ६. | " " | श्री गिता गिरी | [signature] |
| ७. | " " | श्री वीरबल थापा | [signature] |
| ८. | " " | श्री लक्ष्मण दानी | [signature] |
| ९. | " " | श्री जीवनकुमार गिरी | [signature] |
| १०. | " " | श्री विनयकुमार गिरी थापा | [signature] |
| ११. | " " | श्री सुमन येञ्जु | [signature] |
| १२. | " " | श्री प्रमोद घिमिरे | |
| १३. | " " | श्री सुभाष गिरी | |
| १४. | " " | श्री राजु वर्ती | |
| १५. | " " | श्री संगीत आलेमगर | |
| १६. | " " | श्री गणेश कुमार श्रेष्ठ | |
| १७. | " " | श्री समिता डंगोल | |
| १८. | " " | श्री कविता सुवेदी | [signature] |

विशेष उपस्थिति
पूर्ण दर्नाल (पुरन) - विपद व्यवस्थापन विज्ञ - [signature]

आज मिति २०८२।२।८ गते बिहिबार च.न.पा वडा नं. ८ मातातीर्थमा विपद व्यवस्थापन स्वंयसेवक समूहका संयोजक श्री श्यामपति सुर्खेती ज्यूको अध्यक्षतामा विपद तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा डाटा संकलन तथा अन्तरक्रियामा निम्न महानुभावहरूको उपस्थिति मै छलफल सम्पन्न भयो ।

उपस्थिति

संयोजक श्री श्यामपति सुर्खेती

| | | | |
|---|---|---|---|
| १. | रुपा खनाल | वि.अ.हे.व. | मातातीर्थ स्वा.चौ. |
| २ | रत्न लाल श्रेष्ठ | न्यायिक समिती सदस्य | |
| ३ | सरिता कार्की | कार्यपालिका सदस्य | |
| ४ | निर्मला श्रेष्ठ | म.स्वा.स्व.से. | |
| ५. | पूर्ण खनाल | नेपाल क्रियटिभ हाउस | |

अज मिति २०८२ जेठ २० गते च.न.पा वडा नं. १० सतुङ्गल विपद व्यवस्थापन स्वंयसेवक समूहका संयोजक श्री शिव कुमार महर्जन ज्यूको अध्यक्षतामा स्थानीय विपद तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा, सूचना संकलन तथा अन्तरक्रिया निम्न महानुभावहरूको उपस्थितिमै सम्पन्न भयो ।

उपस्थिति:

१. संयोजक श्री शिव कुमार महर्जन (वडा अध्यक्ष)
२. वि.व्य.स.स. श्री पार्वती मिजार (वडा सदस्य)
३. श्री सिता महर्जन (वडा सदस्य)
४. श्री दिप्रेन्द्र ब. बस्नेत
५. श्री लक्ष्मण थापा (वडा सचिव)
६. श्री भद्रा अर्याल (वरिष्ठ अधिकृत)
७ श्री पूर्ण खनाल प्राविधिक सहयोगी
८ श्री मनोज कुमार महर्जन (वडा सदस्य)
श्री

आज मिति २०८२।२।०७ गते बुधवार च.न.पा. वडा नं. २ को वडा भवन कार्यालयमा विपद व्यवस्थापन स्वंयसेवक समूहका संयोजक श्री जय तामाङ ज्यूको अध्यक्षतामा एकल-चन्द्रागिरि न.पा. कार्यालयबाट खटाई आउनु भएका विपद व्यवस्थापन विज्ञ पूर्ण खनालको उपस्थितिमा तथा सहजिकरण "स्थानीय विपद तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा विषयक डाटा संकलन तथा अन्तरक्रियामा निम्न महानुभावहरूको उपस्थिति मै छलफल सम्पन्न भयो ।

उपस्थिति

संरक्षक - श्री लवराज सुवेदी - वडा अध्यक्ष
संयोजक - श्री जय तामाङ - वडा सदस्य
श्री ईश्वरी प्रसाद तिमल्सीना - वडा सचिव
श्री पूर्ण खनाल - प्राविधिक सहयोग -

आज मिति २०८२ साल बैशाख ३१ गते यस च.न.पा वडा नं ३ मा वडा स्तरीय विपद तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमाका लागि सूचना संकलन तथा छलफल कार्यक्रममा निम्नानुसार विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति

वडा अध्यक्ष - श्री दुर्गा लाल महर्जन
वडा स. तथा वि.व्यव.स.संयोजक - श्री राज कुमार पोखरेल
वडा सदस्य - सीता मगरात
प्राविधिक सहयोग - पूर्ण खनाल

आज मिति २०८२ जेठ २० गते च.न.पा. वडा नं. १३ पुरानो नैकाप विपद् व्यवस्थापन स्वयंसेवक समूहका संयोजक श्री श्री कृष्ण खत्री जूको अध्यक्षतामा स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा सूचना संकलन तथा अन्तरक्रिया निम्न महानुभावहरूको उपस्थितिमा हलफल मै सम्पन्न भयो।

उपस्थित

१. संयोजक श्री श्रीकृष्ण खत्री - वडा अध्यक्ष
२. श्री रेश्मा परियार वडा सदस्य
श्री दिपज्वाला क्षेत्री - प्राविधिक
श्री भद्रा अर्याल - आमन्त्रित
श्री पूर्ण दर्जि प्राविधिक सहयोगी

आज मिति २०८२ जेठ २० गते च.न.पा. वडा नं. १४ नैकाप विपद् व्यवस्थापन स्वयंसेवक समूहका संयोजक श्री राज भाई महर्जन जूको अध्यक्षतामा स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा सूचना संकलन तथा अन्तरक्रिया निम्न - महानुभावहरूको उपस्थितिमा हलफल मै सम्पन्न भयो।

उपस्थिति

१. संयोजक श्री राज भाई महर्जन - वडा अध्यक्ष
२ श्री चम्पा रोक्का - वडा सदस्य
३. श्री मिम ब. श्रेष्ठ - वडा सदस्य
४. श्री दिपक श्रेष्ठ - वडा सदस्य
आमन्त्रित श्री भद्रा अर्याल - वरिष्ठ अधिकृत
श्री पूर्ण दाहाल - प्राविधिक सहयोगी

आज मिति २०८२ जेठ २२ गते च.न.पा वडा नं. ६ मच्छेगाउँ विपद् व्यवस्थापन स्वयंसेवक समूहका संयोजक श्री अच्युत अधिकारी जूको अध्यक्षतामा स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा सूचना संकलन तथा अन्तरक्रिया निम्न महानुभावहरूको उपस्थितिमा हलफल मै सम्पन्न भयो।

उपस्थिति

१. संयोजक श्री अच्युत अधिकारी - वडा अध्यक्ष
२) रिन्जि लामा तिरुङ
३) ईश्वर थापा

आज मिति २०८२। वैशाख २८ गते वडा स्तरीय विपद् व्यवस्थापन समितिको आयोजनामा र प्राविधिक सहयोग नेपाल रेडक्रस सोसाइटीको सहयोग वडा चन्द्रागिरि नगरपालिका वडा नं. ४ को विपद् व्यवस्थापन अध्यक्ष श्री पृथ्वी बहादुर लामाको अध्यक्षतामा हलफल तथा उपस्थित गरियो।

उपस्थितिहरु

१. पृथ्वी ब. लामा - वि.व्य.स. संयोजक
२. मन्जय प्रकाश श्रेष्ठ - वडा सदस्य
३. कृष्ण कुमारी नेपाली - वडा सदस्य
३. सविना रोका - वडा सदस्य
४. रोहन कुमार - वि.व्य.स. सदस्य
५. जमुना सुवेदी - वि.व्या.स. सदस्य
६. मनोज खिरवडेल - वडा सचिव
७. पूर्ण दाहाल - सहजकर्ता

आज मिति २०८२ साल जेष्ठ ४ गते आइतवार का दिन विपद व्यवस्थापन समिति का संयोजक श्री संजय सिग्देल ज्यूको अध्यक्षतामा वडा स्वयंम सेवक ब्युरोका संयोजक को संयोजकत्व मा स्थानिय विपत तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा सम्बन्धी तपसिले बमोजिम को छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | वडा अध्यक्ष (संरक्षक) | संजय सिग्देल | |
| २. | वडा सदस्य (संयोजक) | लक्ष्मी थापा सुवेदी | |
| ३. | वडा सदस्य | शान्ता बलामी | |
| ४. | वडा सदस्य | कान्छि पहरी | कान्छी |
| ५. | वडा सदस्य | बिवेक ढकाल | |
| ६. | वडा सचिव | संजय लङ्कार | |
| ७. | वडा स्वास्थ्य चौकी प्रमुख | कृष्ण प्रसाद अधिकारी | |
| ८. | वडा कर्मचारी | यशोदा गिरी | यस |
| ९. | टोल बिकास समिती | हरिषचन्द्र चिलवाल | |
| १०. | वडा महिला समुह | मिना शर्मा | |
| ११. | प्राविधिक सपना सहयोगी | पूर्ण कार्की | |

आज मिति २०८०/०२/२५ गते आइतवार विहान ७:३० वजे च.न.पा. बैठक विपद व्यवस्थापन समितिका संयोजक श्री संजय सिदेलज्युको संयोजकत्वमा स्वयंसेवक समुह संयोजक सहित स्थानीय विपद तथा जलवायु उत्थानशील प्रस्तुती एवं मनसुनजन्य विपद सम्बन्धी बैठक तपशिलका पदाधिकारीज्यूहरुको उपस्थिती :

**चन्द्रागिरि नगरपालिका : तालिका नं. ३९**

| सि.न | नामथर | पद |
|---|---|---|
| १ | श्री संजय सिदेल | वा.तथा वि.व्य.स संयोजक |
| २ | श्री अच्यूत अधिकारी | वा.तथा वि.व्य.स सदस्य |
| ३ | श्री संगिता महर्जन | वा.तथा वि.व्य.स सदस्य |
| ४ | श्री लक्ष्मी थापा सुवेदी | वा.तथा वि.व्य.स सदस्य |
| ५ | श्रीराज कुमार गोपाली | वा.तथा वि.व्य.स सदस्य |
| ६ | श्री पुर्ण कुमारी वयलकोटी | वा.तथा वि.व्य.स सदस्य |
| ७ | श्री राम शरण महत | वा.तथा वि.व्य.स सदस्य |
| ८ | श्री समिन के.सी | वा.तथा वि.व्य.स सदस्य |
| ९ | श्री गमला भिजार | वा.तथा वि.व्य.स सदस्य |
| १० | श्रीअन्जित सापकोटा | वा.तथा वि.व्य.स सदस्य |
| ११ | श्री नारायण भुजेल | वा.तथा वि.व्य.स सदस्य |
| १२ | श्री श्रुती माली | वा.तथा वि.व्य.स सदस्य |
| १३ | श्री लवराम सुवेदी | वा.तथा वि.व्य.स सदस्य |
| १४ | श्री भद्रा अर्याल | वा.तथा वि.व्य.स सदस्य सचिव |
| १५ | केशव गिरी / सुनिता रोक्का | विपद् स्वयंसेवक समुह संयोजक/सदस्य वडा न. १ |
| १६ | जय तामाङ | वडा न. २ |
| १७ | पृथ्वी लामा | वडा न. ४ |
| १८ | महेन्द्र महर्जन | वडा न. ५ |
| १९ | भुवन कुमार के.सी. | वडा न. ७ |
| २० | स्वास्थानी सुखेंती | वडा न. ८ |
| २१ | समिन के.सी | वडा न. ९ |
| २२ | भेषनाथ उपाध्याय | वडा न. १० |
| २३ | सिंह बहादुर महर्जन | वडा न. ११ |
| २४ | प्रदिप अधिकारी | वडा न. १२ |
| २५ | राज कुमार बोगटी | वडा न. १३ |

| | | |
|---|---|---|
| २५ | दिपक श्रेष्ठ | वडा न. १४ |
| २७ | आशिष महर्जन | वडा न. १५ |
| २८ | पुर्ण दर्नाल | नेपाल क्रियटिभ हाउस, अनामनागर काठमाडौं |
| २९ | सीता पोखेल खनाल | अधिकृत च.न.पा |
| ३० | महेश्वरी महर्जन | का. स |

निर्णय नं १ : चन्द्रागिरि नगरपालिकाको विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा (Local Disaster and Climate Resilience Framework -LDCRF) को मस्यौदा प्रस्तुती माथी छलफल गरी नगरस्तरीय विपद् व्यवस्थापन समितिमा पठाउन सिफारिस गर्ने निणर्य गरियो ।

मिति २०८१/०२/३० गते शुक्रबार चन्द्रागिरि नगरपालिका नगरप्रमुख तथा नगरस्तरीय विपद् व्यवस्थापन समितिको संयोजक श्री घनश्याम गिरीको अध्यक्षतामा चन्द्रागिरि नगरपालिकाको विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा (Local Disaster and Climate Resilience Framework-LDCRF) को मस्यौदा प्रस्तुती र मौसमजन्य विपद् लगायत विविध विषयमा बैठक तपशिलको उपस्थितीमा गरियो ।

उपस्थिती:

**चन्द्रागिरि नगरपालिका : तालिका नं. ४०**

| क्र. स. | नामथर | कार्यालय/ठेगाना | पद | फोन नं. |
|---|---|---|---|---|
| १ | श्री घनश्याम गिरी | नगरप्रमुख | अध्यक्ष | ९८५१०५०८१६ |
| २ | श्री वसन्ती श्रेष्ठ | नगर उपप्रमुख | सदस्य | ९८४१४४८९१७ |
| ३ | श्री सुजनराज खनाल | नि. प्रमुख प्रशासकीय अधिकृत | सदस्य | ९८४१३६५८९६ |
| ४ | श्री घनश्याम लुइँटेल | सामाजिक विकास समिति संयोजक | सदस्य | ९८५१०१११८७ |
| ५ | श्री संजय सिग्देल | वातावरण तथा विपद् समिति संयोजक | सदस्य | ९८४१६३५८८८ |
| ७ | श्री राजेन्द्र महर्जन | पूर्वाधार विकास समिति संयोजक | सदस्य | ९८४१२२४०९६ |
| ८ | श्री प्रल्लाह रिजाल | आर्थिक विकास समिति संयोजक | सदस्य | ९८५१२०५२०० |
| ९ | श्री श्री कृष्ण खत्री | सुशासन समिति संयोजक | सदस्य | ९८४१४३४०३० |
| १० | श्री नरेन्दराज श्रेष्ठ | विधायन समिति संयोजक | सदस्य | ९८५१०४६६९४ |
| ११ | सेनानी बिज्ञान चवाली | नेपाली सेना सितापाईला | सदस्य | ९८५१२७६४१६ |
| १२ | प्र.नि. विवेक घले | प्रहरीबृत्त थानकोट | सदस्य | ९८५१२८४००९ |
| १३ | स.ई.ड रोशन घिमिरे | सशस्त्र प्रहरी निलवाराही गण | सदस्य | ९८५१२७३०३२ |
| १४ | श्री नविन महर्जन | नेपाली कांग्रेस | सदस्य | ९८५११११८८७ |
| १५ | श्री गीता पोखेल | नेकपा एमाले | सदस्य | ९८५१०८०६१६ |
| १६ | श्री देवकृष्ण महर्जन | नेकपा माओवादी | सदस्य | ९८५११२२५५० |
| १७ | श्री जनार्दन केसी | राष्ट्रिय स्वतन्त्र पार्टी | सदस्य | ९८४१३६६१५४ |
| १८ | श्री रामलाल श्रेष्ठ | स-प्र-वा- जसपा (हस्तलिखित) | सदस्य | ९८५१००६१७१ |
| १९ | श्री देव कुमार महर्जन | जसपा (हस्तलिखित) | सदस्य | ९८५११७९३८२ |

| | | | | |
|---|---|---|---|---|
| २० | श्री लय कु. गुप्ता | पूर्वाधार विकास प्रमुख | सदस्य | ९८५१११६६३३ |
| २१ | श्री ओम प्रकाश श्रेष्ठ | रेडक्रस | सदस्य | ९८४१३४६२३२ |
| २२ | श्री भद्रा अर्याल | वातावरण तथा विपद् | स. सचिव | ९८६०५५५०३९ |
| २३ | श्री कृष्ण प्रसाद खड्गी | नगर प्रबक्ता | च.न.पा. | ९८५१०४७३७५ |
| २४ | श्री हरिश्याम रानामगर | वडा नं १ वडा अध्यक्ष | च.न.पा. | |
| २५ | श्री लब्बुराम सुवेदी | कावा वडा अध्यक्ष वडा नं २ | च.न.पा. | ९८४३६२४१३४ |
| २६ | श्री दुर्गालाल महर्जन | वडा नं ३ वडा अध्यक्ष | च.न.पा. | |
| २७ | श्री शम्भु कुमार के सी | वडा नं ७ वडा अध्यक्ष | च.न.पा. | |
| २८ | श्री अच्युत अधिकारी | वडा नं ९ वडा अध्यक्ष | च.न.पा. | |
| २९ | श्री शिव कुमार महर्जन | वडा नं १० वडा अध्यक्ष | च.न.पा. | |
| ३० | श्री नुच्छे बहादुर महर्जन | वडा नं १२ वडा अध्यक्ष | च.न.पा. | |
| ३१ | श्री राजभाई महर्जन | वडा नं १४ वडा अध्यक्ष | च.न.पा. | |
| ३२ | लक्ष्मी खड्का | प्रहरी प्रभाग बलम्बु | | ९८५१२१७९६६ |
| ३३ | ज्योति गिरी | उप सभापति, देउराली | | ९८६११५९९५५ |
| ३४ | अनिता पौडेल | अधिकृत | च.न.पा. | ९८४९४४८८२५ |
| ३५ | लक्ष्मण श्रेष्ठ | प्रहरी प्रभाग नागढुंगा | बलम्बु | ९८४३२१२०१३ |
| ३६ | बालागोपा खत्री | जि.प्र.का.सचिव | चेकपोष्ट | ९८४०५०९९०१ |
| ३७ | नरेन्द्र केसी | प्र स नि | चनपा | ९८४९१५१३२२ |
| ३८ | शम्भु कुमार महतो | वं.अ.रखी.अ. | चनपा | ९८५११५०३४९ |
| ३९ | बिष्णु प्रसाद नेपाल | व. सप्रनि | सशस्त्र | ९८४१५२१८५९ |
| ४० | लाक्पा शेर्पा | अध्यक्ष | चनपा | ९८४९८२५०५९ |
| ४१ | राकेश वस्ती | AHC, पहरी प्रभात बलम्बु | | ९८४११५११६६२ |
| ४२ | राम प्रसाद पौडेल | AHC, प्रहरी प्रभात नागढुङ्गगा | | ९८४६१६९७९० |
| ४३ | संजीव ज्ञावाली | रु.प्र.अ.च.न.पा | | ९८४९५३९०९४ |
| ४४ | पुरन दर्नाल | नेपाल क्रियटिभ हाउस | | ९८४३९२७०८२ |
| ४५ | महेश्वरी महर्जन | का.स. | | ९८१०२५६१३३ |

मिति २०८२/०२/३० गते शुक्रबार चन्द्रागिरि नगरपालिका नगरप्रमुख तथा नगरस्तरीय विपद् व्यवस्थापन समितिको संयोजक श्री घनश्याम गिरी ज्यूको अध्यक्षतामा चन्द्रागिरि नगरपालिकाको विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा (Local Disaster and Climate Resilience Framework-LDCRF) को मस्यौदा प्रस्तुती र मौसमजन्य विपद् लगायत विविध विषयमा बैठकका प्रस्ताव तथा निर्णयहरू:

प्रस्ताव नं १ : चन्द्रागिरि नगरपालिकाको विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा (Local Disaster and Climate Resilience Framework- LDCRF) को मस्यौदा सम्बन्धमा ।

निर्णय नं १ : चन्द्रागिरि नगरपालिकाको विपद् तथा जलवायु उत्थानशील कार्य (Local Disaster and Climate Resilience FrameworK -LDCRF) को मस्यौदा प्रस्तुती माथी छलफल गर्दा उठेका विषय समेटी अनुमोदनका लागि कार्यपालिकामा पेश गर्न सिफारिस गरियो ।

## कार्यपालिका पदाधिकारीहरुको नामावली विवरण

### चन्द्रागिरि नगरपालिका : तालिका नं. ४१

| सि.नं. | नामावली | पद | मोवाइल नं. |
|---|---|---|---|
| १ | घनश्याम गिरी | नगर प्रमुख | ९८५१०५०८१६ |
| २ | वसन्त श्रेष्ठ | नगर उपप्रमुख | ९८४१४८८९१७ |
| ३ | हरिश्याम राना मगर | वडा नं. १ वडा अध्यक्ष | ९८५११९८४५९ |
| ४ | लवराम सुवेदी | वडा नं. २ का.वा. वडा अध्यक्ष | ९८४९४७२८३४ |
| ५ | दुर्गालाल महर्जन | वडा नं. ३ वडा अध्यक्ष | ९८५१२७३८०३ |
| ६ | कृष्ण प्रसाद खड्गी | वडा नं. ४ वडा अध्यक्ष | ९८५१०४७३७५ |
| ७ | राजेन्द्र महर्जन | वडा नं. ५ वडा अध्यक्ष | ९८४९२४०१८६ |
| ८ | संजय सिदेल | वडा नं. ६ वडा अध्यक्ष | ९८४१६३५८८८ |
| ९ | शम्भु कुमार के.सी. | वडा नं. ७ वडा अध्यक्ष | ९८५१२७३८०७ |
| १० | प्रल्हाद रिजाल | वडा नं. ८ वडा अध्यक्ष | ९८५१२०५२०० |
| ११ | अच्युत अधिकारी | वडा नं. ९ वडा अध्यक्ष | ९८५१०१९५१८ |
| १२ | शिवकुमार महर्जन | वडा नं. १० वडा अध्यक्ष | ९८५११९९१४६ |
| १३ | नरेन्द्रराज श्रेष्ठ | वडा नं. ११ वडा अध्यक्ष | ९८५१०४६६९४ |
| १४ | न्हुच्छे बहादुर महर्जन | वडा नं. १२ वडा अध्यक्ष | ९८५१०७६९३१ |
| १५ | श्रीकृष्ण खत्री | वडा नं. १३ वडा अध्यक्ष | ९८४१४३४०३० |
| १६ | राजभाई महर्जन | वडा नं. १४ वडा अध्यक्ष | ९८५१००५०६० |
| १७ | घनश्याम लुईंटेल | वडा नं. १५ वडा अध्यक्ष | ९८५१०१९१८७ |
| १८ | चन्द्र कुमारी गिरी (बस्नेत) | कार्यपालिका सदस्य | ९८४०१२२३०७ |
| १९ | संगीता महर्जन | कार्यपालिका सदस्य | ९८१८६२०३१३ |
| २० | उमा कुमारी थापा | कार्यपालिका सदस्य | ९८४९२७६९४७ |
| २१ | सबना कार्की | कार्यपालिका सदस्य | ९८६०९७२३४४ |
| २२ | अनिता अमात्य/श्रेष्ठ | कार्यपालिका सदस्य | ९८१८५१९११० |
| २३ | अस्मिता वयलकोटी | कार्यपालिका सदस्य | ९८५१३५७६०२ |
| २४ | निर्मला दुलाल (बोगटी) | कार्यपालिका सदस्य | ९८४१४९५५५५ |
| २५ | सानुकान्छा परियार | कार्यपालिका सदस्य | ९८४१२००३५० |

## शाखा प्रमुखहरूको सम्पर्क विवरण

### चन्द्रागिरि नगरपालिका : तालिका नं. ४२

| सि.नं. | शाखाको नाम | नामावली | पद | टेलिफोन नं. |
|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | सुरेन्द्र थापा मगर | उप-सचिव | ९८५१३५३२१३ |
| २ | शिक्षा, युवा तथा खेलकुद | सुजनराज खनाल | शिक्षा निर्देशक | ९८४१३६८८९६ |
| ३ | मानव संसाधन तथा आन्तरिक व्यवस्थापन (प्रशासन) शाखा | दामोदर रिजाल | शाखा अधिकृत | ९८४७६९२४१२ |
| ४ | ३.१ खरिद तथा जिन्सी व्यवस्थापन शाखा | श्रीथापा मगर | वरिष्ठ सहायक | ९८५११२०९१० |
| ५ | ३.२ पञ्जीकरण तथा सामाजिक सुरक्षा शाखा | नसिब श्रेष्ठ | सहायक | ९८४१६०६६११ |
| ६ | ३.३ नागरिक सहायता तथा अन्तर निकाय समन्वय उपशाखा | चाँडनी श्रेष्ठ | अधिकृत छैठौं | ९८४१६३४३६६ |
| ७ | ३.४ नगर प्रहरी बल | नरेन्द्र के.सी. | प्रहरी सहायक निरीक्षक | ९८४१९९४७२७ |
| ८ | महिला, बालबालिका, जेष्ठ नागरिक तथा समाज कल्याण शाखा | रश्मी श्रेष्ठ | वरिष्ठ महिला विकास अधिकृत | ९८६०३०१५७० |
| ९ | वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन शाखा | भद्रा अर्याल | वरिष्ठ शाखा अधिकृत | ९८६०५५५०३९ |
| १० | सूचना प्रविधि, तथ्यांक तथा अभिलेख व्यवस्थापन शाखा | नुमानन्द दमासे | वरिष्ठ शाखा अधिकृत | ९८५१३२२२१५ |
| ११ | स्थानीय पूर्वाधार विकास शाखा | लव कुमार गुप्ता | वरिष्ठ ईन्जिनियर | ९८५१११६६३३ |
| १२ | खानेपानी सेवा इकाई | राजेन्द्र राई | खा.पा.स.टे. | ९८५१३३४६६६ |
| १३ | सहरी योजना तथा विकास शाखा | लव कुमार गुप्ता | वरिष्ठ ईन्जिनियर | ९८५१११६६३३ |
| १४ | नक्सा व्यवस्थापन इकाई | रिवाज श्रेष्ठ | ईन्जिनियर | ९८४३३३५६७९ |
| १५ | आर्थिक प्रशासन | महेश दत्त भट्ट | लेखा अधिकृत | ९८५१३३२८३६ |
| १६ | जनस्वास्थ्य | शम्भु कुमार महतो | वरिष्ठ जनस्वास्थ्य अधिकृत | ९८५११४०३४५ |
| १७ | राजश्व प्रशासन शाखा | लक्ष्मी ढकाल | वरिष्ठ शाखा अधिकृत | ९८४७७०६०११ |
| १८ | आन्तरिक लेखापरीक्षण | रस्मी धिमाल | आ.ले.प./लेखा अधिकृत | ९८४५१०६९८१ |
| १९ | योजना, अनुगमन तथा मूल्यांकन शाखा | गीतादेवी शर्मा | शाखा अधिकृत | ९८४१६९७६०९ |
| २० | मातातीर्थ आयुर्वेद औषधालय | नारायण प्रसाद आचार्य | कविराज निरिक्षक | ९८५१०११००७ |
| २१ | उद्योग, वाणिज्य तथा व्यवसाय प्रवर्द्धन शाखा | राजु वहादुर खड्का | अधिकृत | ९८५१२०९२०६ |
| २२ | श्रम, रोजगार तथा सहकारी प्रवर्द्धन शाखा | वसन्त वहादुर के.सी. | शाखा अधिकृत | ९८४१७६३३९५ |
| २३ | पशुपन्छी विकास शाखा | डा. करन वहादुर कठायत | पशु विकास अधिकृत | ९८५११९७७८४ |

| | | | | |
|---|---|---|---|---|
| २४ | कृषि विकास विकास | रामप्रसाद न्यौपाने | सहायक वाली संरक्षण अधिकृत | ९८५१०७५७६२ |
| २५ | सम्पदा, संस्कृति तथा पर्यटन प्रवर्द्धन शाखा/भूमि व्यवस्थापन शाखा | निराजन मैनाली | शाखा अधिकृत | ९८६१३९१०४० |
| २६ | कानून तथा न्यायिक मामिला शाखा | चिरञ्जीवी खड्का | वरिष्ठ सहायक | ९८४१२६८८७८ |
| २७ | UNOPS प्रतिनिधि | पद्मा अर्याल | शहरी विकास विद् | ९८४९९८७५९२ |

## वडा अध्यक्ष र वडा कार्यालयहरुको विवरण

**चन्द्रागिरि नगरपालिका : तालिका नं. ४३**

| वडा नं. | अध्यक्षको नाम | मोबाइल नं. | वडा सचिवको नाम | मोबाइल नं. | कार्यालयको ठेगाना |
|---|---|---|---|---|---|
| १ | हरि श्याम राना मगर | ९८४११९८८४९ | रविन पोखरेल | ९८४६०३५२४६ | दहचोक |
| २ | चन्द्र कुमारी बस्नेत | ९८४१३३०९०७ | इश्वरी प्र. तिमिल्सिना | ९८४१३३४०२८ | बाडभञ्ज्याङ |
| ३ | दुर्गा लाल महर्जन | ९८५११२७३०३ | दिनेश महर्जन | ९८४१४४६३७२ | थानकोट |
| ४ | कृष्ण प्रसाद खड्गी | ९८५१०४७३७५ | मनोज कुमार सिग्देल | ९८५११२०९०२ | थानकोट |
| ५ | राजेन्द्र महर्जन | ९८४१२२४०९६ | रमिता भुसाल | ९८४१९३९९४६ | किसिपिडी |
| ६ | संजय सिग्देल | ९८४१६३५६८८ | सञ्जय तण्डुकार | ९८४१६३६८८६ | महादेवस्थान |
| ७ | शम्भु कुमार के.सी. | ९८५११२७३०७ | नमराज बानियाँ | ९८५११२०९०५ | महादेवस्थान |
| ८ | प्रल्हाद रिजाल | ९८५११०५२०० | मन्जु आचार्य | ९८४१९९९४८८ | मातातिर्थ |
| ९ | अच्युत अधिकारी | ९८५१०११९५९ | भवानी विष्ट | ९८४११३१४६२ | मच्छेगाउँ |
| १० | शिवकुमार महर्जन | ९८५११११९४६ | लक्ष्मण थापा | ९८१३३२४२४२ | सतुंगल |
| ११ | नरेन्द्रराज श्रेष्ठ | ९८५१०४६६९४ | माधव खनाल | ९८४१११८८३६ | सतुंगल |
| १२ | ल्हुत्से बहादुर महर्जन | ९८५१०७६९३१ | सजिता महङ्गरी | ९८५११८२२१९ | बलम्बु |
| १३ | श्रीकृष्ण खत्री | ९८४१४४४०३० | हरिहर विडारी | ९८४३२२०२५२ | पुरानो नैकाप |
| १४ | राजभाई महर्जन | ९८५१००५०६० | बिक्रम महर्जन | ९८४१४२१९४१ | नयाँ नैकाप |
| १५ | घनश्याम लुईटेल | ९८५१०११९८७ | दिपक कुमार उपाध्याय | ९८५१२०९२०३ | तीनथाना |

## वातावरण तथा विपद् समिति विवरण

**चन्द्रागिरि नगरपालिका : तालिका नं. ४४**

| सि.न. | नामथर | पद | मोबाइल नं |
|---|---|---|---|
| १ | श्री संजय सिग्देल | वा.तथा वि.व्य.स. संयोजक | ९८४१६३५८८८ |
| २ | श्री अच्यूत अधिकारी | वा.तथा वि.व्य.स सदस्य | ९८५१०१९५१८ |
| ३ | श्री संगिता महर्जन | वा.तथा वि.व्य.स सदस्य | ९८१८६२०३१३ |
| ४ | श्री लक्ष्मी थापा सुवेदी | वा.तथा वि.व्य.स सदस्य | ९८४१४६२७४८ |
| ५ | श्रीराज कुमार गोपाली | वा.तथा वि.व्य.स सदस्य | ९८४१६१९५३८ |
| ६ | श्री पूर्ण कुमारी बयलकोटी | वा.तथा वि.व्य.स सदस्य | ९८०३७०५२४७ |
| ७ | श्री राम शरण महत | वा.तथा वि.व्य.स सदस्य | ९८४१६७९६४० |
| ८ | श्री समिन के.सी | वा.तथा वि.व्य.स सदस्य | ९८४३४३४७६८ |
| ९ | श्री गमला मिजार | वा.तथा वि.व्य.स सदस्य | ९८१८२०९०३० |
| १० | श्रीअन्जित सापकोटा | वा.तथा वि.व्य.स सदस्य | ९८५११५६६५६ |
| ११ | श्री नारायण भुजेल | वा.तथा वि.व्य.स सदस्य | ९८५११०१२०५ |
| १२ | श्री श्रुती माली | वा.तथा वि.व्य.स सदस्य | ९८४११९७७२८ |
| १३ | श्री लवराम सुवेदी | वा.तथा वि.व्य.स सदस्य | ९८४४६२४८८३ |
| १४ | श्री भद्रा अर्याल | वा.तथा वि.व्य.स सदस्य सचिव | ९८६०५५५०३९ |

## आपतकालीन नम्बरहरू

**चन्द्रागिरि नगरपालिका : तालिका नं. ४५**

| उद्देश्य | टोल-फ्री नम्बर | सेवाको प्रकार |
|---|---|---|
| विपद् आपतकालीन हेल्पलाइन | ११४९ | विपद् |
| बाढी तथा पहिरो हेल्पलाइन | ११४१ | विपद् |
| बाढी तथा पहिरो जानकारी | ११५५ | विपद् |
| नेपाल विद्युत प्राधिकरण हेल्पलाइन | ११५० | सहयोग/उजुरी |
| नेपाल प्रहरी | १०० | सहयोग/उजुरी |
| दमकल | १०१ | आपतकालीन |
| एम्बुलेन्स सेवा | १०२ | आपतकालीन |
| ट्राफिक प्रहरी | १०३ | सहयोग/उजुरी |
| बालबालिका खोजतलास आपतकालीन नम्बर | १०४ | आपतकालीन |
| बालबालिका खोजतलास | १०९८ | आपतकालीन |
| महिला हेल्पलाइन | ११४५ | सहयोग/उजुरी |
| नेपाल रेड क्रस हटलाइन | ११३० | आपतकालीन |
| सशस्त्र प्रहरी बल सहयोग | १११४ | सहयोग/उजुरी |

## एम्बुलेन्स सेवाहरुको विवरण

**चन्द्रागिरि नगरपालिका : तालिका नं. ४६**

| क्र.सं | संस्थाको नाम | सम्पर्क ठेगाना | एम्बुलेन्स को बर्ग | सेवाको सुरुवात | सम्पर्क नं |
|---|---|---|---|---|---|
| १ | प्राथमिक अस्पताल थानकोट | वडा नं ४ | ख | २०७७ | ९८६०१२९८४४ |
| २ | दहचोक एम्बुलेन्स | वडा नं १ | क | २०७९ | ९८४३०५३१२८ |
| ३ | बाडभन्ज्याङ एम्बुलेन्स | वडा नं २ | क | २०७४ | ९८१३९५९५१५ |
| ४ | थानकोट स्वास्थ्य चौकी एम्बुलेन्स | वडा नं ३ | क | २०७८ | ९८४१३८३०५३ |
| ५ | हस्पिस थानकोट एम्बुलेन्स | वडा नं ०४ | क | २०७५ | ९८४१५३५४०२ |
| ६ | चन्द्रागिरि साकोस एम्बुलेन्स | वडा नं ७ | क | २०७६ | ९८४१२६३७७३ |
| ७ | बैकुष्ठधाम एम्बुलेन्स | वडा नं ८ | क | २०७३ | ९८४९९२०९०२ |
| ८ | ऊँ समाज अस्पताल एम्बुलेन्स | वडा नं ११ | क | २०७६ | ९८०८१७२९४४ |
| ९ | मिडपोईन्ट हस्पिटल एम्बुलेन्स | वडा नं ११ | ख | २०७९ | ९८६३३३०५५५ |
| १० | बागेश्वरी अस्पताल एम्बुलेन्स | वडा नं ११ | क | २०७५ | ९८६३३२१४४९ |
| ११ | भलाकुशा शहकारी एम्बुलेन्स | वडा नं ११ | क | २०७६ | ९८४१४८२७०४ |
| १२ | प्रतापसिहँ स्मृती प्रतिष्ठान एम्बुलेन्स | वडा नं १२ | क | २०७७ | ९८४९०११४७४ |
| १३ | नगरपालिकाको एम्बुलेन्स | | | | ९८४५६६२८२७ |
| १४ | नगरपालिकाको दमकल | | | | ९७६१७२१८३४ |

## सन्दर्भ सामग्रीहरू


### संविधान, ऐन तथा नियमावली

१. नेपालको संविधान
२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र नियमावली, २०७६
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
४. राष्ट्रिय भवन संहिता, २०७२

### राष्ट्रिय नीतिहरू

५. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण नीति, २०७५
६. जलवायु परिवर्तन नीति, २०७६
७. राष्ट्रिय भू-उपयोग नीति, २०१९
८. राष्ट्रिय वातावरण नीति, २०१९
९. राष्ट्रिय स्वास्थ्य नीति, २०१९
१०. सहरी स्वास्थ्य नीति, २०१५
११. राष्ट्रिय कृषि नीति, २००४
१२. राष्ट्रिय कृषि वन नीति, २०१९
१३. औद्योगिक नीति, २०१०
१४. वातावरण मैत्री सवारी साधन र यातायात नीति, २०१४

### राष्ट्रिय रणनीति तथा कार्ययोजनाहरू

१५. पन्ध्रौं योजना (आ.व. २०७६/७७-२०८०/८१)
१६. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना (२०१८-२०३०)
१७. राष्ट्रिय जलवायु परिवर्तन अनुकूलन योजना
१८. जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन राष्ट्रिय कार्यान्वयन योजना, २०२३
१९. राष्ट्रिय सहरी विकास रणनीति, २०१७
२०. कृषि विकास रणनीति (२०१५-२०३५)
२१. नेपाल सडक सुरक्षा कार्य योजना (२०१३-२०२०)
२२. काठमाडौं उपत्यका रणनीतिक विकास गुरु योजना (२०१५-२०३५)

### अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा कार्यढाँचा

२३. दिगो विकास लक्ष्यहरू
२४. विपद् जोखिम न्यूनीकरणका लागि सेन्दाई कार्यढाँचा (२०१५-२०३०)
२५. जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता

### प्रदेश तथा स्थानीय तहका दस्तावेजहरू

२६. प्रदेश तहका विपद् व्यवस्थापन ऐन तथा नीतिहरू
२७. प्रदेशको विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना
२८. सङ्घीय/प्रदेश मन्त्रालयको वार्षिक नीति, योजना र कार्यक्रम
२९. सहरी विकास योजना
३०. जोखिम संवेदनशील भू-उपयोग योजना

## परिशिष्ट-१

## जलवायु परिवर्तन अनुकूलनका उपायहरू

### (१) कृषि तथा खाद्य सुरक्षा

१. सुख्खा, खडेरी, डुवान सहन गर्न सक्ने स्थानीय बाली तथा तिनका प्रजातिहरू पहिचान गरी संरक्षण, विकास तथा प्रवर्द्धन गर्ने ।

२. प्रतिकूल मौसम र जलवायु परिवर्तन दबाब सहन सक्ने प्रजातिहरूको संरक्षण गर्न स्थानीयस्तरमा सामुदायिक बीउबिजन बैङ्क स्थापना गरी सञ्चालन गर्ने ।

३. प्रतिकूल मौसम र जलवायु परिवर्तनका कारण बालीनाली र बोट बिरुवाको उत्पादकत्व घट्ने र गुणस्तरमा आउने समस्यालाई समाधानको लागि उन्नत बीउ, बिरुवा पहिचान गरी संरक्षण, विकास तथा प्रवर्द्धन गर्ने ।

४. कृषियोग्य जमिनको जलवायुजन्य प्रकोप (बाढी, पहिरो) बाट हुने क्षयीकरण रोक्न आवश्यक प्रविधिहरू पहिचान गरी प्रवर्द्धन गर्ने । जस्तैः बायोइन्जिनियरिङ, नदी कटान नियन्त्रण, वृक्षारोपण ।

५. प्रतिकूल मौसम र जलवायु परिवर्तनका कारण बालीनालीमा लाग्ने रोग कीरा नियन्त्रण गर्ने एकीकृत रोग कीरा व्यवस्थापन, जैविक मल जस्ता स्थानीय परिवेश सुहाउँदा प्रविधि विकास गरी प्रवर्द्धन गर्ने ।

६. कृषि बालीको उत्पादकत्व घट्ने समस्या समाधानको लागि उपयुक्त बालीको पहिचान, छनौट तथा प्रवर्द्धन, कृषि जैविक विविधताको प्रवर्द्धन, बालीको विविधिकरण, बहुवर्षीय बालीको प्रयोग जस्ता असल अभ्यासलाई बढावा दिने ।

७. "एक घर एक बगैंचा र करेसाबारी" को अवधारणा मार्फत जैविक विविधताको प्रवर्द्धन र खाद्य तथा पौष्टिक सुरक्षा प्रवर्द्धन गर्ने ।

८. नदी प्रभावित जमिनमा माटो सुहाउँदो बाली लगाउने । जस्तैः नदीको किनारमा बगर खेती गर्ने, आयमूलक कृषि (वन प्रजाति रोप्ने) गर्ने ।

९. कृषि जमिनमा सिँचाइको समस्या समाधानको लागि सरल थोपा सिँचाइ, नियन्त्रित सौर्यऊर्जा, सिँचाइ प्रविधि, विविध पानी प्रयोग गर्ने विधि लगायतका प्रविधिलाई प्रवर्द्धन गर्ने । त्यस्तै वर्षाको पानी सङ्कलन गर्ने प्रविधि प्रचार प्रसार गर्ने ।

१०. माटोमा चिस्यान कायम राख्न मल्चीङ प्रविधिलाई प्रवर्द्धन गर्ने । ११. प्राङ्गारिक मल तथा कम्पोस्ट मलको प्रयोगलाई प्रवर्द्धन गर्ने ।

१२. कृषि क्षेत्रमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण तथा अनुकूलन हुन सहजीकरण गर्ने र कृषिसँग सम्बन्धित जलवायु पूर्वसूचना प्रणाली (Early Warning System) स्थापना गरी कृषक ससससमुदायहरूलाई सूचना प्रवाह गर्ने ।

१३. स्थानीय र कृषक समूह स्तरमा कृषि सूचना प्रणाली (जस्तैः मौसमी पात्रो) स्थापना गरी कृषक ससससमुदायबीच सूचना प्रवाह गर्ने ।

१४. पशुपक्षीमा प्रतिकूल मौसम र जलवायु परिवर्तनका कारण लाग्ने रोग नियन्त्रण गर्न उपयुक्त प्रविधिहरू पहिचान गरी प्रवर्द्धन गर्ने ।

१५. गरिब, भूमिहीन र सङ्कटासन्न घरधुरीको अनुकूलनका लागि वैकल्पिक आय आर्जन र जीविकोपार्जनका उपायहरू पहिचान गरी प्रवर्द्धन गर्ने ।

१६. प्रतिकूल मौसम र जलवायु परिवर्तनका कारण उत्पादित वस्तुमा पर्ने असर कम गर्न आवश्यक उपायहरू पहिचान गरी प्रवर्द्धन गर्ने ।

१७. कृषि र पशुपक्षी बिमा लागु गरी कृषकहरूको जोखिम न्यूनीकरण र अनुकूलन क्षमता बढाउने ।

१८. जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनको प्रभावकारिताको लागि कृषक पाठशला सञ्चालन गरी सूचना, ज्ञान र सीपको आदानप्रदान गर्ने ।

१९. जलवायुमैत्री परम्परागत र स्थानीय प्रविधि तथा अभ्यासलाई प्रवर्द्धन गर्ने, जस्तैः अन्न भण्डारका लागि प्रयोग गरिएको प्रविधि, बीउ उमार्ने प्रविधि, अग्लो नर्सरी व्याड, बीउ उमार्ने र बालीनाली लगाउने समयमा परिवर्तन । बाली विविधिकरणमा जोड दिने ।

## (२) वन, जैविक विविधता तथा जलाधार संरक्षण

१. रोगव्याधि, खडेरी आदिको दबाब सहन सक्ने वन प्रजातिहरूको पहिचान गरी तिनीहरूको संरक्षण गर्ने गरी स्थानीय स्तरमा कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

२. जलवायु परिवर्तनको जोखिममा रहेका वन, वन्यजन्तु एवम् सिमसार क्षेत्रहरूको व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

३. जलवायु परिवर्तनका कारण सङ्कटासन्न र जोखिममा रहेका लोपोन्मुख प्रजातिहरूको संरक्षणको लागि स्थानीय र सामुदायिक स्तरमा नर्सरी र जिन बैङ्क स्थापना गर्ने ।

४. प्राकृतिक स्रोतमा आश्रित गरिब, विपन्न, महिला तथा सङ्कटासन्न घरधुरी र ससमुदायका लागि अनुकूलन क्षमता बढाउने वैकल्पिक आय आर्जनका उपायहरू पहिचान गरी प्रवर्द्धन गर्ने ।

५. जलवायुजन्य जोखिमबाट प्रभावित भिरालो तथा हैसियत कम भएको वन क्षेत्र र नदी उकास जमिनमा कृषि वन विकास गर्ने र सङ्कटासन्न घरधुरी र ससमुदाय केन्द्रित कार्यक्रम पहिचान गरी प्रवर्द्धन गर्ने जस्तैः भिरालो जमिनमा गह्रा सुधार तथा उपयुक्त खेती प्रणाली, साल्ट प्रविधि, एकीकृत कृषि वन अवलम्बन गर्ने ।

६. भूस्खलन तथा भूक्षय रोक्न गरिने गल्छी निर्माण, वृक्षारोपण र चरिचरण नियन्त्रण गर्ने ।

७. एकीकृत जलाधार व्यवस्थापनमा ससमुदायको सहभागिता सुनिश्चित गर्दै स्थानीय ससमुदायको अनुकूलन क्षमता वृद्धि गर्ने ।

८. वनमा लाग्ने रोग तथा कीरा, खडेरी तथा मिचाहा प्रजातिको प्रकोप न्यूनीकरण र व्यवस्थापन गर्न स्थानीय स्तरमा योजना बनाई कार्यान्वयन गर्ने ।

९. वन डढेलो न्यूनीकरण र व्यवस्थापन गर्न स्थानीय स्तरमा योजना बनाई कार्यान्वयन गर्ने । साथै यस सम्बन्धी स्थानीयस्तरमा क्षमता अभिवृद्धि गर्ने ।

१०. स्थानीय स्तरमा पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन कार्यक्रमबाट प्राप्त वातावरणीय सेवाको भुक्तानी प्रणालीको विकास गरी कार्यान्वयन गर्ने ।

## (३) जल तथा उर्जा

१. जलवायु परिवर्तनले पानीको उपलब्धता र पहुँचमा पार्ने असरलाई दृष्टिगत गर्दै स्थानीय स्तरमा वर्षातको पानी सोस्न र भूमिगत जल पुनर्भरणका लागि गरिने कुलेसा, पोखरी निर्माण, पानी सङ्कलन र भण्डारण गर्ने । जस्तैः पानीको सङ्कलन र समुचित व्यवस्थापनको लागि पानी घट्ट, प्लास्टिक पोखरी, पोखरी, तलाउ र सूक्ष्म जलाशयहरू निर्माण गरी प्रवर्द्धन गर्ने र लोप भएका पोखरीहरूको पुनःस्थापना गर्ने ।

२. खानेपानीका मुहानहरू संरक्षण तथा वैकल्पिक पानीको स्रोतको पहिचान गरी पानीको उपलब्धता र पहुँचमा स्थानीय सससमुदायको अधिकार सुनिश्चित गर्ने ।

३. सिँचाइ र पानीको वितरणमा हुने जोखिम न्यूनीकरण गर्ने स्थानीय स्तरमा उपयुक्त मापदण्ड तथा प्रविधिको विकास गरी कार्यान्वयन गर्ने ।

४. सससमुदायस्तरमा सञ्चालित सिँचाइ कुलो, पोखरी, साना ताल तलैया र तलाउहरूको संरक्षण गर्ने ।

५. हरेक घरमा स्वच्छ ऊर्जाको पहुँच विस्तारका लागि स्थानीय र सससमुदाय स्तरमा लघु जलविद्युत्, सौर्य ऊर्जा, बायोग्याँस, पानी घट्ट, वायु ऊर्जा, बायो ब्रिकेट, सुधारिएको चुलो लगायतका प्रविधि पहिचान गरी प्रवर्द्धन गर्ने र यस्ता प्रविधिमा विपन्न वर्गको पहुँचका लागि अनुदानको व्यवस्था गर्ने ।

६. नदी किनाराका गह्वा - सदा हराभरा भन्ने नाराका साथ पहाडी क्षेत्रका नदी छेउछाउमा अवस्थित कृषियोग्य जमिनमा सौर्य ऊर्जा समेत उपयोग गरी लिफ्ट सिँचाइ आयोजनालाई अभियानकै रूपमा सञ्चालन गर्ने ।

## (४) स्वास्थ्य, खानेपानी तथा सरसफाई

१. जलवायु परिवर्तनबाट सृजित रोगवाहक कीटाणु तथा संक्रामक रोगको महामारीको बारेमा स्थानीय सससमुदाय र सरोकारवालालाई सुसूचीत गर्ने ।

२. तातो हावा (लु), शितलहर, अति गर्मी र अति जाडोबाट हुने जलवायुजन्य स्वास्थ्य सम्बन्धी समस्याबाट बच्न र यसको समाधानको लागि स्थानीय स्तरमा जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्ने ।

३. जलवायु परिवर्तनबाट सृजित रोगवाहक कीटाणु तथा संक्रामक रोगको महामारी फैलिन नदिन स्थानीय र सससमुदाय स्तरमा पूर्वतयारी आवश्यक संयन्त्रको विकास गरी कार्यान्वयन गर्ने ।

४. संक्रामक रोगको नियन्त्रणको लागि स्थानीय संरचनाहरू जस्तैः हेल्थ पोस्ट र स्थानीय अस्पतालको सेवा सुविधालाई सुधार गर्ने ।

५. घरेलु तथा होटल व्यवसाय र अस्पतालहरूबाट निस्कने फोहरमैलाको स्रोतमा वर्गीकरण गरी सफा ऊर्जा उत्पादन गर्न प्रोत्साहन गर्ने ।

६. घरभित्र हुने धुँवा र यसबाट हुने असरलाई न्यूनीकरण गर्न उपयुक्त प्रविधिलाई प्रोत्साहन गर्ने जस्तैः सुधारिएको चुलोको प्रर्वद्धन ।

७. स्थानीय विद्यालय र शैक्षिक संस्थाहरूमा जलवायु परिवर्तनको कारण स्वास्थ्य तथा सरसफाइमा पर्ने असरको बारेमा जनचेतना अभिवृद्धि गर्ने ।

### (५) स्थानीय ग्रामीण तथा सहरी बस्ती

१. स्थानीय तह स्तरीय भूउपयोग योजना तर्जुमा गर्दा जलवायु परिवर्तनका जोखिमहरूको आधारमा वन, कृषि, बस्ती तथा औद्योगिक क्षेत्र लगायतका क्षेत्रहरूको निर्धारण गर्ने ।

२. एक गाँउ एक वातावरण र जलवायुमैत्री हरित सडक, जलवायु उत्थानशील खानेपानी, ढल निकास, विद्युत् र दूरसञ्चार, एक गाँउ १० पानी सङ्कलन पोखरी र एक गाँउ एक पूर्वसूचना प्रणाली केन्द्र लगायतका संरचना विकास गरी कार्यान्वयन गर्ने ।

३. अव्यवस्थित सहरी तथा ग्रामीण बस्तीहरू एवम् जलवायुजन्य जोखिम क्षेत्रमा बसोवास गरेका घरपरिवार र ससससमुदायमा पर्ने जलवायु परिवर्तनका प्रतिकूल असरहरू न्यूनीकरण गर्न अनुकूलन कार्यक्रमहरू सञ्चालन गर्ने ।

४. ग्रामीण र सहरी बस्ती पूर्वाधार एवम् घरका संरचनाहरूको डिजाईन र निर्माण गर्दा जलवायु परिवर्तनका जोखिमहरूलाई दृष्टिगत गरी अनुकूलनका प्रविधिहरू अनुसरण गर्ने । जस्तैः हरेक घरमा पानी सङ्कलन र सडकको दाँया बाँया पानी निकास गर्ने प्रविधि ।

५. हरित बस्तीको अवधारणा अनुसरण गर्दै सडक किनारा र खाली रहेका जमिनमा वृक्षरोपणका साथै उद्यानहरू निर्माण गर्ने ।

### (६) जलवायुजन्य प्रकोप न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापन

#### १. प्रकोपजन्य मौसमी घटनाहरूको पूर्वानुमान र पूर्वतयारी

- मौसम पूर्वानुमानमा पहुँच र विषम मौसमी अवस्था (खडेरी, अति गर्मी, शीत लहर आदि) तथा घटनाहरू (लु - तातो हावा, आँधीबेहेरी, चट्याङ, असिना, अतिवृष्टि आदि) का बारेमा सचेतना जगाउने ।
- पूर्वसूचना तथा चेतावनी प्रणालीको स्थानीय संयन्त्र स्थापना र सञ्चालन गर्ने ।
- सुरक्षित आश्रयस्थल, आकस्मिक उद्दार तथा उपचार सेवा जस्ता विपद् प्रतिकार्यको पूर्वतयारी र कार्यान्वयन गर्ने ।
- घर, खेतबारी वरिपरि आँधीहुरी छेक्न सक्ने रूख प्रजातीका वृक्ष हुर्काउने र उचित व्यवस्थापन गर्ने ।

#### २. प्रकोप जोखिम न्यूनीकरण सम्बन्धित कामहरू वा रणनीतिहरू

- घर तथा सार्वजनिक सेवाका भवनहरूमा (विद्यालय, अस्पताल, किनमेल केन्द्र, कार्यालय आदि) चट्याङ पार गराउने प्रविधि र रड प्रयोग गर्ने ।बाढी, पहिरोका जोखिमयुक्त ठाउँहरूको पहिचान गरी जोखिममा रहेकालाई अन्यत्र सार्ने ।
- जोखिमवाट बच्न सुरक्षित स्थानको व्यवस्था गर्ने तथा आवश्यकता अनुसार सुरक्षित सामुदायिक भवन निर्माण गर्ने ।
- बाढी तथा पहिराको रोकथाम गर्न सबै संरचनात्मक तथा गैरसंरचनात्मक उपायहरू अवलम्बन गर्ने ।
- सडक, पुल, नाली, खानेपानी, सिँचाइ तथा अन्य भौतिक संरचना डिजाइन र निर्माणमा भविष्यमा हुन सक्ने उच्च तापक्रम र त्यसको असर, अति वर्षा र त्यसको असर साथै अन्य मौसमी दबाबहरूको मात्रा आँकलन गरी उपयुक्त प्रतिरोध क्षमता राखी डिजाइन र निर्माण गर्ने, ती संरचनाहरूको स्तर र मापदण्ड निर्धारण गर्ने ।

- जलवायुजन्य प्रकोपहरूबाट हुने क्षतिबाट पुनरुत्थानका लागि अति सङ्कटासन्न र जोखिममा रहेका व्यक्ति र परिवारहरूको सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने ।
- जलवायुजन्य जोखिम क्षेत्रमा काम गर्नेहरूको जीवन बिमाका साथै जलवायुजन्य जोखिमका कारण क्षति हुन सक्ने सम्पत्तिको पनि बिमा गर्ने ।

**३. अन्य**

- प्रकोप कम गर्न तथा विपद्को सामना गर्न आवश्यक ऐन, नीति नियम र योजनाहरू बनाउने ।
- आपत्कालीन अवस्थामा गर्नुपर्ने वा नपर्ने कामहरू, विधि र प्रक्रियाहरू तर्जुमा गरी लागु गर्ने ।
- आवश्यक कर्मचारी, साधन स्रोत व्यवस्था गर्ने, तालिम तथा फिल्ड अभ्यास गराउने ।
- हरेक विकास योजना जलवायुमैत्री भए वा नभएको जाँच गर्न व्यवस्था गरी, विधि र प्रक्रिया

निर्धारण गर्ने ।

## (७) उद्योग, यातायात तथा भौतिक पूर्वाधार

१. स्थानीय तहमा स्थापना भई सञ्चालनमा आएका उद्योग, यातायात र भौतिक पूर्वाधारमा किफायती ऊर्जा प्रविधि र विद्युतीय ऊर्जाको प्रयोगलाई प्रवर्द्धन गर्ने ।

२. भौतिक पूर्वाधारको डिजाईन, विकास र रेखदेख गर्दा अनुकूलनका उपायहरू अनुसरण गर्ने ।

३. सार्वजनिक यातायातलाई बढावा दिँदै, साइकलको प्रयोग एवम् विद्युतीय र जैविक ऊर्जामा आधारित यातायातको प्रयोगलाई विस्तार गर्ने ।

४. भौतिक पूर्वाधार निर्माण तथा बस्ती विकास गर्दा विपद् बाट सुरक्षित हुने स्थान छनौट गर्ने ।

५. ग्रामीण सडक सञ्जाल विस्तारमा सङ्कटासन्न ससससमुदायका बासिन्दाहरूको (आधारभूत सेवा केन्द्रहरू, स्वास्थ्य चौकी, विद्यालय, कृषि सेवाकेन्द्र जस्ता ठाँउ लगायत स्थानीय बजारसम्मको)

६. सहज आवागमनलाई ध्यानमा राखी शाखा सडकहरू, गोरेटो सुधार, पुल पुलेसा निर्माण तथा वर्षातको पानी निकासको उचित व्यवस्थालाई सुनिश्चित गर्ने ।

## (८) पर्यटन एवम् प्राकृतिक तथा सांस्कृतिक सम्पदा

१. स्थानीय तहमा पर्यटन क्षेत्रलाई वातावरण र जलवायुमैत्री बनाउन आवश्यक कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।

२. संवेदनशील एवम् जलवायु सङ्कटासन्न र जोखिममा रहेका पर्यटनस्थल र सांस्कृतिक सम्पदाको पहिचान गरी त्यस्ता क्षेत्रहरूको स्थानीय ससससमुदाय र संघसंस्थाको सक्रिय सहभागितामा संरक्षण र व्यवस्थापन गर्ने ।

३. पर्यटन व्यवसायमा संलग्न महिला तथा सङ्कटासन्न ससससमुदायका लागि विशेष सहुलियतका कार्यक्रमहरू निर्धारण गर्ने ।

४. जलवायु सङ्कटासन्न र जोखिममा रहेका घरधुरी र ससससमुदाय केन्द्रित पर्यटनमा आधारित रोजगारीका कार्यक्रमहरू सञ्चालन गर्ने ।

५. पर्यटन क्षेत्रबाट सिर्जित फोहोर मैला एवम् प्रदुषणलाई नियन्त्रण र व्यवस्थित गर्न आवश्यक मापदण्ड बनाई नियमनकारी व्यवस्था गर्ने ।

६. पर्यटन व्यवसायलाई भरपर्दो, सुरक्षित बनाउनको लागि पूर्वसूचना तथा चेतावनी प्रणालीको स्थानीय संयन्त्र स्थापना र सञ्चालन गर्ने ।

७. जलवायु अनुकूलन र जोखिम न्यूनीकरण सम्बन्धी स्थानीय साँस्कृतिक ज्ञान र महत्वका बारेमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

## (९) लैङ्गिक समानता तथा सामाजिक समावेशिता, जीविकोपार्जन र सुशासन

१. स्थानीय स्तरमा जलवायु परिवर्तनको असर र जोखिम सम्बन्धमा जनचेतना अभिवृद्धि तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दा महिला सहभागिता सुनिश्चित गर्ने ।

२. सङ्कटासन्नता र जोखिम विश्लेषण गर्दा लैङ्गिक तथा सामाजिक समावेशितालाई मुख्य आधार बनाउने ।

३. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूबाट जोखिममा परेका महिला र सङ्कटासन्न व्यक्तिहरू लक्षित गरी जलवायु उत्थानशील जीविकोपार्जन र रोजगारीका कार्यक्रमहरू सञ्चालन गर्ने ।

४. जलवायुमैत्री प्रविधि, ज्ञान र सूचनामा महिला र सङ्कटासन्न समूहहरूको पहुँच अभिवृद्धि गर्ने ।

५. स्थानीय स्तरमा र ससससमुदाय केन्द्रित पूर्वसूचना प्रणाली विकास गरी महिलाहरूको सहभागिता वृद्धि गर्ने ।

६. जोखिम न्यूनीकरणका लागि स्थानीय र ससससमुदाय स्तरमा दक्ष महिला जनशक्ति तयार गर्नका लागि सीपमूलक तालिम सञ्चालन गर्ने ।

७. सुरक्षित आश्रयस्थल, आकस्मिक उद्दार तथा उपचार सेवा जस्ता विपद् प्रतिरोधात्मक कार्यको पूर्वतयारी र कार्यान्वयन गर्दा महिला, बालबालिका, ज्येष्ठ नागरिक र सङ्कटासन्न व्यक्तिहरूको सहभागिता सुनिश्चित गर्ने ।

८. स्थानीय स्तरमा अनुकूलन र जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गर्दा पारदर्शिता र सुशासनका अभ्यासहरूलाई अनुसरण गर्ने ।

## (१०) जनचेतना अभिवृद्धि तथा क्षमता विकास

१. स्थानीय तहमा जलवायु परिवर्तनको असर र जोखिम न्यूनीकरण एवम् अनुकूलनका उपायहरूबारे ससससमुदाय स्तरमा स्थानीय भाषामा प्रचार प्रसार गर्ने ।

२. जलवायु परिवर्तनलाई स्थानीय तहमा औपचारिक तथा अनौपचारिक शैक्षिक पाठ्यक्रमहरूमा समावेश गर्ने ।

३. विभिन्न लक्षित समूहको लागि उपयुक्त हुने तथ्याङ्क, सूचना, सिकाइ तथा असल अभ्यास सहितका ज्ञानमूलक सामग्रीहरू तयार गरी वितरण गर्ने ।

४. स्थानीय स्तरमा जनचेतना अभिवृद्धि तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरू स्थानीय सरकार, गैरसरकारी संस्था एवम् नागरिक समाजको सहभागितामा सञ्चालन गर्ने ।

कृतज्ञता ज्ञापन

**समन्वय तथा मस्यौदा परामर्श**

भद्रा अर्याल, वरिष्ठ शाखा अधिकृत, चन्द्रागिरि नगरपालिका

सारदा बस्याल, नेपाल क्रियटिभ हाउस

**सुझाव, सल्लाह**

घनश्याम गिरी, प्रमुख, चन्द्रागिरि नगरपालिका

बसन्ती श्रेष्ठ, उपप्रमुख चन्द्रागिरि नगरपालिका

सुरेन्द्र थापा मगर, प्रमुख प्रशासकीय अधिकृत, चन्द्रागिरि नगरपालिका

**भाषा सम्पादन/मस्यौदा लेखन तथा तथ्याङ्क व्यवस्थापन**

पूर्ण दर्नाल, नेपाल क्रियटिभ हाउस

**जिआईएस नक्सा व्यवस्थापन**

प्रवेश धिमिरे, जाइका

नरेश श्रेष्ठ, जाइका

मासातो आकासी, जाइका

चन्द्रागिरी नगरपालिका कार्यालय

चन्द्रागिरि नगरपालिका

बलम्वु, काठमाडौं

फोन : +९७७-०१-४३१५७६६

इमेल : chandragirimun@gmail.com

वेबसाइट : https://chandragirimun.gov.np/ne